




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ०१-४२६११७९

एक्सटेन्सन: ११३ ९ बजेदेखि ६ बजेसम्म)



आइतबार, माघ २१, २०७४ | Sunday, February 4, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लागा ४ | वर्ष २४, अंक २५ | पृष्ठ १२ | मूल्य रू १०/–





## अध्यक्षमै कुरो मिलेन

# सरकार गठनपछि मात्रै पार्टी एकता

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा एमाले र नेकपा माओवादीबीच पार्टी एकता प्रक्रिया लम्बिने भएको छ। पार्टी एकतापछि बन्ने एकीकृत पार्टीको पद बाँडफाँडमा एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच सहमति जुट्न नसक्दा एकता प्रक्रिया लम्बिएको छ।

नयाँ सरकार गठन भएपछि मात्र पार्टी एकताको प्रक्रिया अगाडि बढ्ने एमालेका एक नेताले बताए। 'राष्ट्रियसभाको निर्वाचन, प्रदेशसभाको सरकार गठनसँगै अब नयाँ सरकार गठनको गृहकार्यमा लाग्नुपर्ने भएकाले दुवै दलको ध्यान अब नयाँ सरकार गठनमा केन्द्रित हुन्छ।' -ती नेताले *नेपाल समाचारपत्र*सँग भने।

निर्वाचनलगत्तै पार्टी एकता गर्ने घोषणा गरेका एमाले र माओवादीका बीचमा पटक-पटक छलफल र वार्ता भए पनि सहमतिको टुंगो लाग्न सकेको छैन। माओवादी केन्द्रले नयाँ सरकार गठनअघि नै पार्टी एकता गर्नुपर्नेमा जोड दिँदै आएको छ भने एमाले सरकार गठन र पार्टी एकता प्रक्रिया एकसाथ अगाडि बढाउने नीतिमा रहेको छ।

सरकार गठनअघि नै पार्टी एकता गर्न माओवादीले दबाब दिए पनि एमालेले भने पर्ख र हेरको रणनीति लिएको छ। ओली र प्रचण्डका बीचमा नै पद बाँडफाँडमा कुरा मिल्न नसकेपछि एकताको प्रक्रिया अगाडि बढ्न सकेको छैन।

राष्ट्रियसभाको सदस्य र प्रदेशसभाको मुख्यमन्त्री, सभामुखमा पद बाँडफाँड गर्नका लागि कार्यदल गठनमार्फत टुंगो लगाए पनि पार्टी एकताका लागि गठन गर्न भनिएको वैचारिक सैद्धान्तिक र संगठनात्मक दुईवटा कार्यदल गठन हुन सकेको छैन।

> राष्ट्रियसभा निर्वाचन, प्रदेशसभा सरकार गठनसँगै अब नयाँ सरकार गठनको गृहकार्यमा लाग्नुपर्ने भएकाले दुवै दलको ध्यान त्यसतर्फ गएको छ।

सहमति निर्माणका लागि ओली र प्रचण्डबीच पटक-पटक वान टु वान वार्ता भए पनि अध्यक्षकै विषयमा सहमति जुट्न नसकेको एमालेका एक नेताले बताए। उनले भने- 'पार्टी एकता हतारमा गर्ने विषय होइन, पर्याप्त गृहकार्य गरेर मात्र काम गर्नुपर्छ, पद बाँडफाँडमा केही कठिनाइ छ, अध्यक्ष तहमा मिलेपछि तल समस्या धेरै समस्या छैन।'

पार्टी एकता प्रक्रियालाई अगाडि बढाउन पार्टी एकता संयोजक समितिको बैठक बसे पनि ओली र प्रचण्डबीच नै मुख्य पद बाँडफाँडमा कुरा मिल्न नसक्दा थप प्रक्रिया अगाडि बढन सकेको छैन।

एकता संयोजक समितिको बैठकमा ओली र प्रचण्डले नै थप गृहकार्य गर्नुपर्ने आवश्यकता रहेको बताए पनि एकता संयोजक समितिको बैठक अनिश्चित बनेको छ। शुक्रबार पनि ओली र प्रचण्डबीच संवाद हुन सकेन।

पटक-पटकको छलफलमा एउटै अडान दोहोरिँदा विकल्पका बारेमा पनि ओली र प्रचण्डले अन्तरिक गृहकार्य गरिरहेको बताइएको छ। नेता र कायकर्तास्तरबाट पार्टी एकताको विषयमा अलमल भइरहेको विषयमा चिन्ता शुरू भए पनि ओली र प्रचण्डबीच नै कुरा मिल्न सकेको छैन। प्रचण्डले एकतापछि बन्ने एकीकृत पार्टीको सह-अध्यक्ष स्वीकार गर्ने हो भने पार्टी एकता प्रक्रिया सहजरूपमा अगाडि बढ्ने निष्कर्ष एमालेको छ।

तर माओवादी केन्द्रले समानताको आधारमा ओलीले सरकारको नेतृत्व गरेपछि स्वाभाविक रूपमा पार्टी अध्यक्षको जिम्मेवारी प्रचण्डले पाउनुपर्ने अडान लिएको छ। तत्काल पार्टी एकता गर्ने मनस्थितमा माओवादी केन्द्र रहे पनि एमाले भने पार्टीको अध्यक्ष प्रचण्डलाई स्वीकार गर्ने विषयमा सहमति राखेपछि पार्टी एकताप्रति नै आशंका पैदा भएको छ।

# स्वतन्त्रलाई एउटै कार्यकक्ष

गंगा बराल, काठमाडौं

संसद् सचिवालयले प्रतिनिधिसभाका स्वतन्त्र सांसदका लागि एउटै मात्र कार्यालय दिने भएको छ। सांसदलाई दैनिक गतिविधि गर्न टेलिफोन र भौतिक पूर्वाधारसहितको कार्यालय दिने गरिएको छ।

संसद् सचिवालयका प्रशासन महाशाखाका प्रमुख तथा सह-सचिव सुरजकुमार दुराका अनुसार राष्ट्रिय मान्यता प्राप्त ५ दललाई कार्यालय दिने तयारी भइरहेको छ। राष्ट्रिय मान्यता पाउन नसकेका चारवटा दलका एक/एक जना प्रत्यक्ष निर्वाचित सांसद र एक स्वतन्त्र सांसदलाई एउटै कोठा दिने जनाइएको छ। पाँचै जनालाई एउटै कोठामा राखेर अलग-अलग कुर्सी र टेबल दिइनेछ। राष्ट्रिय जनता पार्टी (राजपा) र मधेसी जनअधिकार फोरम (नेपाल)लाई कार्यालय दिने विषय टुंगो लागेको छैन।

दुराले नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी (केन्द्र)लाई गत संविधनसभामा दिइएका पुरानै कार्यालय प्रदान गरिने बताउनुभयो। राष्ट्रिय जनता पार्टी (राजपा) र संघीय समाजवादी फोरम नेपाललाई अलग-अलग भवनमा दलको कार्यालय छुट्याइएको छ। 'साधनस्रोतले भ्याउनेसम्म सुविधा दिन सकिन्छ, सांसद्हरूको मागलाई पनि ध्यान दिन्छौं', संसद् सचिवालयको कार्यव्यवस्था महाशाखाका सहसचिव तथा प्रवक्ता डा. भरतराज गौतमले भन्नुभयो- 'विकसित देशमा प्रत्येक सांसदलाई छुट्टै कार्यालय दिइन्छ तर हामीसँग त्यो सम्भव छैन, स्वतन्त्र सांसदलाई पनि कार्यालय दिन पाए हुन्थ्यो।'

(क्रमशः पृष्ठ ९ मा)

## हुन्डाई ठगी प्रकरण

# ग्रान्ड आईटेनमा समेत ठगी

नेपाल समाचारपत्र

काठमाडौं

अन्तर्राष्ट्रिय अटोमोबाइल्स कम्पनी हुन्डाईको नेपालका लागि आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले ग्रान्ड आइटेनमा अत्यधिक मूल्य असुल्ने गरेको तथ्य फेला परेको छ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले अनुगमनका क्रममा लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले गाडीको बिक्रीमा गैरकानुनी शीर्षकमा अतिरिक्त रकम लिइएको भन्दै ठगी मुद्दामा थप अनुसन्धान र कारबाहीका लागि प्रहरीलाई आग्रह गरेको छ। विभागका अनुसार सबै कागजपत्र तयार गरी थप अनुसन्धान र कारबाहीका निम्ति प्रहरीलाई निर्देशन दिएको छ।

विभागका महानिर्देशक कुमारप्रसाद दाहालले हुन्डाई कम्पनीका गाडी बिक्री गर्दा लक्ष्मी इन्टरकन्टिनेन्टलले उपभोक्ताबाट अतिरिक्त शुल्क लिएको भेटिएको बताउनुभयो। *नेपाल समाचारपत्र*सँग कुरा गर्दै दाहालले भन्नुभयो- 'करिब एक महिनाअगाडि विभागले गरेको अनुगमनका क्रममा हुन्डाई गाडीको बिक्रीमा कैफियत भेटिएको थियो। सबै प्रमाण संकलन र बयानको काम सकिएपछि हामीले प्रहरीलाई पत्रचार गर्न लागेका हौं।'

विभागले लक्ष्मी इन्टरकन्टिनेन्टलले इओन इरा गाडीको बिक्रीमा ५३ प्रतिशत र ग्रान्ड आइटेन म्याग्ना गाडीको मूल्यमा ४३ प्रतिशत कम्पनीलाई नाफा हुने गरी ग्राहकसँग पैसा



अञ्जन श्रेष्ठ
सञ्चालक
लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालि

असुल्ने गरेको फेला पारेको थियो। नेपाली बजारमा निकै रुचाइएको इओन गाडीको मूल्य १२ लाख ४४ हजार रुपियाँ रहेकोमा विक्रेता कम्पनी लक्ष्मी इन्टरकन्टिनेन्टलले १८ लाख ९८ हजार रुपियाँमा बेच्ने गरेको पाइएको छ।

त्यसैगरी ग्रान्ड आईटेन गाडीको मूल्य १८ लाख ८७ हजार रुपियाँ रहेकामा कम्पनीले २६ लाख ९६ हजार रुपियाँमा बेच्ने गरेको छ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिका सञ्चालक अञ्जन श्रेष्ठ नाडा अटोमोबाइल्स एसोसिएसनका अध्यक्षसमेत हुन्। अटोमोबाइलका क्षेत्रमा देखिएका समस्या तथा नीतिगत रूपमा राज्यलाई सहयोग गर्ने संस्थाका अध्यक्ष सञ्चालक रहेको कम्पनीले सर्वसाधारण ठग्ने गरेको भेटिएको छ।

पछिल्लो समय बजार अनुगमनका क्रममा सवारी विक्रेता कम्पनीहरूले अस्वाभाविक रूपमा विभिन्न शीर्षकमा ग्राहकबाट मूल्य असुल्ने गरेको भन्दै आपूर्ति व्यवस्थापन तथा हित संरक्षण विभागले कारबाहीका लागि भूमिका खेलिरहेको छ। लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिको व्यवसायमा कैफियत देखिए पनि थप प्रमाण जुटाउन र कम्पनीका प्रतिनिधिलाई बयान लिन समय लागेकाले अनुसन्धान कार्य पूरा हुन समय लागेको महानिर्देशक दाहालको भनाइ छ।

कालोबजार ऐन २०३२ अनुसार वस्तुको मूल्यमा २० प्रतिशतभन्दा बढी मूल्य लिन नपाउने व्यवस्थामा लक्ष्मी इन्टरकन्टिनेन्टलले ५३ प्रतिशतसम्म बढी मूल्य लिएको भेटिएको छ। मालवस्तुको उत्पादक, आयात वा मुख्य वितरकले निर्धारित गरेको मूल्यभन्दा बढी मोल लिई कसैले कुनै मालवस्तु बिक्री गरेमा सो माल सामान लिएको मोल फिर्ता गराई सो मालवस्तु जफत गरी निजलाई १० वर्षसम्म कैद जरिवानासमेत हुन सक्ने कानुनी व्यवस्था छ।

कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले मालवस्तु र व्यापारको प्रचलनअनुसार सामान्यतया २० प्रतिशतभन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ।







सडकमा जुत्ता पालिस गरेर पार्टी कसरी शुद्धिकरण हुन्छ ? बरू साथीहरूले पार्टी अपिसमा गरेको भए पार्टीका कार्यकर्ताहरूसँग छलफल हुन्छ। जुत्ता पालिस गरेर शुद्धिकरण हुँदैन ? शुद्धिकरण भनेको के हो ?



# 'हारको दोष ६०/४० नै गरेर भागबन्डा गर्नुपर्छ'

**डा. नारायण खड्का**
नेता, नेपाली कांग्रेस

निर्वाचनमा अपेक्षाकृत परिणाम नआएपछि नेपाली कांग्रेसभित्रको विवाद चर्किंदै गएको छ। विशेष गरी पार्टी नेतृत्वको आलोचना गर्दै नेताहरूले विशेष महाधिवेशन वा महासमितिको बैठक बोलाउन पनि दबाब दिएका छन्। पार्टी तेस्रो स्थानमा खुम्चिएपछि कांग्रेसभित्र विवाद उत्कर्षमा पुगेको छ। पार्टी सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचनमा हार्नुको कारणका बारेमा समीक्षा बैठकसमेत नबोलाउँदा पार्टीका नेताहरु रूष्ट भएका छन्। निर्वाचनपछि सरकारले लिएको कतिपय निर्णयप्रति पार्टीभित्रबाट आलोचना शुरु भएको छ। यसै विषयमा पार्टीभित्रको विवाद, नेतृत्व परिवर्तनको सवाल र अब कांग्रेसले लिने बाटोलगायतको विषयमा केन्द्रीत रहेर सांसदसमेत रहेका नेपाली कांग्रेसका नेता डा. नारायण खड्कासँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी** र **दीपेन्द्र थापा**ले गरेको कुराकानीः-

**निर्वाचनको परिणाम अपेक्षाकृत आएन भन्दै पार्टीभित्र विवाद चर्किएको छ नि ?**

निर्वाचनका बारेमा हामीले सूक्ष्म अध्ययन गरेनौं। विपक्षीका मुद्दा र एजेन्डाहरू बारेमा पर्याप्त छलफल गरेनौं। सबैलाई टिकटतिर लहर र लहड थियो। टिकटकै झमेलामा पार्टी नेतृत्व फस्यो। निर्वाचन कसरी हाँक्ने ? निर्वाचमा जनतासमक्ष आफ्ना एजेन्डा कसरी लिएर जाने बारेमा पर्याप्त ध्यान नै जान सकेन। टिकटका दाबेदार सबैले चुनाव जित्छु भन्नेतिर मात्र लागे। टिकटको बाँडफाँड गर्नेगरी निर्वाचनको पूर्वसन्ध्यामा माओवादी केन्द्र अचानक हामीलाई छोडेर एमालेतिर गयो। २ कम्युनिस्ट पार्टी मिल्दाको च्यालेन्ज त हामीले सामान्यतया छलफल गर्‍यौं। तर त्यसलाई सूक्ष्म तरिकाले काउन्टर गर्ने भन्ने बारेमा हाम्रो कुनै तयारी नै थिएन। निर्वाचनमा पार्टीको झण्डा एकाकार भएर निर्वाचनमा होमिनुपर्ने थियो तर त्यस्तो हुन सकेन। एमाले र माओवादीले एकले अर्कोलाई भोट हाल्दैनन् भन्ने हाम्रो निष्कर्ष थियो। अन्तिममा एकले अर्कोलाई भोट हाले। हाम्रो पार्टी सरकारमा रहँदाखेरि गरेको राम्रो कामका बारेमा पनि जनताको बीचमा व्याख्या गर्न सकेनौं। सरकारले केही काम गर्न सकेन भनेर नै विपक्षीले प्रचारको विषय बनाए। हाम्रो पार्टीभित्र गुट उपगुटको रोग पनि छँदै थियो। अन्तरघातको रोग पनि पुरानै हो।

**त्यसो हो भने निर्वाचनमा विपक्षीका कारणले भन्दा पनि पराजित हुनुमा आन्तरिक कारण पनि मुख्य देखियो हैन त ?**

पार्टीभित्र सिद्धान्तको विषयमा बहस गर्नका लागि गुट स्वभाविक मानिन्छ। महाधिवेशनमा, संसदीय दलको निर्वाचनमा उम्मेदवार हुन्छन्। त्यसमा जसले आफ्नो एजेन्डा दिन्छ उसले जित्ने हो। तर अहिले पार्टीभित्र एजेन्डा बिर्सिएर सत्ता मात्र दौडिने खेल छ। पार्टीको नेतृत्वलाई गाली मात्र गर्ने संस्कार गलत छ। पार्टीभित्र सैद्धान्तिक मतभेदभन्दा पनि नेतृत्वले कसले हत्याउने, सत्तामा कसरी पुग्ने त्यो खालको गुटबन्दी देखियो। चुनाव संसारभर हुन्छ। निर्वाचनमा पराजित हुनेले पनि स्वस्थ आलोचना गर्ने, आन्तरिक रूपमा गुटहरूले पार्टी निर्माणका लागि हाम्रो कुरा उठाउनुपर्ने हो। तर हाम्रो पार्टीभित्र त छरपस्ट रूपमा बाहिरै गाली गर्ने प्रवृत्ति देखियो। चुनावमा जसले टिकट पाएन ऊ हराउन नै लाग्ने देखियो। टिकट नपाउने अन्तरघात गरेको देखिन्छ। निर्वाचनमा आकांक्षी सबैले टिकट पाउँदैनन्। पुराना साथीहरूले राजनीतिक भविष्य यसै सकियो त्यसै सकियो पार्टीमा अन्तरघात गर्ने रोग देखियो।

**पार्टीका कार्यकर्ताहरूमा नेतृत्वप्रति जवाफदेहीता घट्दै गएको हो ?**

अनुशासन उल्घंनका घटना बढ्दै गए पनि अहिलेसम्म पार्टीले अनुशासन उल्लघंनमा कारबाही गर्न सकेको छैन। अन्तरघात भएको प्रमाणसहित रिपोर्ट आउँदा पनि हामीले त्यसलाई ढाकछोप नै गर्‍यौं। एउटा गुटको मान्छे बढी पर्ने बित्तिकै अर्को गुटले विरोध गरिहाल्ने। त्यसकारण पार्टीभित्र अनुशासनहीनता पनि मौलायो। पराजको मुख्य कारण हाम्रा कार्यकर्ता सतही भए। आत्मविश्वासको साथ तल गएर खटने, विपक्षलाई काउन्टर गर्न जमात तयार पर्ने काम पनि नगर्ने, निर्वाचनमा टिकट नपाउने तल्लोस्तरमा गएर कार्यकर्तासँग भोट नमाग्ने। कार्यकर्ताहरू बढीजसो मोजमस्ती र खानेपिनमा रमाउने प्रवृत्ति देखियो। यसको अलबा कम्युनिस्टहरूको कार्यकर्तामा इमान्दारिता हुने देखियो। कार्यकर्ताहरूमा पार्टीप्रति लगनशीलता र लगाव भएन। पार्टीको क्रियाशील सदस्यताको भूमिका नै भएन। पार्टीले हार्दा जित्दा के हुन्छ भन्नेभन्दा पनि मेरो स्वार्थ कसरी पूरा हुन्छ ? भन्ने जमात देखियो। मासबेस भएको पार्टी ठूलो देखिन्छ। तर निर्वाचनमा भोट आउँदैन।

**तर ती कार्यकर्तालाई यस्तो बनाउने काम त नेतृत्वकै हो नि होइन ?**

कांग्रेसका कार्यकर्ता चुनावबाहेक अरू बेला परिचालित नै हुँदैनन्। पार्टी चलायमान मानिसहरू आउने/जाने गर्छन्। काठमाडौंबाट जिल्ला जाने कार्यकर्ताहरूसँग छलफल गर्ने सभा सम्मेलन गर्ने काम कमै हुन्छ। चुनावमा जानका लागि पनि कार्यकर्ता यो चाहिन्छ र त्यो चाहिन्छ भनेर बार्गेनिङ गर्नेतिर लागे। अब हामीले कुनै कार्यक्रम गर्नुपर्‍यो भने कार्यकर्ताहरूलाई खोज्नुपर्छ। पार्टीभित्र स्वस्फूर्त र क्रियाशीलता देखिँदैन।

**निर्वाचनमा पार्टी पराजित भए पनि नैतिकताको आधारमा पार्टी सभापतिले राजिनामा दिनुपर्ने प्रश्न पनि उठेको छ नि ? पार्टीभित्रैबाट राजिनामाको कुरा आयो नि ?**

यस्तो आवाज त सधैंभरि हुँदैन। शुरुमा चुनाव हारेको झँवाक थियो। अमेरिका र अमेरिकालगायतका विकसित दलहरूमा नैतिकताको आधारमा राजिनामा दिने प्रचलन छ। हाम्रो सोसाइटी फरक हो। निर्वाचनमा पराजित हुनुको कारण पहिलो जिम्मेवारी त पार्टी सभापतिले नै लिनुपर्छ। नैतिकताको कुरा आ-आफ्नै खालको व्याख्या हुन्छ। सभापतिलाई नैतिकता सिकाएर यो-यो गर भन्ने कुरा हुँदैन। तर पार्टी सभापति मात्र दोषी होइन। पार्टी सभापति एक्लैले मात्र जिम्मा लिनुपर्छ भन्न पक्षमा म छैन्। टिकट बितरणमा पनि ६०/४० देखियो। यसरी भागबन्डा गरेपछि दोष पनि ६०/४० नै गरेर भागबन्डा गर्नुपर्छ। प्रधानमन्त्री बनेर काम गर्ने धेरै पाउनुभएन। प्रधानमन्त्री भएलगत्तै निर्वाचनको मिति घोषणा गर्नुपर्‍यो। त्यसपछि पुनः निर्वाचन आचारसंहिता लागू भयो। केही निर्णयहरू विवादास्पद बने होलान्। प्रधानन्यायाधीश, आईजीपी प्रकरणले शहरी क्षेत्रमा प्रभाव पार्‍यो। जनताको दैनिक जीवनमा कसले खानेपानी देला ? कसले सडक बनाइदेला ? भन्ने चिन्ताको विषय हो। प्रधानन्यायाधीश र आईजीपी प्रकरणले के गर्‍यो भन्नेमा गाउँका जनताको धेरै ध्यान तानेको देखिँदैन।

**निर्वाचन सम्पन्न भएको दुई महिना बितिसक्दासमेत निर्वाचनमा पार्टीले हार्नुको कारणको विषयमा समीक्षा बैठक बोलाउन नेताहरूले माग गरे पनि नेतृत्वले किन वेवास्ता गरिरहेको छ नि ?**

हारपछि तत्काल पार्टीले बैठक बोलाए समीक्षा गर्नुपर्ने हो। निर्वाचन लगत्तै पार्टी समानुपातिकको उम्मेदवारमा अल्झियो। समानुपाति उम्मेदवारसँगै प्रदेशसभा र राष्ट्रियसभाको विषयमा पार्टी अल्झियो। छोटो बैठक त भयो। २४ पछि विस्तृत पार्टीको समीक्षा राख्छु भन्नुभएको छ। हेरौं पार्टी सभापतिले के गर्नुहुन्छ। तर जिम्मेवारी भनेको पार्टी नेतृत्व र टिकट बाँड्ने समूहले लिनुपर्छ। विधानसम्वत संसदीय बोर्ड बनेको होइन। शेरबहादुरजीलाई मन परेका मान्छेहरू उहाँले ल्याउनुभो। रामचन्द्रजीलाई मनपरेका मान्छेहरू उहाँले ल्याउनुभो। चाहिनेभन्दा बढी व्यक्तिहरू टिकट बितरण गर्न लागे। ती सबैले हारको जिम्मेवारी लिनुपर्छ। पहिला आफू सुरक्षित हुनका लागि समानुपातिकतर्फ मिलाउन लागे। आफू सुरक्षित हुनका लागि अरूका बोरमा चिन्ता नै भएन। जसले टिकट बितरण गर्न बसेका थिए उनीहरूले आफ्ना को-को व्यक्ति समानुपातिकमा ल्याउने भन्नेमा सोचे। टिकट बितरण गरेकामध्ये २३ जना उम्मेदवारले त जिते। उनीहरूले चुनाव जित्नुको कारण के हो ? शेरबहादुर देउवाजीले त प्रधानमन्त्री भएको कारणले जित्नुभयो। मजस्तो मान्छेले कसरी जित्यो होला ? सामान्य साथीहरूले चुनाव जित्नुभएको छ। त्यसको कारण के हो ? जित्नुमा पार्टी सभापतिलाई दोष दिनुपर्ने फ्याक्टरले काम गर्‍यो कि गरेन ? या काम गरेर कम भोट आएको हो कि ? पार्टी अब जुन दिशामा चलेको छ। पार्टी अब त्यसरी चल्न सक्दैन। पार्टीको विधालाई अक्षरअंश पालना गर्नुपर्‍यो। कार्यसमितिले गरेको निर्णय कार्यान्वयन हुनुपर्‍यो। पार्टीका माथिल्लो तहका नेताहरूले आफूलाई मन परेको व्यक्तिलाई समानुपातिकमा ल्याइदिने। समानुपतिकमा दोहोर्‍याएर ल्याउने काम गलत छ।

**पार्टीभित्र नेतृत्व नै परिवर्तन गर्नुपर्ने माग पनि उठने छ नि ? अहिले नेतृत्व परिवर्तनको सम्भावना छ ?**

नेपाल समाज कसरी बनेको छ भने अलि बढी जेठोबाठो र सिनियरलाई विश्वास गर्छ। समाजले गतिलो परिपक्व पनि हेर्छ। हाम्रो पार्टीमा बुढा, प्रौढ, युवा सबै बसेर बनेको पार्टी हो। एउटा समूहलाई हटाउने बित्तिकै समस्या भइहाल्छ। जोसुकै व्यक्तिको नाम लिए पनि पार्टीभित्र कोही पनि सर्वमान्य छैनन्। पार्टी सभापतिलाई कति खरो रूपमा गाली रहेका हुन्छन्। कोही तर पार्टी सभापति पनि एउटा शक्ति सञ्चय गरेर बसेको व्यक्ति हो। सभापतिको ती कार्यसमितिभित्र पनि बहुमत होला। महासमितिको बैठक पनि होला। टिकट लिनुभन्दा अगाडि कुनै पनि कमजोरी पार्टी सभपातिको देख्नुभएन। सबैले टिकट लिएर हिँडनुभो। त्यतिबेला नै सभापतिलाई तपाईंको कारण म हार्छु भनेर टिकट नै लिनुहुँदैन्थ्यो नि। टिकट लिँदा रमाउने हारेपछि छटपटाउने यो राम्रो तरिका भएन।

> कार्यकर्ताहरु बढीजसो मोजमस्ती र खानेपिनमा रमाउने प्रवृति देखियो
>
> कांग्रेसका कार्यकर्ता चुनावबाहेक अरु बेला परिचालित नै हुँदैनन्
>
> टिकट बितरण गरेका मध्ये २३ जना उम्मेदवारले त जिते। उनीहरुले चुनाव जित्नुको कारण के हो ?
>
> पार्टी अब जुन दिशामा चलेको छ। पार्टी अब त्यसरी चल्न सक्दैन
>
> टिकट लिँदा रमाउने हारेपछि छट्पटाउने यो राम्रो तरिका भएन ।

पनि सर्वमान्य सबैले स्वीकार गर्न सक्ने व्यक्ति छैन। जसले दबाबमा नै छोडनुपर्छ भन्दा समस्या थप सृजना हुन्छ। दबाबमा हटाउन खोजे उसको पनि पार्टीमा शक्ति हुन्छ। शक्तिको आडमा विग्रह आउने अवस्था आउन सक्छ। विधिविधानमा चल्ने पार्टी भएकाले महाधिवेशन आउँदाखेरि चुनाव लडेर पनि जिते हुन्छ। अहिले नै पार्टीलाई खलबलाएर अहिले नै छोडी तिमीलाई हामी हटाउँछौं भन्ने कुरा गलत छ। हटाउने कुरा समस्याको मसाधान होइन।

**पार्टीभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने आवाज पनि उठेको छ नि ? तत्काल विशेष महाधिवेशन सम्भव छ ?**

यो काम गरियो भने पार्टीभित्र विग्रह आउछ। मलाई लाग्छ त्यो सम्भव छैन । पार्टी सभापतिलाई हटाउने निर्णय होला।

**महाधिवेशन भएको लामो समय बितिसक्दासमेत पदाधिकारीको पूर्णता दिन सक्नुभएको छैनन नि पार्टी सभापतिले नचाहेको हो कि नसकेको हो ?**

पार्टीको पदाधिकारी र विभाग अझै पूर्णता पाउन सकेका छैनन्। पार्टी एकदम चलायमान हुनुपर्छ। पार्टी भनेको केही कार्यक्रम हुँदा भरिभराउ हुनुपर्छ। अन्तर्राष्ट्रिय सम्बन्ध जिल्ला र क्षेत्रको फिटब्याकअनुसार पार्टीले नीति तय गर्नुपर्छ। सभापतिले होला कति जनालाई बचन दिनुभएको होला। हाम्रो पार्टीको अहिलेसम्म आत्मविश्वास भएको नेताहरू भनेको विपी र कृष्णप्रसाद भट्टराई मात्र हो। गिरिजाप्रसाद कोइरालामा पनि आत्मविश्वास थिएन। बाहिर त सहासिलो देखिनुहुन्थ्यो। तर भित्र भने सानो कुरामा पनि एसम्यान खोज्नुहुन्थ्यो। आफ्नो मान्छे ल्याउँ त्यहीभित्र पनि झगडा हुने हो कि ? अर्को गुटको मान्छे ल्याउँ त्यसले सहयोग गर्दैन कि ? कुन-कुन गुटका लागि वचन दिनुभएको थियो। दोस्रो काम गर्दै जाउँ पछि गरौंला भन्ने पनि होला। जो दिनैपिच्छे जान्छ दाइ भन्छ । एसम्यान आफूले टेस्ट नगरेको मान्छेलाई विश्वासन नगर्ने प्रवृत्ति छ।

**पार्टी बिग्रियो अब पार्टीभित्र शुद्धीकरण गर्नुपर्छ भनेर केही नेताहरू त सर्वसाधारणको जुत्ता पालिस गर्ने काममा देखिए नि ?**

कांग्रेसभित्र शुद्धीकरण गर्न एमालेका कार्यकर्ताको जुत्ता पालिस गरेर हुँदैन। सडकमा माओवादी र एमालेका कर्ताकर्ताको पनि जुत्ता पालिस भयोहोला। सडकमा जुत्ता पालिस गरेर पार्टी कसरी शुद्धीकरण हुन्छ ? बरु साथीहरूले पार्टी अपिसमा गरेको भए पार्टीका कार्यकर्ताहरूसँग छलफल हुन्छ। जुत्ता पालिस गरेर शुद्धीकरण हुँदैन ? शुद्धीकरण भनेको के हो ? शुद्धीकरण भनेको एउटा नेतालाई हटाएर अर्को नेता ल्याउने हो कि ? आचरणमा शुद्धीकरण हो कि ? यदि हो भने जुत्ता पालिस गर्ने नै आचरणमा शुद्धीकरण हुनुपर्‍यो। बरु यसको सट्टा अहिले शहीदको नाममा विभिन्न व्यक्तिहरूलाई मिसाउने काम भएको छ। भद्रगोल भएको छ। शहीदको सपना पूरा भएन भन्नुहुन्थ्यो।

**सरकारको पछिल्लो निर्णयमा दिनहुँ शहीद घोषणा गरिरहेको छ नि ?**

यो राम्रो त होइन। तर राजनीतिक आग्रह पूर्वाग्रहमा एउटा पार्टीले आफ्नो मान्छेलाई मात्र शहीद घोषणा गर्ने प्रचलन छ। हामी निकै बचेर काम गर्ने पार्टी हो। शहीदमा पनि परिभाषा स्पष्ट हुनुपर्छ। माओवादीले पनि कतिलाई शहीद बनायो। बाँदरमुढेमा ज्यान गुमाएकाहरूलाई शहीद घोषणा गर्नुपर्ने दबाब थियो। सामान्यतया झुन्डिएर मरेकाहरू पनि शहीद घोषणा भएका छन्। माओवादीको तथाकथित जनयुद्धको समयमा त्यो घटना घटेको हुनाले शहीद घोषणा गरिएको हो।

**कांग्रेसले किन यस्तो काममा प्रतिस्पर्धा गरेको त ?**

त्यो त होइन। राजनीति त हो। सरकारमा रहँदा केही पनि काम नगर्ने हो भने सबै कार्यकर्ता आक्रोशित हुने भए। सामाजिक न्यायको विषयमा न्याय दिन पनि नसकिने भए। हाम्रो अर्थमन्त्रीहरूले राज्यको ढुकुटी छैन भन्ने काम गरे। अर्को पार्टीले धमाधम गर्न थाले। राजनीतिमा यस्तै उटपट्याङ गर्नेहरूले चुनाव जित्ने भए। चुनावी राजनीतिमा जाँदा केही पनि नगर्ने, अलोकप्रिय हुँदै जाने भयो। यदी यो अस्वस्थ खालको प्रतिस्पर्धा रोक्ने हो भने सबै दलहरू बसेर सर्वदलीय सहमति गरेर जानुपर्‍यो। चुनाव घोषणापत्र आ-आफ्नो हुन्छ। माओवादी र एमालेको संयुक्त घोषणापत्रमा सामाजिक बृद्धभत्ता पाँच हजार भनिएको छ। पाँच हजार बढाउँदा अर्थतन्त्रलाई ठूलो व्यवहार त होला। उनीहरूको किन त्यो घोषणापत्रमा राखियो ?

**६५ वर्षमा बृद्धभत्ता दिने, भूकम्पपीडितलाई एक लाख रूपियाँ दिने राम्रो निर्णय भए पनि राज्यको ढुकुटीमा बजेट त छैन नि ?**

६५ मा झार्नुपर्ने कारण नेपालीको औषत आयु ७० लाई आधार मानेर हो। स्वास्थ जीवन बाँच्नके लागि तर्क भयो। यो निर्णय सरकारलेअघि नै गर्नुपर्दथ्यो। जाँदाजाँदै पनि भयो। तर बीचमा अस्वस्थ्य काममा हात बाँधेर बस्दा पछि असर गर्ने भयो। अहिले हामीले नगरेको भए पनि भोलिको सरकार त गर्छ। भोलि फेरि हामी चुनावमा जानुपर्छ। हामीलाई बाध्यता त्यो पर्‍यो।

**माओवादी र कांग्रेसको बीचमा सरकार बन्ने सम्भावना छ ?**

अहिले सम्भावना छैन। संघीयता कार्यान्वयमा अहिले लथालिङ्ग अवस्थामा छ। साधनस्रोत केही पनि छैन। कति कर्मचारी कहाँ राख्ने ? प्रदेश र केन्द्र प्रदेश र स्थानीय तहको विवाद पनि छ। एउटा प्रदेशले भन्यो मर्यादापालकले दौरा सुरुवाल लगाउन पाउँदैनन्। भोलि एउटा प्रदेशले मेरा प्रदेशबाट सवारी नचला भन्ला। संघीयता सक्रमणकालीन अवस्थामा छ। प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरुले गाडी घोडाको अपेक्षा गरिरहेका छन्। सिंहदरबारमा प्रदेशमा को जाने नजाने झगडा छ। पैसा कहाँबाट ल्याउने ? सरकार टाट पल्टियो भने के गर्ने ?

**यसको अर्थ संघीयता कार्यान्वयन गर्न त्यति सहज देखिँदैन ?**

मन्त्रालयमा प्रदेशमा भएका ठूलो संरचना चलाउन पाउने कि नपाउने ? मन्त्री भएपछि दोकान थापेजस्तो गरी बस्दैन। सबै लफडामा हामी पर्न सक्छौं। संक्रमणकालीन अवस्था छ। यो ५ वर्ष निकै कठिन छ। यो ५ वर्ष धान्न सक्छौं कि सक्दैनौं ? १०० जना मन्त्री हुन्छन् होला। गाडी घोडा तलब रेमिट्यान्सले धानेको छ। त्यसपछिको अवस्थाबाट थाहा पाउन सक्छौं।

**अब कांग्रेसले खेल्ने भूमिका के हुन्छ ?**

जनता र राष्ट्रका हितमा काम गर्छौं। राष्ट्रियता र सार्वभौमिकताविपरीत द्वन्द्व र अस्थिरता सृजना हुने निर्णय भए त्यसको सडक र सदनबाट प्रतिवाद गर्छौं। हामी जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्छौं।

# कवि तथा गीतकार कार्की १ लाख रुपियाँसहित सम्मानित



हेटौंडा, (नेस)। १ लाख रुपियाँ राशिको *बिजुलीमाया वन: श्रेष्ठ राष्ट्रिय संगीत पुरस्कार*बाट कवि, गीतकार, फिल्म लेखक तथा फिल्मकर्मी चेतन कार्की हेटौंडामा सम्मानित भएका छन्। भीम विराग संगीत साहित्य कला प्रतिष्ठानले कार्कीलाई सम्मान गरेको हो।

नेपाली संगीत तथा साहित्यमा योगदान पुऱ्याएबापत आयोजित कार्यक्रममा कार्कीलाई पुरस्कृत गरिएको हो। कार्यक्रममा *तुलसीमाया शिवकुमारी सृजनशील नारी पुरस्कार*बाट साहित्यकार अनिता न्यौपाने, *भीम मथुरा बाल प्रतिभा पुरस्कारबाट* चिराग डंगोल, *शीला नारी संगीत पुरस्कार* विद्या तिवारी, *हर्षनर बज्राचार्य स्मृति पुरस्कारबाट* कुमार शाह, *चिनकुमारीबाट लामा स्मृति साहित्य पुरस्कारबाट* कवि निमेश निखिल, *विजय बानियाँ स्मृति लोक संगीत पुरस्कारबाट* कोमल वली र *मंगलादेवी श्रेष्ठ स्मृति स्वास्थ्य पुरस्कार* नर्सिङबाट अधिकृत चम्पा कोजुलाई नगदसहित सम्मान गरिएको थियो।

प्रतिष्ठानले हरेक वर्ष हेटौंडामा कलासँग सम्बन्धित व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको छ। कार्यक्रममा गायिका कोमल वलीसहित विभिन्न कलाकारले आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए। कार्यक्रममा साहित्यकार तुल्सी थापा, प्रकाश सायमी, विष्णुगोपाल महर्जन र मुरारी सिग्देलगायतको आतिथ्यता रहेको थियो। कार्यक्रम प्रतिष्ठानका अध्यक्ष उज्ज्वल शर्माभण्डारीको अध्यक्षतामा सम्पन्न भएको हो।



# प्रकृतिलाई कलेज आइकनको ताज



कलेजमा अध्ययनरत किशोरीबीच राजधानीमा सम्पन्न सौन्दर्य प्रतियोगितामा प्रकृति कार्की *मिस कलेज आइकन २०१८* भएकी छिन्।

एएनपी मिडिया हाउसद्वारा हालै राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न प्रतियोगितामा प्रकृति *वेष्ट हेयर* उपाधि विजेता पनि भएकी हुन्। विभिन्न मनोरञ्जक प्रस्तुतिका साथ सम्पन्न प्रतियोगितामा सिसम आचार्य *फस्ट रनर्सअप*का साथ *मस्ट आइकनिक आइज*, अन्जली चित्रकार *सेकन्ड रनर्सअप*का साथ *मस्ट ब्युटिफल आइज* र *फेसन आइकन अवार्ड* विजेता, युनिशा बजगाईं *थर्ड रनर्सअप*का साथ *मिस ट्यालेन्ट* र *फेसबुक च्वाइस* भए। त्यसै गरी निर्मला पुरी *मीट पपुलर* र *मस्ट एक्टिभ*, सिरिन गुरुङ *मिस क्याटवक*, वृक्षा सिलवाल *बेस्ट स्किन* र *मस्ट फोटोजेनिक*, सुमी महर्जन *बेस्ट पर्सनालिटी*, मीना तामाङ मस्ट चार्मिङ, अनिषा पोखरेल *बेस्ट स्पिच*, अनिषा देउला *बेस्ट फिटनेस*, डोल्मा वाइबा *मस्ट फ्रेन्डली*, दीपा मगर *मिस ब्युटिफुल*, *रोशनी राई मिस कन्जिनियालिटी*, शालु चौधरी *मस्ट डिसिप्लेन*, अस्मी शाक्य *बेस्ट फिजिक*, स्वेता बलामी *बस्ट सिंगर*, *मस्ट कन्फिडेन्ट* र सगुना खड्का *बेस्ट डान्सर* चुनिएका छन्।

अश्विनी झाको कोरियोग्राफी तथा कार्यक्रम सञ्चालनमा भएको एएनपी मिडिया हाउसकै अर्को प्रतियोगिता *लिटिल आइकन नेपाल २०१८* को जुनियरतर्फ श्रेया लिम्बु विजेताका साथमा *मिस पर्फेक्ट*, अनुष्का तामाङ *फस्ट रनर्सअप*का साथ *मस्ट बेस्ट हेयर* र *फेसबुक च्वाइस*, प्रमिसा राई *सेकेन्ड रनर्सअप*का साथ *मिस क्याटवक*, *बेस्ट पर्सनालिटी* र *मेनेजमेन्ट च्वाइस*, ग्रीवा घिमिरे *थर्ड रनर्सअप*का साथ *मस्ट ब्युटिफुल आइज* र *मस्ट फोटोजेनिक*, आदिता चाम्लिङ राई *फोर्थ रनर्सअप*का साथ *बेस्ट स्किन* र *बेस्ट आर्टवर्क* भए। त्यसै गरी कामना राई *मस्ट पपुलर* र *बेस्ट स्पीच*, सलिना गुरुङ *मिस ट्यालेन्ट*, रेनुका मगर *मस्ट चार्मिङ*, अक्षता गुरुङ *बेस्ट फिटनेस*, सुनिता श्रेष्ठ *मस्ट फ्रेन्डली*, सुसिना बराइली *मिस ब्युटिफुल*, कुशुम लिम्बु *मिस कन्जिनियालीटी* र *मस्ट कन्फिडेन्ट*, सुविना श्रेष्ठ *मस्ट डिसिप्लेन*, प्रशंसा शाह *क्युटेस्ट बेबी अफ द इयर*, अन्जली शाह *बस्ट फिजिक*, सोनी लामा *फेसन आइकन अवार्ड*, निशा लामा *मस्ट एक्टिभ*, मन्जली शाह *मेनेजमेन्ट च्वाइस* र दिया खड्गी *मस्ट पोजिटिभ एटिट्युड* भए।



सिनियरतर्फ हन्नाह श्रेष्ठ विजेताका साथमा *मस्ट पंचुअल*, यांकी सिलवाल *फस्ट रनर्सअप*का साथमा *बेस्ट हेयर* र *मस्ट चार्मिङ*, प्रेरणा विके *सेकेन्ड रनर्सअप*का साथमा *मस्ट ब्युटिफुल आइज* र दक्षिणा राई *थर्ड रनर्सअप*का साथमा *बेस्ट आर्टवर्क* भए। त्यसै गरी रिया राई *मस्ट पपुलर*, *मस्ट फ्रेन्डली*, *मिस ब्युटिफुल* र *फेसबुक च्वाइस*, प्रियंका थापामगर *मिस क्याटवक*, सोनीया राई *मिस ट्यालेन्ट*, वर्षा श्रेष्ठ *बस्ट स्किन* र *मस्ट फोटोजेनिक*, सुष्मिता लिम्बु *बेस्ट पर्सनालिटी*, रोशनी कार्की *बेस्ट फिटनेस*, रागिना शाही *मिस कन्जिनियालीटी* र विनिता पुन *बस्ट फिजिक* भए। बालकतर्फ सेहाङ राई विजेताका साथमा *मिस्टर ट्यालेन्ट*, *मस्ट पपुलर* र *मिस्टर क्याटवक*, निश्चल श्रेष्ठ *फस्ट रनर्सअप*का साथमा *मिस्टर हयान्डसम*, लक्ष्य झा *सेकेन्ड रनर्सअप*का साथमा *मस्ट फोटोजेनिक*, जेनिस शाक्य *मेनेजमेन्ट च्वाइस*, रौनक चौधरी *मस्ट डिसिप्लेन* र *मस्ट एक्टिभ*, रेडिक्स माली *मस्ट फ्रेन्डली* र अमिर वाइबा *बेस्ट आर्टवर्क* भए।

दुवै प्रतियोगितामा कलाकारहरू गजित विष्ट, सुरेन्द्र केसी, वर्षा राउत, *मिसेस नेपाल आइकन २०१७* की विजेता वर्षा कार्की, संगीतकार सरोज प्याकुरेल, फिल्म लेखक शिवम् अधिकारी, नेपाल क्रिकेट टिमका भूपू मेनेजर पूर्ण लामा र इभेन्ट अर्गनाइजर निशुकान्त भट्टराई निर्णायक रहेका थिए।





# सपना सुपर प्लस साइज मोडल

राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा *सुपर प्लस साइज मोडल सौन्दर्य प्रतियोगिता* सम्पन्न भएको छ। ओमनिया द हिडन ब्युटीको प्रस्तुतिमा तथा युनिभर्सल जुम इन्टरटेनमेन्ट प्रालिको इभेन्ट व्यवस्थापनमा *सुपर प्लस साइज मोडल नेपाल-२०१८* सौन्दर्य प्रतियोगिता सम्पन्न भएको हो।

*सुपर प्लस साइज मोडल नेपाल-२०१८* को उपाधि सपना राईले चुमेकी छन् भने बिना लामिछाने *फस्ट रनर्सअप* तथा सिर्जना महत सेकेन्ड रनर्सअप भए। त्यसै गरी *मस्ट पपुलर*मा रुबी महत्तो र मल्टिमिडिया च्वाइसमा सुजाता शाह काफ्लेले सब टाइटल जित्न सफल भए।

उक्त सौन्दर्य प्रतियोगितामा विजेता सपना राईले नगद ५० हजार रुपियाँसहित विभिन्न गिफ्ट ह्याम्पर प्राप्त गरेकी छिन् भने अन्य विजेताले पनि ओमनिया द हिडन ब्युटीकोतर्फबाट गिफ्ट ह्याम्पर प्राप्त गरेका छन्। अरविन्द हमालको कोरियोग्राफी रहेको प्रतियोगिताको इभेन्ट निर्देशक डेभिलसिंह राजपुत रहेका थिए।


# सूचना

CG Entertainment Presents
LUX Kamana Awards

उत्कृष्टता, पारदर्शिता, निष्पक्षता

मंगलबार राजधानीमा सम्पन्न **सिजी इन्टरटेनमेन्टको प्रस्तुति लक्स कामना फिल्म अवार्ड्स् २०७४** समारोहअन्तर्गतका मनोरञ्जनात्मक सामग्रीको पूर्ण भिडियो फुटेज विभिन्न युट्युब च्यानल, अनलाइन तथा सामाजिक सञ्जालमा अपलोड र प्रसारण भएकाले ती सामग्री तत्काल हटाउन तथा अपलोड र प्रसारण नगर्न अनुरोध गरिन्छ। त्यस्ता भिडियो सामग्री विनाअनुमती २ मिनेटभन्दा बढी अपलोड र प्रसारण भएको पाइए कानुनबमोजिम कारवाही हुनेतर्फ पनि सचेत गराइन्छ।

**कामना न्यूज पब्लिकेसन्स् प्रा. लि.**

कामना प्लाजा, भिमसेनस्थान, काठमाडौं, फोन : ४२६११७९, फ्याक्स : ४२१८९९०




# विचार

मेरा प्यारा सैनिकलाई संसारका कुनै सेनासँग लडाउन रत्तिभर पनि डर मान्दिनँ तर गोरखा सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कमान हुन्छ।
–जर्मन सम्राट कैजर विलियम

धनी र गरिबबीचको फरक कति थोरै छ, एकै दिनको भोक र एकै घण्टाको प्यासले दुवैलाई समान बनाइदिन्छ।
–खलिल जिब्रान

## सम्पादकीय

नेपाल समाचारपत्र

# स्वाभिमानलाई प्राथमिकता देऊ

एमाले–माओवादी नेतृत्वमा नयाँ सरकार हुने निधो भएपछिको अवस्थालाई आफ्नो मुलुक र सरकारले सकारात्मकरूपमा लिएको सन्देश भारतीय विदेश मन्त्री सुष्मा स्वराजको भ्रमणले दिएको छ । यही आशयका साथ स्वराजले भावी प्रधानमन्त्रीका रूपमा चर्चामा रहनुभएका एवं एमाले अध्यक्ष केपी शर्मा ओलीलगायत अन्य दलका नेतासँग भेटवार्ता गर्नुभएको छ । नयाँ सरकार गठन हुनुअगावै हुनेवाला प्रधानमन्त्री र सत्तामा सामेल हुने र हुन सक्ने दलका नेतासँग भएको भेटवार्तामा स्वराज भ्रमण केन्द्रित बन्यो । यो भ्रमणले दुवै मुलुकबीच विगतमा देखिएको खटपटको अवस्थालाई बिर्सिएर नयाँ सम्बन्ध अघि बढाउने भारतले प्रष्ट संकेत गरेको छ ।

भारतमा नरेन्द्र मोदी नेतृत्वको सरकार गठन भएपछिको शुरुआतका दिनमा दुवै मुलुकको सम्बन्ध निकै सुमधुर रह्यो । खास गरी भूकम्पपछिको राहत र उद्धारमा भारतले खेलेको भूमिका निकै प्रशंसनीय थियो । तर नेपालले संविधान जारी गरेपछि खस्किएको सम्बन्ध पूर्णरूपमा सुधार आउन सकेको छैन । खास गरी भारतले लगाएको नाकाबन्दीको चोट र पीडा अझै पनि अधिकांश नेपालीले बिर्सन सकेका छैनन्, त्यो चोट अझै आलै छ । त्यो अवस्थालाई बिर्सिएर नयाँ ढंगले सम्बन्ध अघि बढाउन मोदीले आफ्ना विशेष दूतका रूपमा स्वराजलाई नेपाल पठाएको प्रष्ट भएको छ । भेटवार्ताको प्राथमिकतामा ओली, प्रचण्ड र मधेसवादी दलका नेता पर्नु/पारिनु त्यसैको संकेत हो । राष्ट्रपति र प्रधानमन्त्रीसँगको स्वराज भेटवार्ता सामान्य औपचारिकतामा सीमित भयो भन्दा अतिसयोक्ति नहोला । कांग्रेसका धेरै नेता यो भ्रमणको प्राथमिकतामा परेनन् ।

संविधान जारी हुँदा स्वागत गर्न कन्जुस्याईं गरे पनि शान्तिपूर्ण र उत्साहपूर्ण जन सहभागितामा विभिन्न चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको भन्दै स्वराजले प्रशंसा गर्नु विगत बिर्सन आग्रह गरेको प्रयास नै हो । त्यस्तै संकेत गर्दै मोदीले आफ्ना पूर्व र हुनेवाला समकक्षी ओलीलाई टेलिफोनमार्फत् चुनावी सफलताको बधाई दिंदै सम्बन्ध सुधार्ने संकेत गरिसक्नुभएको छ । यतिमात्र होइन, ओलीले भावी प्रधानमन्त्रीको अग्रिम बधाई समेत पाइसक्नु भएको छ । नेपालमा गढेको भारत विरोधी भावना मेट्न, बढ्दो चिनियाँ प्रभाव घटाउन, वाम बठबन्धनसँगको खटपटपूर्ण सम्बन्ध सुधार्न यी पछिल्ला प्रयास भएका छन् ।

नेपालसँगको सम्बन्ध सुधार्नुपर्ने बोध मोदीलाई मात्र थिएन, भारतबाट पनि मोदीलाई दबाब थियो र छ । उपयुक्त अवसरको खोजीमा रहनुभएका मोदीले आफ्नो सरकारको स्वार्थलाई प्राथमिकतामा राखेर पछिल्लो कदम चाल्नुभएको छ । यो कदम ओली र मोदी दुवैका लागि आवश्यक थियो । स्वराज भ्रमणले सम्बन्ध कुन हदसम्म सुध्रियो भन्ने संकेत नयाँ सरकार गठन भएपछि देखिनेछ । सम्बन्ध सुधारका लागि यो भ्रमण नै पूर्ण नहुन सक्छ । त्यसैले नयाँ सरकार र अन्य दलका नेताले मुलुकका मुख्य एजेन्डा र स्वाभिमान प्राथमिकतामा राखेर भारतीय पक्षसँग संवाद र भेटवार्ता अघि बढाउनु उत्तम हुनेछ ।

# वृद्धका समस्या र भत्ते राजनीति



बालकृष्ण मैनाली

जनता नै राष्ट्रका धरोहर हुन्। चाहे ती बालबालिका हुन् वा वृद्धवृद्धा, युवा हुन् वा युवती, रोगी हुन् वा निरोगी, सबै जनता देशका धरोहर हुन्। सबैलाई समान कानुन र व्यवहार आवश्यक पर्छ। राज्यले तिनमा विभेद गर्न मिल्दै मिल्दैन। यसका अलावा देशमा केही यस्ता नागरिक हुन्छन् जसलाई राज्यले विशेष कानुनअन्तर्गत केही सुविधा प्रदान गर्ने गर्छ। विशेष गरी बालबालिका, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र दीर्घ रोगीहरू प्रायः राज्यले प्रदान गर्ने विशेष सुविधा प्राप्त गर्ने वर्गमा पर्दछन्। सबै जातजाति वर्ग र समुदायबाट यस्ता व्यक्तिहरूको राष्ट्रमा प्रतिनिधित्व भएको हुन्छ। यी यस्ता राष्ट्रका धरोहरहरू हुन् कुनै पनि हालतमा र कुनै पनि वहानामा यिनीहरू कसैबाट पनि बहिष्कृत हुनुहुँदैन। घर, परिवार, समाज, अनि राज्यसमेत यस विषयमा चनाखो हुनै पर्दछ। यिनीहरूका लागि राज्यले प्रदान गर्ने सुविधामा कञ्जुस्यायी गर्न हुँदैन।

हाम्रो देशमा कार्यान्वयनमा अभावपन देखिए तापनि संविधान र कानुनमा सबै वृद्धहरूलाई राज्यले विनाभेदभाव सेवा प्रदान गर्नेछ भनि प्रत्याभूति प्रदान गरेको छ। विशेष गरी नेपालमा राजनैतिक व्यवसायीहरूले आफ्नो राजनीतिक अभिष्ट पूरा गर्न यदाकदा यिनीहरूको आवाजलाई उठाउने प्रयत्न गरेको देखिन्छ। प्रमाणको रूपमा हामीले संविधान र कानुनमा व्यवस्था गरिसक्यौं भनेर कुर्लने गरिन्छ, तर कार्यान्वयनमा भने जहिले पनि इमानदारिताको कमी देखापर्ने गर्दछ। भूकम्पपीडितका समस्या अहिलेसम्म पूर्णरूपमा समाधान हुन नसक्नु यस्ता विषयहरूमा अर्को प्रतिनिधि उदाहरण खोज्न अन्त जानुपर्दैन।

नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकलाई प्रत्याभूति प्रदान गरेको छ। विशेष व्यक्ति र वर्गलाई समेत राज्यले विशेष कानुन बनाइ सेवा सुविधा प्रदान गर्ने कुराको संविधानमार्फत् प्रतिबद्धता जाहेर गरेको छ। संविधानको धारा १८ को प्रतिबन्धात्मक वाक्यांशले वृद्धवृद्धा, बालबालिका, अपांगता वा दीर्घ रोगीहरूलाई मात्र नभई अन्य थुप्रै जातजाति वर्गका व्यक्तिलाई राज्यले सुविधा प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको छ। यही धारअन्तर्गत सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग पिछडा वर्ग, अल्पसंख्यक सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति गर्भावस्थामा भएका व्यक्ति, अशक्त वा असक्षम, पिछडिएको क्षेत्र, आर्थिकरूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनी संवैधानिक प्रत्याभूति प्रदान गरिएको छ। त्यसै गरी धारा २९ ले शोषणविरुद्धको हकको प्रत्याभूति प्रदान गरेको छ। कुनै पनि वहानामा कसैले पनि कसैको शोषण गर्न पाइने छैन। यसरी राज्यले विशेष व्यक्ति भनेर निर्धारण गरेका व्यक्तिहरूलाई विशेष कानुन बनाएर भए पनि संरक्षण गर्ने नीतिलाई प्राथमिकतामा राखेको छ। वास्तवमा यसको सही कार्यान्वयन हुनसक्यो भने संघीयताको सफलताको शुरुआत भएको मान्नुपर्दछ।

प्रसंग हालै मान्त्रिपरिषद्ले वृद्धभत्तासम्बन्धी गरेको निर्णयबारे भएको तरंग र कोकोहोलोबारे हो। हालैको मन्त्रिपरिषद्को निर्णयले अब ६५ वर्ष उमेर पुगेका व्यक्ति पनि वृद्धभत्ता प्राप्त गर्न सक्ने हकदारको रूपमा स्थापित गरायो। तर एकातिर त्यो निर्णयलाई सरकारमा जान खुट्टा उचालिरहेका वाम गठबन्धनका राजनैतिक व्यवसायीहरूले हामी सरकारमा पुगेपछि वर्तमान सरकारले गरेका निर्णयहरूलाई उल्टाउँछौ भन्दै आफ्ना उद्घोषहरू बाहिर ल्याइरहेका छन् भने अर्कातिर अन्य राजनैतिक व्यवसायीहरूबाट गठित वर्तमान मन्त्रिपरिषद्ले गरेको निर्णय अमान्य भए निर्णय उल्टाए हुन्छ भन्ने चुनौती पनि विपक्षी राजनैतिक व्यवसायीहरूलाई दिइरहेका छन्।

यहाँ विचारणीय कुरा के हो भने, अहिले युवाहरूको खाडी पलायन भइरहेको अवस्थामा वृद्धवृद्धालाई सामाजिक सुरक्षा अत्यावश्यक मात्रै होइन, अनिवार्यता पनि हो। यसमा कसैको पनि विमति हुन सक्दैन तर यही विषयलाई कुनै राजनीतिक व्यवसायीले सहयोग गरेको कारणले मात्र आफ्नो राजनीति अभिष्ट पूरा हुन्छ भन्ने कुरा कसैले ठम्याउँछ भने त्यो गलत ठम्याइ हो। वृद्धवृद्धाका आवश्यकताहरूलाई सामान्य एक-दुई हजारको भत्तामा मात्र सीमित कदापि गराइनुहुन्न। चोखो मनले मनमोहन अधिकारीको पालामा प्रवेश पाएको यो विषयले अहिले बृहत् राजनीतिक आवरणमार्फत् चलखेल गर्ने र आ-आफ्नो राजनीतिक दुनो सोझ्याउने नाममा जथाभावी निर्णय गर्ने अनि जथाभावी वृद्धवृद्धाहरूले प्राप्त गरिसकेको सेवा सुविधा पनि खोस्ने दुवै कार्य गलत कार्यको परिभाषभित्र पर्न जान्छ। अहिले सतहीमा आएका दुवै राजनीति व्यवसायीहरूका द्वन्द्वलाई यही अर्थमा बुझ्न थालेका छन् जनताले।

आजका बालबालिकाहरू भोलिका भविष्य हुन् भने जस्तै आजका वृद्धवृद्धाहरू हिजोका भविष्य थिए भन्ने कुरा सन्तान, समाज, समुदाय र सरकारले कदापि बिर्सनु हुँदैन। आजका वृद्धवृद्धाहरूले आफ्नो समयमा अर्थपूर्णरूपमा योगदान नगरेको भए विशेष गरी आजका युवा पुस्ताले वर्तमान संसारमा आफ्नो योगदान दिने अवस्थानै आउँदैनथ्यो। यस अर्थमा पनि वृद्धवृद्धाहरूका लागि अहिले संविधान तथा अन्य कानुनमार्फत् प्रदान गरिएका केही संवैधानिक र कानुनी अधिकारहरूलाई अझ व्यापकरूपमा उनीहरूको हितमा संशोधन गरिनुपर्दछ। जुन संशोधनमार्फत् वृद्धवृद्धाका सम्पूर्ण आवश्यकतालाई यथार्थरूपमा सम्बोधन गरिएको होस्।

वास्तविकरूपमा वृद्धवृद्धाका समस्या भनेको केही हजार रुपियाँको समस्या हुँदै होइन। उनीहरूका आवश्यकता भनेको दैनिक स्याहारसुसार, समय-समयमा आवश्यकताअनुसारका खाना, आफूले मानिआएको धर्मलाई निरन्तरता, बिरामी पर्दाको अवस्थामा जस्तोसुकै ठूलो रोग लागेको भए तापनि आवश्यकताअनुसार उपचारको व्यवस्था अर्थात् वृद्धवृद्धा रहेका स्थानमै डाक्टरको र औषधि पानीको सेवासुविधा अनि स्याहार सम्भारको व्यवस्था। यति भयो भने मासिक केही हजारको भत्ता आवश्यक पर्दैपर्दैन। सामान्यतः विचार पुऱ्याउने हो र मन वचनले राजनैतिक व्यवसायी विनाका कुनै गतिलो सरकारले ध्यान दिने हो भने भत्तामा मात्र खर्च हुने वार्षिक रकमले यो काम गर्न सकिन्छ मात्र लगनशिलता, पारदर्शिता र इमानदारिताको खाँचो हो।

अब सरकारमा जान ठिक्क परेका राजनीतिक व्यवसायीहरूले अहिले दिएको वृद्धभत्तामा छुसुक्क छुन पनि हुँदैन। यो पक्कै गलत कार्य हो कि काम चलाउ सरकारले मनपरि निर्णय गर्न पाउँदैनथ्यो, कतिपय छुन नहुने विषयमा पनि निर्णय गरेको छ, त्यो छुट्टै विषय हो। तर अझै पनि जनता त्यति सचेत नभइसकेको अवस्थामा कुनै पनि सरकारले प्रदान गरेका सेवासुविधा अर्को सरकारले गएर खोस्छु भन्नु कदापि सुहाउने कुरा हुँदै होइन। साथसाथै ७५ वर्ष उमेर पुगेका व्यक्तिलाई वृद्धवृद्धा मानी प्रदान गरिएको भत्तालाई आफ्नो राजनीति अभिष्ट पूरा गर्ने उद्देश्यले मात्र उमेर घटाउँदै लगि वृद्धवृद्धाको परिभाषालाई आफ्नो अनुकूल परिभाषित गर्नु न्यायको दृष्टिले पनि कदापि उचित मानिदैन।

वृद्धवृद्धाप्रति सरकार वास्तवमा सम्वेदनशील हुन सकेकै छैन। जसरी बालबालिकाको सम्पूर्ण जिम्मेवारी बाबुआमाले लिनुपिर्ने वातावरण सिर्जित गरिएको छ। त्यसै गरी वृद्धवृद्धाका सम्पूर्ण जिम्मेवारी प्रथमरूपमा तिनीहरूका छोराछोरीले नै लिनुपर्ने अवस्थाको सिर्जना गरिनुपर्दछ। यस विषयमा सरकारको अझै ध्यान पुगेको छैन। २०७५ साल भाद्रदेखि लागू हुने गरी सार्वजनिक भएका मुलुकी देवानी (संहिता) ऐन, २०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ ले वृद्धवृद्धाप्रति छोराछोरीले लिनुपर्ने दायित्वबारे छुस्स छुन खोजेको मात्र देखिन्छ, जुन यथार्थ धरातलमा अपूरो मात्रै होइन त्यसमा व्यापक संशोधनको आवश्यकता छ। उक्त ऐनको परिच्छेद-३ को दफा १२२ को उपदफा (१) र (२) ले सामान्य व्यवस्था मात्र गरिदिएको छ। जसअनुसार आफ्ना आमाबाबुलाई प्रत्येक छोराछोरीले आदर तथा सम्मानका साथ व्यवहार गर्नुपर्ने र सगोलमा भए पनि भिन्न बसेको भए तापनि छेराछोरीको आर्थिक हैसियतअनुसार आवश्यक हेरचाह, स्याहारसुसार र औषधि उपचार गर्नुपर्ने दायित्व प्रदान गरेको छ। तथापि त्यसरी आफ्ना छोराछोरीले नहेरेको अवस्थामा मर्का पर्ने पक्षले भए गरेको मितिबाट छ महिनाभित्र उजुरी गर्ने प्रावधान राखिएको छ जसले राज्यका तर्फबाट वृद्धवृद्धाको हितमा चालिएको कदम भए तापनि अधुरो रहेको अनुभूति वृद्धवृद्धाले पोखेका छन्। आफ्नो आयस्रोत राम्रो भएर पनि आफ्ना आमाबाबुलाई नहेर्ने छोराछोरीलाई ६ महिनाभित्र कहाँ गएर मुद्दा हाल्न जानु हामी बूढाबढीले भनेर आएको वृद्धवृद्धाको तर्कलाई किमार्थ अन्यथा भन्न मिल्दै मिल्दैन।

अहिले पनि कतिपय छोराछोरी आफ्ना वृद्ध बाबुआमालाई आफ्नो हैसियतअनुसार पालनपोषण गर्न त परै जाओस वृद्धवृद्धाका सम्पत्ति धनमाल सबै आफ्नो नाममा पारेर उपचार गर्ने भन्दै ल्याएर कतिपय वृद्धवृद्धालाई अस्पतालमा, कतिपयलाई वृद्धाश्रममा र कतिपयलाई खुल्ला स्थानमा अलपत्र छोडेर भागेको हामीले देख्ने सुन्ने गरेका छौं। यस अर्थमा पनि वृद्धवृद्धाको लागि अब राज्य गम्भीर हुनै पर्दछ। वर्तमान कानुनमा व्यापकरूपमा संशोधन गरेर भए पनि छोराछोरी भएका बाबुआमालाई छोराछोरीको हैसियतअनुसार पाल्नैपर्ने अनिवार्यता गराइनुपर्दछ। यसका लागि सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्दछ। मुद्दा चलाउनैपर्ने अवस्था सिर्जित भएमा पनि राज्यले वृद्धवृद्धाको हकमा अग्रसरता लिइदिनुपर्दछ। यति भयो भने सामान्यतया वृद्धवृद्धालाई सरकारले प्रदान गर्ने केही हजार रुपियाँभन्दा लाखौं गुणा उपलब्धिमूलक कार्य भएको ठहरिनेछ।

*(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)*

> यो पक्कै गलत कार्य हो कि काम चलाउ सरकारले मनपरि निर्णय गर्न पाउँदैनथ्यो, कतिपय छुन नहुने विषयमा पनि निर्णय गरेको छ, त्यो छुट्टै विषय हो। तर, अझै पनि जनता त्यति सचेतनभइसकेको अवस्थामा कुनै पनि सरकारले प्रदान गरेको सेवासुविधा अर्को सरकारले गएर खोस्छु भन्नु कदापि सुहाउने कुरा हुँदै होइन।

## पाठक पत्र

### हामी हदैसम्मका सोझा

दिल्ली साउथ ब्लकको केही स्वार्थ पूरा नहुने भएपछि २०४६ सालमा भारत आफैं अघि सरेर र आफ्नो शक्ति र आफ्ना एजेन्टहरू परिचालन गरेर बहुदल ल्याइदिएको वास्तविकता हामीले धेरै पछि बुझ्यौं। ४८ सालबाट नै राष्टवादी शक्तिलाई कमजोर बनाउने र आफ्ना दलालहरूलाई माथि उचाल्ने काम भारतबाट सबै पार्टीभित्र भएको कुरा पनि हामीले पछि मात्र बुझ्यौं। माओवादी वितण्डा त भारतको प्रत्यक्ष संलग्नतामा भएको यथार्थ छर्लंग हुन हामीलाई ७ वर्ष लाग्यो।

लुट्नुअघि नसालु पेय पदार्थ खुवाउनेहरूले पनि त कति आत्मीय कुरा गरेर मानिसलाई विश्वासमा लिएका हुन्छन्, आफ्नो हितैषी जस्तो बनेर देखाउँछन्। तर उस्को लुट्ने उद्देश्य त लुटिएपछि पो थाहा हुन्छ। त्यसै गरी भारतले नेपालमा गरेको सब गेम एबिल पनि हामीले सबै लुटिइसकेपछि मात्र बुझ्ने कि लुटिनुअगाडि नै बुझ्ने ?

*– सुरज शर्मा, भूगर्भविद्*

### देउवा सरकार र बेथिति नै बेथिति

नेपालका हरेक क्षेत्रमा बेथितिले सीमा नाघेको अवस्था छ। यहाँ निर्वाचन सम्पन्न भएको दुई महिना बितिसक्दा पनि निर्वाचन आयोगले नतिजा सार्वजनिक गर्न सक्दैन। सो संवैधानिक अंग कहिले आफ्ना हरेक काममा सरकारको मुख ताकेर बस्छ त कहिले राजनीतिक दलका नेताको इशारा पर्खन्छ। त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधि हेर्ने हो भने यो मुलुकमा कतै भ्रष्टाचार र अनियमितता भएकै छैन भन्ने बुझिन्छ। किनभने, उसले चूडामणि शर्माबाहेक अरू कुनै भ्रष्टाचारी फेला पार्न सकेको देखिँदैन।

महालेखापरीक्षकको कार्यालय राज्यका निकायहरूको खर्चको समर्थन गर्नेबाहेक अर्को हैसियत नहुने भयो। गत वर्षको प्रतिवेदनमा शुकदेव भट्टराई खत्रीले साहसपूर्वक लेखेको बेरुजूको संपरीक्षण गरेर अहिलेका महालेखा परीक्षकको दिन बितिरहेको छ। नेता, उच्च सरकारी पदाधिकारी र बिचौलिया प्रवृत्तिका व्यक्तिहरूको आवतजावत बबरमहलस्थित महालेखापरीक्षकको कार्यालयमा बढेको छ। केहीअघि संसद् सचिवालयको आर्थिक बेथितिको मिलान गर्न महालेखा पदाधिकारी संसद् सचिवालमै पुगेका थिए।

नेपाल प्रहरीले अहिले यो मुलुकमा सबैभन्दा ठूलो अपराधी नवराज सिलवाललाई देखिरहेको छ। भएभरको मुलुकको प्रहरी शक्ति सिलवाललाई खोज्न लागेको छ। यतिले नपुगेर उनका नाममा इन्टरपोलमार्फत् डिफ्युजन नोटिस जारी भएको छ। जबकि, टीकापुर नरसंहारका प्रमुख अभियुक्त रेशम चौधरीका हकमा प्रहरीले यो तहको सक्रियतासमेत आवश्यक ठानेको छैन।

कामचलाउ सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा जाँदाजाँदै भटाभट आर्थिक सहायता बाँड्दै छन्। यो सरकारले ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दीर्घरोगीलाई निर्वाह भत्ता आदिको सीमा फराकिलो बनाउँदै छ। नयाँनयाँ शीर्षकमा राज्यकोषमा दीर्घकालीनरूपमा भार पार्ने नीतिगत निर्णय गर्दै छ। ठूल्ठूला खरिद बिक्रीका निर्णय गर्दै छ। राज्यका महत्त्वपूर्ण निकाय र सार्वजनिक संस्थानहरूमा राजनीतिक र आर्थिक सम्बन्ध भएका निकटस्थहरूलाई भर्ती गर्दै छ।

देउवा सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा उच्च पद सिर्जना गरेर धमाधम बढुवा गर्दै छ। राज्यका प्रमुख सुरक्षा अंगको संवेदनशीलता नबुझी केही व्यक्तिको स्वार्थमा गरिने यस्ता निर्णयले ती संगठनमा असन्तुष्टिको आगो भित्रभित्रै सल्कँदै छ। चेन अफ कमान्डमा चल्नुपर्ने यस्ता संगठनलाई अस्थिर नीति, पक्षपातपूर्ण व्यवहार र अस्वस्थ प्रतिस्पर्धाले कमजोर बनाउँदै छ। सुरक्षा संगठनभित्रै असुन्तष्टि, अन्याय, निराशा, राजनीतिक शक्तिको प्रयोग र अस्वस्थ प्रतिस्पर्धा हुर्कँदै जानु राष्ट्रिय सुरक्षा प्रणालीमै गम्भीर जोखिम पैदा गर्नु हो। देउवा सरकारले अहिले यही गरिरहेको छ।

राज्यको ढुकुटी ऋणात्मक भइसक्यो। आन्तरिक र बाह्य स्रोतबाट ऋण काडेर मुलुकको प्रशासन चलाइँदै छ। त्यसमाथि आफ्ना र आफन्तलाई पोस्न दिनदिनै मन्त्रिपरिषद् बैठक बसेर राज्यको स्रोत जथाभावी बाँडिँदै छ। संसद्को अनुमति भएका शीर्षक रचेर, रकमान्तर गरेर मात्रै यो काम चलाउ सरकारले पछिल्लो तीन महिनामा २५ अर्बभन्दा रकम खर्चेको छ। उसका दीर्घकालीन प्रकृतिका निर्णयले बर्सेनि डेढ खर्च राज्यको ढुकुटीमा भार थपिएको छ। तर, सरकारका यस्ता अनियमित, अराजक र अपव्ययपूर्ण क्रियाकलाप रोक्ने र हस्तक्षेप गर्ने कुनै निकाय राज्यमा देखिएका छैनन्।

मुलुकको न्यायपालिका एकपछि अर्को विवादमा मुछिएको छ। न्यायिक नेतृत्वको पृष्ठभूमि त आफैंमा विवादित छँदै थियो, त्यसमाथि भ्रष्टाचारीलाई पोस्ने, राज्यको ढुकुटीमा आघात पार्ने खालका प्रवृत्ति प्रोत्साहित गर्ने निर्णयले न्यायालयप्रतिको जनआस्था थप खलबलिन पुगेको छ। त्यसमाथि न्यायिक नेतृत्वविरुद्ध सडकमै नाराबाजी र अनसन हुन थालेपछि आमनागरिकमा थप शंका पैदा भएको छ।

नेपाली सेनालाई फास्ट ट्र्याक, त्रि-चन्द्र मिलिट्री अस्पतालको व्यावसायीकरण र निजीकरण, पार्टी प्यालेस सञ्चालन, जग्गा प्लटिङ, डिपार्टमेन्टल स्टोर सञ्चालन, मेडिकल कलेजजस्ता महँगा र व्यावसायिक प्रकृतिका परियोजनाहरूका कारण विवादमा ल्याइँदै छ। यी समग्र प्रकरणले के देखाउँछ भने, मुलुकका सार्वजनिक संस्थाहरूलाई नियोजित तवरले विवादित र क्षयोन्मुख बनाइँदै छ। हाम्रो राष्ट्रिय शक्तिलाई विभाजित र कमजोर बनाइँदै छ। समाजमा असन्तुष्टि र तिक्तता फैलाएर विभाजनको खेती गर्नुछ भने जनताले पत्याएको संस्थामा एक विवादित पात्रलाई उभ्याइदिए पुग्छ। प्रक्रियालाई विवादित बनाइदिए पुग्छ। अहिले सबैतिर त्यही भइरहेको छ।

दीर्घकालसम्म प्रभाव पार्ने प्रदेश प्रमुखको नियुक्तिमा कांग्रेसले चरम कार्यकर्ताकरण गऱ्यो। नयाँ जनादेश प्राप्त संसदका ठूला शक्तिहरूको सहमति लिने आवश्यकता उसले ठानेन। राष्ट्रिय सभासम्बन्धी विधेयकमा राष्ट्रपतिलाई विवादित बनाइदियो। प्रधानमन्त्री भन्ने पद र संस्थालाई देउवाले घृणाको विम्ब बनाइसकिएको छ। सार्वजनिक संस्थाहरूलाई यो हदसम्म विवादित, कमजोर र क्षयोन्मुख बनाएर कतै यो प्रणालीलाई नै धरासायी बनाउने खेल त होइन ? नयाँ संविधानलाई चल्न नदिने, अर्थतन्त्रलाई दुर्घटनामा पुऱ्याउने, वाम गठन्धनको प्रचण्ड बहुमतसहितको संसद्लाई टिक्न नदिने र जनताको स्थायित्वको अपेक्षा पूरा हुन नदिने नियोजित षड्यन्त्र त होइन ? यो नेपाली जनाताले सबै बुझ्नेछन्। लाटा छैनन् नेपाली, चेतना भया।

*– शरदराज सिंखडा, गाउँसुधार समिति अध्यक्ष, सुपाली ठाँडा*

## सामाजिक सञ्जाल



नेपालमा उत्पादित कृषिजन्य तथा अन्य वस्तु भारतमा निर्यात गर्दा जे-जस्ता अवरोध छन्, त्यसलाई हटाउन अनि भारतबाट र भारत हुँदै नेपालमा आउने सामानमा जति ढिलाइ र खर्चिलो हुने गर्छ त्यसलाई कम गर्न नसके नेपाल-भारत सम्बन्ध कुरामै सीमित हुनेछ।

**Rabindra Adhikari**
**@RabindraADH**



जिन्दगी सजिलै पाएको हैन साथी, लाखौं शुक्रकीटलाई हराएर लिएको जन्म हो। हार नमानौं, बाँच्न सिकौं।

**सागर**
**@sagarkhnal**

{ वरिष्ठ तथा अनुभवी डाक्टरहरुको उपलब्धता रहेको ग्रान्डी अस्पताल न्युरो मेडिसिन तथा न्युरो सर्जरीका लागि पनि यो अस्पताल उच्च प्राथमिकताको गन्तव्यका रुपमा स्थापित भइसकेको छ।

# नेपाल

## एम्बुलेन्स किन्न साढे ११ लाख नगद संकलन

नेपाल समाचारपत्र

भक्तपुर

चाँगुनारायण नगरपालिकाका साथै मण्डनदेउपुर नगरपालिका र आसपासका क्षेत्रमा आकस्मिक एम्बुलेन्स सेवा सञ्चालन गर्न विभिन्न दाता एवम् संघसंस्थाहरूबाट ११ लाख ४१ हजार ५ सय रुपियाँ संकलन भएको छ। नेपाल रेडक्रस सोसाइटी नगरकोट उपशाखाले नयाँ एम्बुलेन्स खरिद गरी सेवा प्रदान गर्न आयोजना गरेको सहयोग संकलन अभियानबाट ११ लाख ४१ हजार संकलन भएको उपशाखा सभापति सोम शर्मा (बजगाईं) ले जानकारी दिनुभयो।

सहयोग प्रदान गर्नेमा युवा बचत तथा ऋण सहकारी संस्था लि. २ लाख ५० हजार रुपियाँ, झझल्को बचत तथा ऋण सहकारी संस्था लि. १ लाख ११ हजार, मुहान गणेश साकोसबाट १ लाख, चाँगुनारायण नगरपालिकाबाट २ लाख, रेडक्रस जिल्ला शाखा भक्तपुरबाट १ लाख, व्यवसायी सरोज थापाबाट ३० हजार, निर्माण व्यवसायी संघ भक्तपुरबाट २५ हजार, केशव अधिकारी, राजाराम खड्का, सोम शर्मा (बजगाईं), सुशिला शाह, ज्ञानबहादुर केसी, श्रीराम लामिछाने र दिवाकर मुनकर्मीबाट २५-२५ हजार र अन्य विभिन्न दाता तथा संघसंस्थाबाट १ लाख ९० हजार रुपियाँ संकलन भएको सभापति बजगाईंले जानकारी दिनुभयो।

सहयोग संकलन अभियान कार्यक्रममा प्रदेशसभाका सांसद हरिशरण लामिछानेले एम्बुलेन्स खरिद गर्नुभन्दा सञ्चालन र सही व्यवस्थापन गर्नु प्रमुख चुनौती भएकाले एम्बुलेन्स प्रभावकारी सञ्चालन गर्ने विधि र योजना निर्माण गर्नु आवश्यक रहेको बताउनुभयो। सो अवसरमा जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलालले सामाजिक संघसंस्थाले सञ्चालन गर्ने र गरिरहेको एम्बुलेन्सको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारका रुपमा रहेको नगरपालिकाले लिनुपर्ने बताउनुभयो।

कार्यक्रममा रेडक्रस जिल्ला शाखा भक्तपुरका कोषाध्यक्ष प्रदिप केसी, निर्माण व्यवसायी संघ भक्तपुरका अध्यक्ष निरञ्जन बजगाईं, कांग्रेस नेता राजाराम खड्का, वडा नं. ७ का वडा अध्यक्ष ज्ञानबहादुर केसी, सल्लाहकार हरिबोदन बास्तोला, रेडक्रस जिल्ला सदस्य सुभद्रा काफ्लेलगायतले समुदायको सक्रियतामा समुदायकै लागि सञ्चालन गरिने एम्बुलेन्सको प्रभावकारी व्यवस्थापनका लागि रेडक्रसले समन्वय गर्नुपर्ने बताउनुभयो।

## ६० जनाले गरे रक्तदान

काठमाडौं, (नेस)

जेनिथ सेकेन्डरी स्कुल बाफलको आयोजनामा शनिबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ। विद्यालय परिसरमा आयोजित कार्यक्रममा ६० जनाले रक्तदान गरे।

रक्तदानको महत्त्व बुझाउँदै स्वयंसेवी दाताको संख्या बढाउन यस्तो कार्यक्रमको आयोजना गरिएको विद्यालयले जनाएको छ। पूर्वविद्यार्थी, अभिभावक, शिक्षक/कर्मचारी र स्थानीय बासिन्दाले रक्तदान गरे। पुरुषहरूको तुलनामा महिला रक्तदाताको उत्साहपूर्ण सहभागिता रहेको विद्यालयका प्रिन्सिपल शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो।

विद्यालयले हरेक वर्ष रक्तदानबारे सचेतनामूलक कार्यक्रम आयोजना गर्दै आएको र यसपटकको कार्यक्रम ९औं रहेको उहाँले बताउनुभयो।



## चितवनमा आकस्मिक उपचार

काठमाडौं, (नेस)

काठमाडौंको टोखा धापासीमा रहेको ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालले चितवनमा आकस्मिक उपचार तथा न्युरोसाइन्सेज विषयको मेडिकल अपडेटसहितको सीएमई सम्पन्न गरेको छ।

भरतपुर गार्डेन रिसोर्टमा सम्पन्न सो सीएमईमा इभ्यालुएसन एन्ड म्यानेजमेन्ट अफ सिन्कोप न्युरोलोजिस्ट प्रस्पेक्टिभ विषयमा वरिष्ठ न्युरोलोजिस्ट डा. राजु पौडेलले प्रवचन दिनुभएको थियो। त्यसै गरी भास्कुलर इमरजेन्सी इन न्युरो सर्जरी विषयमा वरिष्ठ न्युरो सर्जन डा. अमित थापाले र हेलिकोप्टर इमरजेन्सी मेडिकल सर्भिसेजका बारेमा वरिष्ठ इमरजेन्सी फिजिसियन अजय सिंह थापाले प्रवचन दिनुभएको थियो।



वरिष्ठ तथा अनुभवी डाक्टरहरूको उपलब्धता रहेको ग्रान्डी अस्पताल न्युरो मेडिसिन तथा न्युरो सर्जरीका लागि पनि यो अस्पताल उच्च प्राथमिकताको गन्तव्यका रुपमा स्थापित भइसकेको छ।

देशको पहिलो ईएमएस तथा एचईएमएस सेवा शुरु गरेको अस्पतालले चिकित्सक र नर्सिङ स्टाफसहितको एम्बुलेन्स तथा एयर एम्बुलेन्सको माध्यमबाट आकस्मिक उपचार र उद्धार गरी सयौं बिरामीहरूलाई अस्पतालमा ल्याएर सफल उपचार गरिसकेको छ।

विश्वस्तरीय अत्याधुनिक उपकरणसहितको मोड्युलर अपरेसन थिएटर जहाँ ल्यामिनर एयर फ्लो र हेपा फिल्टरको सुबिधा छ। साथमा अस्पतालको एन्टिमाइक्रोबियल स्टिवर्डसिप तथा इन्फेक्सन कन्ट्रोल कार्यक्रमले बिरामीको उपचारलाई संक्रमणरहित बनाउनुका साथै छिटो निको हुनेसमेत गरेको छ। त्यसै गरी अस्पतालको आईसीयू सीसीयू, हाइकेयर, एनआईसीयू र पीआईसीयूले बिरामीको सघन उपचारको आवश्यकतालाई पूरा गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ।

एकै छानामुनि ३५ वटा विभिन्न विशेषज्ञ उपचार सेवाहरू उपलब्ध रहेको ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा अलगअलग विधाका विशेषज्ञहरूको सहज उपलब्धताले जटिलभन्दा जटिल प्रकृतिका बिरामीहरूको उपचारसमेत सम्भव हुने गरेको छ।

## सूर्यविनायक नगरपालिकाको सरसफाइ अभियान

भक्तपुर, (नेस)

सूर्यविनायक नगरपालिकाले शनिबार नगरक्षेत्रभित्र पर्ने अरनिको राजमार्ग सरसफाइ अभियानको शुरुआत गरेको छ। नगरपालिकाले राधेराधे चोक, पाण्डोबजार चोक र पलाँसे चोकमा नगरपालिकाका निर्वाचित जनप्रतिनिधि ,स्थानीय नागरिक समाजका अगुवा ,नगरपालिकाको कर्मचारीहरूको उपस्थितिमा नगरपालिका क्षेत्रको अरनिको राजमार्ग सरसफाइ गरेको हो।

कार्यक्रममा नगरपालिकाका प्रमुख बासुदेव थापाले नगरपालिकालाई स्वच्छ, सफा बनाउने अभियानस्वरूप शनिबारदेखि सरसफाइ अभियान थालिएको बताउनुभयो। थापाले सरफाइको शुरुआत मात्र भएको भन्दै यो यस अभियानले निरन्तरता पाउने बताउनुभयो। सो अवसरमा नगरपालिकाका उपप्रमुख जुना बस्नेत, वडा नं. ७ का वडाध्यक्ष रबिन्द्र सापकोटा, नगरपालिकाका प्रवक्ता उपेन्द्र केसी र नागरिक समाजमा अगुवाहरूले सबैको साथ भए नगरपालिकालाई सफा नगर बनाउन समय नलाग्ने बताउनुभयो।

हालै नगरपालिकाको सम्पन्न दोस्रो नगरसभाले फोहोरमैला व्यवस्थापन नियमावली निर्माण गरी नगरक्षेत्रलाई सफा राख्नका लागि अभियान सञ्चालन गर्ने निर्णय भएअनुसार नगरपालिकाले सरफाइ अभियान सञ्चालन गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी तिम्सिनाले जानकारी दिनुभयो। नगरपालिकाले १० वटै वडामा सरसफाइ समिति निर्माण गरिएको र उक्त समितिले स्थानीयस्तरबाट उत्सर्जन हुने फोहोरलाई सम्भव भएसम्म स्थानीय तहमा नै व्यवस्थापन गर्ने प्रयास थालनी गरिसकेको छ।


**Government of Nepal**
**Ministry of Irrigation**
**Department of Irrigation**
**Irrigation Management Directorate**
**Koshi Pump, Chandra Nahar Irrigation Management Division**
**Rajbiraj, Saptari**

### Invitation for Bids

**First Date of Publication : 2074/10/21**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Emergency work of Chandra Nahar and Pump Canal System and intends to apply part of the funds to cover eligible payments under the following Contract specified below in the table. Bidding is open to all eligible bidders.
2. Koshi Pump,Chandra Nahar Irrigation Management Division, Rajbiraj, Saptari invites electronic bids from eligible bidders for ***Emergency works*** under National Competitive Bidding Single Stage Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Koshi Pump Chandra Nahar Irrigation Management Division, Rajbiraj, Saptari, e-mail: koshipump.irrigation@gmail.com Phone no.: 031-520107 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account payment of a non-refundable fee till 22nd Falgun 2074, as specified below

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank :Rastriya Banijya Bank Ltd. ,Rajbiraj,Saptari
Name of Office : District Treasury Office, Rajbiraj, Saptari
Office Code no. : 15-357-02
Office Account no. : ka 1-1-001
Rajaswa (revenue) Shirshak no. : 14227

**Information to deposit the cost of Bid security amount in Bank** :
Name of the Bank : Rastriya Banijya Bank Ltd.,Rajbiraj, Saptari
Name of Office : District Treasury Office, Rajbiraj, Saptari
Office Code no. : 15-357-02
Dharauti Account no. : 2180203
Rajaswa (revenue) Shirshak no.: 14227

5. Pre-bid meeting shall be held at Koshi Pump,Chandra Nahar Irrigation Management Division, Rajbiraj, Saptari at 13:00 PM on 8th Falgun 2074.
6. Electronic bids must be submitted to the PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hour on 22nd Falgun 2074 . Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hour on 22nd Falgun 2074 at the office of Koshi Pump,Chandra Nahar Irrigation Management Division, Rajbiraj, Saptari.
8. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum is given below, which shall be valid for 120 days.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Koshi Pump, Chandra Nahar Irrigation Management Division, Rajbiraj, Saptari reserves the right to accept or reject any or all Bid fully or partially and to annul the bidding process at any time without giving any reason whatsoever. CONDITIONAL Bid will not be entertained.
11. The condition, process and procedures not mentioned above will be as per GON Public Procurement act-2074, and Regulation-2074 and Working Directives of DOI/MOI.

| SN | Description of work | Annual Construction Turnover NRs.(Million) | Specific Experience NRs.(Million) | Bid Document Cost NRs. | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | EW/KPCCIMD/CNS/03-074/75 (Construction of Canal Lining and proection work) | 103.67 | 18.80 | 5000.00 | 562000.00 | |
| 2 | EW/KPCCIMD/PCS/02-074/75 (Construction of Retaining wall, Outfall and Canal lining (D/S of Pump House B) | 118.06 | 21.41 | 5000.00 | 640000.00 | |

**Division Chief**


### सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्य लाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
**वृष** : कार्य नाश, शोक, सन्तान-कष्ट, वायु विकार, धन हानि।
**मिथुन** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, चिन्ता।
**कर्कट** : द्रव्य लाभ हुने, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**सिंह** : धननाश मानसिक अस्थिरता, असन्तोष, नेत्र विकार, अपव्यय।
**कन्या** : धनप्राप्ति, कोसेली-पुरस्कार प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**तुला** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ।
**वृश्चिक** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**धनु** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक निरोगिता, क्षमता वृद्धि।
**मकर** : राज्यबाट भय, अपयश, व्यर्थ प्रवास, व्यापारिक असफलता।
**कुम्भ** : रोगको भय, कार्यमा बाधा-व्यवधान, धन हानि, अस्वस्थता।
**मीन** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।

# नेपाल

कुटपिटबाट घाइते भएकै अवधिमा पहलबहादुरकी पत्नी ५४ वर्षीया रत्नादेवी कामीको माघ १६ गते झाडापखालाबाट मृत्यु भएको छ। घरमा काजक्रियामा जुटिरहेको अवस्थामा पनि तनाव दिने र अझैं कुटपिटको धम्की दिएको कारण जोहरी दिएको पीडितको भनाइ छ।

## बनेपाको सडक अतिक्रमण हटाउन अल्टिमेटम

**नेपाल समाचारपत्र**

काभ्रे

बनेपा नगरपालिका क्षेत्रभित्र पर्ने अरनिको राजमार्ग दायाँबायाँ सडक सीमाभित्रको क्षेत्रलाई व्यवस्थित र सुन्दर बनाउन नगरपालिकाले अन्तिम पटक अल्टिमेटमसहितको अनुरोध गरेको छ।

जनप्रतिनिधि नभएको अवस्थामा कर्मचारी र प्रहरी प्रशासनबाट पटक-पटक भएका प्रयासहरू असफल भएका थिए। जनप्रतिनिधिहरू निर्वाचित भएदेखि नै राजमार्गको अतिक्रमण हटाई नगरलाई सुन्दर बनाउने अभियान शुरू भएको थियो। बनेपा नगरपालिकामा १३, १४, १०, ११, ८, ७ र ६ नम्बर वडा अरनिको राजमार्गभित्र पर्दछन्।

राजमार्गको अतिक्रमण हटाएलगत्तै सहायक मार्ग पनौती जाने सडक, चण्डेश्वरी मार्ग, नाला जाने मार्गलगायतका क्षेत्रको अतिक्रमण हटाइनेछ। सडक डिभिजन कार्यालय भक्तपुरले २०७४ पौष ७ गते र बनेपा नगरपालिकाले २०७४ पौष १३ गते सार्वजनिक सूचना प्रकाशित गरी १५ दिनभित्र सडक सीमा क्षेत्र खुला गर्न अतिक्रमणकारीलाई अनुरोध गरेको थियो।

सडकको अतिक्रमण गरी लाभ लिनेहरूले पटक-पटक सरकारी नियमको अवज्ञा गर्दै आएका छन्। नगरपालिका र सडक डिभिजन कार्यालयले दिएको समयसीमा सकिएपछि बसेको नगरको बैठक र सरोकारवालाहरूको अन्तर्क्रियाबाट पुनः अल्टिमेटम दिने निर्णय गरेको थियो। बैठकले माघ १८ गते बिहीबारबाट अरनिको राजमार्ग दायाँबायाँको क्षेत्र खाली गराउने गरी अभियान सञ्चालन गर्ने भएको छ। यात्रुवाहक सवारीसाधन नगरपालिकाले व्यवस्था गरेको बसपार्कमा तोकिएबमोजिमको पार्किङ शुल्क तिर्ने गरी अनिवार्यरूपमा पार्किङ गराउने निर्णय भएको छ। तोकिएबाहेक अन्यत्र सडक छेउमा पार्किङ गरेमा कानुनबमोजिम कारबाही गर्ने नगरपालिकाले निर्णय गरेको नगर प्रमुख लक्ष्मीनरसिंह बादेले जानकारी दिए।

मालसामान लोड अनलोड गर्नका लागि छुट्टै समय तोकिएको छ। स्थानीय रुटहरूमा चल्ने यात्रुवाहक सवारीसाधन मूल सडक दायाँबायाँ निर्माण भएको सर्भिस रोडबाट सञ्चालन गरी तोकिएको स्थानमा यात्रु चढ्ने ओर्लने प्रयोजनका लागि मात्र रोक्न पाइनेछ। निजी सवारीसाधनको हकमा आफैंले पार्किङको व्यवस्था गर्नुपर्नेछ। राजमार्ग दायाँबायाँ पार्किङ गर्न पाइने छैन। फुटपाथमा मोटरसाइकललगायतका सवारीसाधन चलाउन तथा व्यापारिक एवं निर्माण सामग्री राख्न थुपार्न पाइने छैन। राजमार्ग दायाँबायाँ फुटपाथ पसल, ठेलागाडा, व्यापारिक वस्तु राख्ने साइकल, कवाडी वस्तु, निर्माण सामग्रीलगायतका अवरोध पुर्‍याउने वस्तु राख्न पाइने छैन।

सडक छेउमा घर बनाउनुपर्नेले निर्माण सामग्री सडक छेउमा झार्नु थुपार्नुअगाडि नगरपालिकाको अनिवार्यरूपमा पूर्व स्वीकृति प्राप्त गर्नुपर्नेछ र नपाले तोकिदिएको समयसम्म मात्र सार्वजनिक आवागमनमा अवरोध नपुग्ने गरी घेरावारा गरेर मात्र त्यस्ता वस्तु राख्नुपर्नेछ। बन्दव्यापार गर्नेले, घर, पसल, कम्पाउन्ड आदिको ढोका, सटर वा कम्पाउन्डभित्र मात्र मालसामान राखी कारोबार गर्नुपर्नेछ। सिँढी, पेटी वा फुटपाथमा कुनै प्रकारका सामान राख्न पाइने छैन।

व्यक्ति विशेष वा कुनै निर्माण व्यवसायीले ढुंगा, गिटी, रड, कवाड, पानी ट्यांकी वा अन्य कुनै चिजवस्तु अनलोड गरेमा तत्कालै हटाइसक्नुपर्नेछ। अन्यथा त्यस्ता वस्तु नगरपालिकाले कब्जामा लिई उठाउँदा हटाउँदा लागेको खर्चसमेत सम्बन्धित पक्षबाट असुलउपर गरी लिनेछ। तोकिएको सडक सीमाभित्र रहेका भौतिक संरचना हटाई सडक सीमाभित्रको जग्गामा कुनै पनि प्रकारको बालीनाली नलगाई खुल्ला राख्नुपर्नेछ। नगरपालिकाले तोकिदिएको स्थान र समयमा मात्र फोहोर निष्कासन गर्न पाइनेछ। जथाभावी फोहोर फालेमा कानुनबमोजिम कारबाही हुनेछ। बटुवाहरूले फुटपाथबाट मात्र यात्रा गरी बाटो काट्दा जेब्राक्रसिङको प्रयोग गर्नुपर्नेछ। नगर सुन्दर बनाउन बनेपा नगरपालिकाले अनिवार्यरूपमा लागू गर्न र गराउन नगरवासीहरूमा समेत अनुरोध गरेको छ।

## भूकम्पबाट विस्थापित ६५ परिवारले जग्गा पाए

नुवाकोट, (नेस)

भूकम्पसँगै गएको सुक्खा पहिराले विस्थापित भएका नुवाकोटका ६५ घरपरिवारलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जग्गा उपलब्ध गराएर पुनःस्थापनाका लागि एकीकृत बस्ती निर्माण शुरू गरेको छ।

भौगर्भिक अध्ययनअनुसार विभिन्न बस्तीबाट विस्थापितमध्ये दुई स्थानका ६५ परिवारलाई प्राधिकरणले जग्गा खरिद गरी एकीकृत बस्तीको निर्माण प्रक्रिया अघि बढाएको हो। तादी गाउँपालिका-१ उर्लेनीबाट विस्थापित ७२ परिवारमध्ये ५१ र सूर्यगढी गाउँपालिका-१ लच्याङका १४ परिवारका लागि सुरक्षित स्थानमा जग्गा खरिद गरी हस्तान्तरण गरिएको छ।

उर्लेनीबाट विस्थापितलाई तादी-३ खरानीटारमा जग्गा खरिद गरी एकीकृत बस्ती निर्माण शुरू गरिएको प्राधिकरण जिल्ला समन्वय समितिको सचिवालयका निमित्तप्रमुख वेदप्रसाद गौडेलले जानकारी दिए। उनका अनुसार लच्याङबाट विस्थापितलाई सूर्यगढी-४ हल्देकालिकामा जग्गा खरिद गरी तिनका नाममा जग्गाधनी प्रमाणपत्र पुर्जा (लालपुर्जा) प्रदान गरिएको छ।

'खरानीटारमा पुनःस्थापना गरिएको परिवारका लागि एकीकृत बस्ती निर्माण गर्न अक्सफामसँग सम्झौता गरी जग्गा सम्याउने काम अघि बढाउन लगाएका छौं', गौडेलले भने- 'हल्देकालिकामा पुनःस्थापना गर्न लागिएका परिवारलाई प्राधिकरण आफैंले सहयोग पुर्‍याउने निर्णय भएको छ।' 'राष्ट्रिय पुनर्निर्माण कार्यविधि २०७२' मा १० भन्दा बढी लाभग्राही घर परिवारले एकै स्थानमा आवास निर्माण गर्न चाहेमा प्रतिपरिवार रु. चार लाखसम्म लगानी गरिने प्रावधान छ। एकीकृत बस्तीका लागि सडक, विद्युत्, खानेपानी, विद्यालय, खेल मैदानलगायत पूर्वाधार विकास सरकारी पहलमा हुने व्यवस्था छ। पुनर्निर्माण प्राधिकरणको तथ्यांकअनुसार भूकम्प र त्यसपछिको पहिराले बस्ती जोखिममा पुर्‍याएकाले जिल्लाका उर्लेनी, घ्याङफेदी, लच्याङ, महाकाली, किम्ताङ र साल्मेका ३ सय २१ परिवार पुनःस्थापना गर्नुपर्ने देखिएको छ।

## जातीय विभेद गरेको भन्दै उजुरी

**हिक्मत नेपाली, दैलेख**

दैलेखको महाबु गाउँपालिका-२ डुंग्रीमा गुन्द्री छोएको निहुँमा कुटिएका ५५ वर्षीय पहलबहादुर कामीले आरोपित पक्ष ४९ वर्षीय भीमबहादुर रोकाय र महाबु गाउँपालिका-१ खरिगैराका २६ वर्षीय नगेन्द्र खत्रीविरुद्ध जातीय विभेद तथा छुवाछूतसम्बन्धी मुद्दाको जाहेरी दिएका छन्।

माघ १० गते आरोपित भीमबहादुरको घरमा काटेको खसीको मासु लिन गएको बेला त्यहाँ पुगेर बस्न लाग्दा गुन्द्री छोएको निहुँमा मरणासन्न हुने गरी कुटपिट गरेसँगै गाउँमा निरन्तर धम्क्याउने काम गरेको उल्लेख गर्दै पहलबहादुरले घटनाको १०औं दिनमा जिल्ला प्रहरी कार्यालय दैलेखमा जाहेरी दिएका हुन्।

गुन्द्री छोएकै विषयमा शुरूमा कुट्दै आगनमा पछारेका र आगनबाट धकेलेर तल्लो गडाको गहुँबारीमा खसाली सकेर पनि पेटमा घुँडाले टेकी छाति, मुख र टाउकोमा लात्ती र मुक्काले जताततै प्रहार गर्ने क्रममा दाहिने आँखामा लागेको चोटलगायतको चोटपटकको जिल्ला अस्तापलमा घाउजाँच गरिएको जाहेरीमा व्याख्या गरिएको छ।

पहलबहादुरले आरोपित पक्षले कुटपिट गरिहेको बेला त्यहीं भएका सोही ठाउँका शिक्षक पूर्णप्रसाद उपाध्याय र कुमार नेपालीले छुट्टयाएर मात्र ज्यान जोगाउन सकेको बताइएको छ। गहुँबारीमा उत्तानो पारेर कुट्दै गर्दा शिक्षक पूर्णप्रसाद र छिमेकी कुमार नेपालीले जोगाएर घरमा पुर्‍याइदिएका उल्लेख गरिएको छ।

घटनाको तेस्रो दिन माघ १२ गते जिल्ला प्रहरी कार्यालयमार्फत् दैलेख जिल्ला अस्पतालमा पुगी घाउजाँच गराएको र पीडक पक्षलाई छलफलका लागि झिकाइदिन ठाडो निवेदन दिएको विषयलाई लिएर अहिले पनि धाकधम्की दिएको कारण जातीय विभेद तथा छुवाछूतसम्बन्धी मुद्दा दिन बाध्य भएको पहलबहादुरको जाहेरीमा व्यहोरा उल्लेख गरिएको छ।

कुटपिटबाट घाइते भएकै अवधिमा पहलबहादुरकी पत्नी ५४ वर्षीया रत्नादेवी कामीको माघ १६ गते झाडापखालाबाट मृत्यु भएको छ। घरमा काजक्रियामा जुटिरहेको अवस्थामा पनि तनाव दिने र अझैं कुटपिटको धम्की दिएको कारण जोहरी दिएको पीडितको भनाइ छ।

जाहेरी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालयले घटनास्थलको मुचुल्का गराउन गैडाबाज प्रहरी चौकीलाई निर्देशन गरिसकेको दैलेखका प्रहरी प्रमुख डीएसपी सरोज पौडेलले जानकारी दिए।

प्रहरीमा जाहेरी बुझाएको थाहा पाएपछि वडा नं. १ का वडाध्यक्ष हरिप्रसाद उपाध्यायलगायतका राजनीतिक नेतृत्वले पीडित पक्षलाई मेलमिलाप गराउन दबाब दिएको पहलबहादुरका जेठा छोरा कृष्णबहादुर नेपालीले बताए।

'जातीय भेदभाव तथा छुवाछूत कसूर र सजाय ऐन २०६८' बमोजिम कडा कारबाही गरिदिन जाहेरीमा माग गरिएको छ। सो ऐनअनुसार जातीय विभेद गरेको मुद्दामा १ महिनादेखि ३ वर्षसम्म कैद वा ५ सय रुपियाँदेखि २५ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था छ। ऐनले पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति भराउनेसमेतको प्रावधान छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## बेमौसमी तरकारी उत्पादनको तयारी

**नेपाल समाचारपत्र**

मुगु

मुगुका ग्रामीण भेगमा बेमौसी तरकारीका लागि परीक्षण हुन लागेको छ। सामुदायिक विकास कार्यक्रममार्फत् माटो सुहाउँदो र पर्याप्त सिँचाइको व्यवस्था भएका ठाउँमा प्लास्टिक घर निर्माण गरी तरकारी उत्पादन गर्न शुरू गरिएको छ।

खत्याड गाउँपालिकका विभिन्न वडाका बस्तीमा हिउँदे तरकारी उत्पादन गरी कृषहरूलाई आत्मनिर्भर बनाउन प्लास्टिक घर निर्माण साथै तरकारी उत्पादन गर्ने क्रम बढेको छ। ७ दिने बेमौसमी तरकारी उत्पादन सम्बन्धमा खत्याड गाउँपालिकाको माझचौरमा तालिम दिइएको हो। रिगा, सुकाडिक, आम, ठामलेख, श्रीकोट, बरातुलगायतका २ दर्जनभन्दा बढी बस्तीका कृषकलाई तरकारी उत्पादन तथा बजारीकणसम्बन्धी तालिम दिई ग्रिन हाउस निर्माण साथै बेमौसमी तरकारी रायो, बन्दा गोबी, फूलगोबी, टमाटर, फर्सी, चमसुरलगायतका तरकारीको बीउ उपलब्ध गराइएको थियो।

सदरमुकामबाट टाढाका ग्रामीण बस्तीमा हिउँद सिजनमा प्लास्टिक घर निर्माण गरी तरकारी खाने बानीको विकासमार्फत् कृषकहरूको पौष्टिक आहारमा वृद्धि गर्ने र आयआर्जनमा समेत वृद्धि हुने संस्थाका जीविकोपार्जन अधिकृत हिरा बोहोराले बताए।

'हाम्रो गाउँघरमा वर्षा सिजनमा तरकारी खान पाइन्थ्यो अब त सघ संस्था लागू भएपछि हिउँद सिजनमा समेत तरकारी खान पाइने भो र बढी भएको तरकारी स्थानीय बजारमा समेत बिक्री गरी सानो तिनो रकमसमेत हात पार्ने भएका छौं' -श्रीकोट बरातुकी रिउँली बानियाँले बताइन्।

पछिल्लो समयमा जिल्ला कृषि विकास कार्यालय ग्रामीण तथा पुनर्निर्माण संस्थाले समेत बेमौसमी तरकारीसम्बन्धी कृषकहरूलाई आवश्यक सामग्रीहरू, तालिम र बीउबिजन उपलब्ध गराएपछि हिउँद सिजनमा पनि बेमौसमी तरकारी उत्पादन गरी बिक्री गर्नेको संख्या जिल्लाका ग्रामीण भेगमा समेत उल्लेख्य छ।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङ्को विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● **SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658** ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७४, माघ
आइतबार
२१

उपचारका लागि धेरै रकम लाग्ने भएसँगै उनको आर्थिक अवस्था दयनीय भएकाले उनले सहयोगका लागि अपिल गरेका हुन्। कुँवरका दुई छोराछोरी र एक श्रीमती छन्।

# नेपाल

# वन्यजन्तुको हड्डी र छाला भारत तस्करी

**नेपाल समाचारपत्र**

भद्रपुर

झापा र इलामको वन जंगलमा रहेका वनजन्युको शिकार गरी हड्डी र छाला दक्षिणी झापाको सीमानाकाबाट भारत तस्करी भइरहेको पाइएको छ।

झापाको खुल्ला सीमानाबाट भारततर्फ वन्यजन्तुको हड्डी तथा छाला तस्करी गिरोहमा आबद्ध दुई जना भारतीयलाई भारतीय एसएसबीले पक्राउ गरेपछि तस्करी हुने गरेको पुष्टि भएको हो। पक्राउ पर्नेमा किशनगन्ज जिल्ला कोचाधामन, तेघरिया कन्हैयाबाडङी निवासी २५ वर्षीय मोहम्मद मोइन र ४० वर्षीय विष्णु रजक रहेको भारतीय एसएसबी १२ बी बटालियनका डिपुटी कमान्डर कुमार सुन्दरमले जानकारी दिए।

एसएसबीले उनीहरूको साथबाट ८ वटा हरिणको सिङसमेत फेला पारेको छ। जसको अन्तर्राष्ट्रिय बजार मूल्य नेपाली दुई करोड रहेको जनाइएको छ। झापा गाउँपालिकासँग जोडिएको भारतको दिघलबैंक नाकाबाट भित्र्याइएको हरिणको सिङलाई किशनगन्जतर्फ लैजाने क्रममा विशेष सुराकीका आधारमा एसएसबीको टोलीले किशनगन्ज-बहादुरगन्ज सडकखण्डबाट शुक्रबार पक्राउ गरेको थियो।

मोटरसाइकलमा सवार उनीहरूले हरिणको सिङलाई बोरामा हालेर लगिरहेका थिए। पक्राउ परेका दुवै जनाले हरिणको सिङ नेपालबाट ल्याएको एसएसबीलाई बताएका छन्। झापा गाउँपालिकाको सीमानामा सशस्त्र प्रहरी र नेपाल प्रहरी तैनाथ छन्। वन्यजन्तुको तस्करी बढे पनि यसतर्फ उनीहरूले चासो देखाएका छैनन्। भारतको विहार राज्यसँग जोडिएको बारेमा सीमामा रहेका बिओपीका इन्जार्चसँग तत्काल जानकारी लिने बताए। भारतीय एसएसबीले पक्राउ गरेको विषयमा अनुसन्धान गरी सीमामा सक्रियता बढाइने उनले जनाए।

दक्षिणी झापाका नाकाबाट जनावरको हड्डी तथा छाला तस्करी हुनेबारेमा आफू अनविज्ञ रहेको



झापा जिल्लाबाट वन्यजन्तुको हड्डी तथा छाला तस्करी गर्ने गिरोह सक्रिय रहे पनि झापा प्रहरी, प्रशासन बेखबर रहेको घटनाले प्रमाणित गरेको छ।

वन्यजन्तुको हड्डी तथा छाला तस्करीको विषयमा आफूलाई थाहा नभएको सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय झापाका एसपी रमेश सुवेदीले बताए। यस प्रहरी कार्यालय झापाका डीएसपी एवं प्रवक्ता जितेन्द्रकुमार बस्नेतले बताए। उनले यस विषयमा अनुसन्धान गरी सीमामा प्रहरी सक्रियता बढाउने आश्वासन दिएका छन्। यसअघि दक्षिणी नाका टाघनडुब्बा, घेराबारी र कुमरखोदलगायतका क्षेत्रबाट पशुपंक्षीको प्वाँखसमेत भारतबाट नेपालतर्फ तस्करी हुँदै आएको थियो।

# मृगौलापीडितले गरे सहयोगको याचना

**नेपाल समाचारपत्र**

गुल्मी

गुल्मीको मदाने गाउँपालिका-४ पुर्कोट म्यालपोखरीका मृगौलापीडित वसन्त कुँवरले सहयोगको याचना गरेका छन्। पुर्कोट म्यालपोखरी काभ्राका ३५ वर्षीय कुँवरका दुवै मृगौलाले काम गर्न छाडेपछि काठमाडौंस्थित त्रिवि शिक्षण अस्पताल नेप्रो वार्डको बेड नं. ३० ९ सी मा उपचाररत छन्।

उपचारका लागि धेरै रकम लाग्ने भएसँगै उनको आर्थिक अवस्था दयनीय भएकाले उनले सहयोगका लागि अपिल गरेका हुन्। कुँवरका दुई छोराछोरी र एक श्रीमती छन्।

आम्दानीको अन्य स्रोत नभएका उनको काठमाडौंमा महँगोमा उपचार गर्नुपर्ने भएकाले विभिन्न



व्यावसायिक संस्था, कार्यालय तथा क्लबसँग सहयोगको अपेक्षा गरेको कुँवरका छिमेकी गोविन्द कुँवरले जानकारी दिए।

उनको उपचारका लागि स्थानीय जनप्रिय युवा क्लब पुर्कोट दहले पनि वसन्त कुँवर बचाउ अभियान सञ्चालन गरिरहेको क्लबका सचिव दीपक जीसीले जानकारी दिए। कुँवरे लामो समययता गाडी चालक हुन्। परिवारको आर्थिक अवस्थासमेत कमजोर भएकाले उनले गाडी चलाएर परिवार चलाउँदै आएका थिए।


**Government of Nepal**
**Ministry of Irrigation**
**Department of Irrigation**
**Mid-Western Regional Irrigation Directorate**

## Irrigation Development Sub-Division, Banke

**(First Date of Publication:- 2074/10/21)**

1. The Government of Nepal (GoN) has allocated funds towards the cost of Non-conventional Irrigation Technology Project (NITP) and intends to apply part of the funds to cover eligible payments under the Contracts as specified in the table below. Bidding is open to all eligible Nepalese Manufacturer Company and Suppliers.
2. A complete set of Bidding Documents may be purchased by interested Bidders from the following offices on the submission of a written request attaching copies of bidders registration, VAT registration, latest Tax clearance certificate & upon cash payment of NRs 3000/- (Rupees Three Thousand only) (non refundable) for each bid till **2074/11/21.**
   **Irrigation Development Sub-Division, Nepalgunj, Banke, phone No. 081-520503**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Irrigation Development Sub-Division, Nepalgunj, Banke Phone no. 081-520503 and Email Address : banke.idsd@doi.gov.np.
4. Last date of submission of completed documents is by 12.00 hours (Noon) on the **2074/11/22**. The bidder shall seal the Bidding Documents in a single envelope, addressing the Sub-Division Chief, Irrigation Development Sub-Division, Banke and submit within time mentioned above at the IDSD, Banke. The submitted Bids will be opened at 14.00 hours at the same office on the same day in the presence of the contractor›s representatives who chose to attend. Documents received after the deadline of submission shall not be considered for the evaluation.
5. The Bid validity period for all the bids is 90 days from the last date of submission of the Bid.
6. Each Bid must be accompanied with bid security amount stated in the table below "The Work" deposited in the form of bank cash Voucher certifying deposit of the required amount in account No. 4130203000000 of Treasury Comptroller Office, Banke at Rastriya Baniya Bank Nepalgunj Banke, Division Office code No. 62–357–01 or in the form of Bank Guarantee issued by a commercial bank in Nepal (A Class) drawn in favour of Irrigation Development Sub-Division, Banke as mentioned in the Bid Document having validity period not less than 120 days from the last date of submission of the Bid.
7. Pre-bid meeting shall be held on date **2074/11/11** at 13:00 hrs at Irrigation Development sub-Division, Nepalgunj, Banke.
8. If the last date of purchasing or submission or date of pre-bid meeting happens to be the public holiday, the next working day shall be considered as the last day.
9. The Employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.
10. Any bid with conditions shall not be accepted.
11. Bidders may withdraw or modify the bids 24 hours before last date of submission of bid by submitting of sealed application to the irrigation development sub-division Banke.
12. The Condition, Process and Procedures not mentioned above will be as per GoN public procurement act-2063 and public procurement Regulation-2064.
13. Details of "the Works" and Contract ID No. are given in the table below.

| S. N. | Name and Location of project | Description of Works | Contract ID No. | Estimated Amount (Without VAT & Contingencies) | Bid Security Amount NRs. | Bid Document fee. (Non-refundable) NRs. |
|---|---|---|---|---|---|---|
| 1 | Guruwa Shanti lift ISP Naubasta-2, (Baijanath-2), Banke | Supply & Installation of Pumps, Motors & it's Accessories, Electrification Works, Construction of Pump house and Canal Structures. | IDSD/Banke/NITP/GSLIP/NCB-01/2074-075 | 5181610.51 | 165000.00 | 3000.00 |

**Sub-Division Chief**



## बोलपत्र आह्वानको सूचना

नेपाल सरकार
**स्वास्थ्य मन्त्रालय**
**राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र**
टेकु, काठमाण्डौ

### Automated HIV Viral Load Machine खरिद सम्बन्धी शिलबन्दी बोलपत्र

प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७४/१०/२१

**ठेक्का नं. २**

१. राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन कार्यालयको समयभित्र बोलपत्र दस्तुर रु. ५,०००/- (अक्षेरुपी- रु. पाँच हजार पछि फिर्ता नहुने गरी) यस केन्द्रमा नगद बुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समयभित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस केन्द्रबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन् । बोलपत्र खरिद गर्नको लागि निवेदकले सो सम्बन्धि कारोबार गर्ने उद्देश्यको आ.व. ०७४/७५ का लागि नविकरण गरिएको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्र र ०७३/७४ को कर चुक्ता प्रमाण पत्र वा आय विवरण दाखिला गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्रहरु खरिद गर्न निवेदनसाथ पेश गर्नुपर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस केन्द्रमा बोलपत्रदाताको प्रतिनिधी आफै उपस्थित भै शिलबन्दी बोलपत्र दर्ता गराई सक्नुपर्नेछ । शिलबन्दी बोलपत्र हुलाक तथा कुरियरबाट पनि पठाउन सकिने छ तर कुरियर तथा हुलाकबाट पठाएको बोलपत्र पनि तोकिएको समय सिमा भित्र यस केन्द्रमा दर्ता भै सक्नुपर्ने छ । तोकिएको समय सिमा पछि यस केन्द्रमा प्राप्त भएको बोलपत्र मान्य हुने छैन । दर्ता भएको बोलपत्रहरु ३१ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस केन्द्रमा खोलिनेछन् । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि दर्ता भएका शिलवन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. शिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत वापत रु १२,९०,०००/- (अक्षेरुपी रु. बाह्र लाख नब्बे हजार) कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको राष्ट्रिय वाणिज्य बैंक टेकु स्थित धरौटी खाता नं. १७००२०३०००००० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको (बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि दाखिला गर्नुपर्ने कार्यसम्पादन जमानत वापतको रकम सार्वजनीक खरिद ऐनको दफा २७ को उपदफा ४ बमोजिम दाखिला गर्नु पर्ने छ ।

४. बोलपत्रदाताले दररेट पेश गर्दा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहिछाप गर्नुपर्ने हुन्छ ।

५. बोलपत्रदाताले आफुले खरिद गरेको बोलपत्र शिलवन्दी गरी दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । यस केन्द्रबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दालिखा गर्न पाउने छैन । साथै बोलपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन । सर्त राखी पेश गरेको र रीत नपुगेको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

६. बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेख भएका सामानहरुको दररेट पेश गर्दा सम्बन्धित कम्पनीको सक्कल आधिकारीक पत्र र नमूना तथा क्याटलक अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । सम्बन्धीत कम्पनीको आधिकारीक पत्र र नमूना तथा क्याटलक पेश नभएका बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्र स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । सामानहरु स्वीकृत बजेटको स्थिति अनुसार खरिद गर्न सकिनेछ ।

८. कुनै बोलपत्रदाताले बोलपत्र फिर्ता पाउ भनि निवेदन दिँदा बोलपत्र दर्ता गर्नु भन्दा अगावै प्रोप्राइटरको हस्ताक्षर गरी निवेदन साथ शिलबन्दी गरी पेश गर्नु पर्नेछ । नगरेमा बोलपत्र फिर्ता गरिने छैन ।

९. सप्लाई गर्ने Automated HIV Viral Load Machine मेसिन WHO/FDA बाट मान्यता प्राप्त भएको र गुणस्तर चिन्ह प्राप्त भएको साथै माग गरे बमोजिमका स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । स्पेसिफिकेशन अनुसार र WHO/FDA बाट मान्यता प्राप्त नभएका बोलपत्रदाताहरुको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गराइनेछैन ।

१०. बोलपत्रदाताले सप्लाई गर्ने सामानको कम्तिमा २ वर्षको वारेण्टी साथै सामान सप्लाई गरेपछि २ वर्ष सम्म मेन्टेनेन्स निशुल्क रुपमा गर्नुपर्ने साथै बोलपत्रदाताले मेसिन संचालन गर्ने स्थानमा गई Onsite coaching Installation दिनुपर्ने छ ।

११. बोलपत्रदाताले सो सम्बन्धी कारोवार गरेको अनुभव पेश गर्नु पर्नेछ साथै सप्लाई हुने मेसिन विभिन्न अस्पतालमा जडान गरेको र सो मेसिन ठिक छ भनि प्रमाणि कागजात पेश गर्नु पर्ने छ । सो पेश नगर्ने बोलपत्रदातालाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

१२. बोलपत्रदाताको भुक्तानी सामान बुझाएको विल र उक्त मेसिनको स्पेसिफिकेशन अनुसार चेक जाँच परिक्षण र Validation भएपछि मात्र दाखिला गरी सो पश्चात मात्र भुक्तानी हुनेछ ।

१३. बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयत्रि बुझ्न सकिनेछ साथै यस केन्द्रको Website : www.ncasc.gov.np मा पनि हेर्न सकिनेछ ।

१४. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।



# विश्व

## आवाज




लन्डनमा पहिलो महिला र्‍याली आयोजना भएको एक वर्ष पूरा भएको अवसरमा डाउनिङ स्ट्रिट पारी भेला भएका सहभागीहरू। उक्त र्‍याली यौन शोषणविरुद्ध टाइम्स अप अभियानबाट प्रेरित भएर आयोजना गरिएको थियो।

## यात्रा



बंगलादेशको राजधानी ढाकामा विश्व इज्टेमा तेस्रो दिन अन्तिम प्रार्थनापछि घर फर्कने क्रममा बंगलादेशी मुस्लिम भक्तजन। उक्त धार्मिक उत्सव हजपछिको दोस्रो ठूलो मुस्लिम भेला हुने पर्व हो।



## विश्व २ मिनेट

### इटाली

#### बटुवामाथि गोली प्रहार

रोम, (एजेन्सी)

इटालीको शहर माचेरातामा गुडिरहेको गाडीबाट पदयात्रीहरूमाथि गरिएको गोलाबारीमा कम्तीमा ४ जना घाइते भएका छन्। उक्त घटनामा आक्रमणकारीको संख्या २ जना हुनसक्ने र उनीहरू कालो अल्फा रोमियो गाडीमा आएको जनाइएको छ। उनीहरूले शहरको विभिन्न स्थानमा गोली प्रहार गरेका थिए। यसमा शहरको रेल स्टेसननजिकको इलाका पनि परेको राय स्टेट टिभीले जनाएको छ। शहरका मेयर कार्यालयले नागरिकहरूलाई घरभित्रै बस्न आह्वान गरेको छ। गोली प्रहारको घटना अहिले पनि जारी रहेको बताइएको छ। घाइतेको संख्या ६ सम्म हुन सक्ने जनाइएको छ तर त्यसको आधिकारिक पुष्टि हुन सकेको छैन।

### माल्दिभ्स

#### पूर्वराष्ट्रपतिलाई राहत

माले, (एजेन्सी)

माल्दिभ्सको सर्वोच्च अदालतले एक ऐतिहासिक फैसलामा पूर्वराष्ट्रपति मोहम्मद नसिदलाई आतंकवादको आरोपबाट मुक्त गरेको छ र सबै राजनीतिक बन्दीलाई रिहा गर्ने आदेश दिएको छ। सर्वोच्च अदालतको यस फैसलाले हाल लन्डनमा निर्वासित रहेका नसिद र उनका समर्थकको रिहाइको मार्ग प्रशस्त भएको छ। फैसला आएपछि नसिद र उनका समर्थकले राष्ट्रपति अब्दुल्ला यमिनको राजीनामा माग गर्न थालेका छन्। प्रहरीले खुसियाली मनाइरहेका नसिद समर्थकमाथि लाठिचार्ज तथा अश्रु ग्यास प्रहार गरेको छ। यसबीच राष्ट्रपति यमिनले देशका प्रहरी प्रमुखलाई पदबाट हटाएको छ।

### बेलायत

#### वेस्टमिनिस्टर भवन मर्मत

लन्डन, (एजेन्सी)

बेलायतका सांसदले संसद् भवन वेस्टमिनिस्टर प्यालेसको मर्मत गर्न अस्थायीरूपमा त्यहाँबाट हट्ने पक्षमा मतदान गरेका छन्। सांसदले १ सय ८५ मतविरुद्ध २ सय ३४ मतले प्यालेसको पूर्ण र समयमै मर्मत गराउने पक्षमा भोट खसाले। यस अनुमोदनसँगै अर्बौं पाउन्डको खर्चमा हुने मर्मत कार्यका लागि मार्ग खुलेको छ। यस विषयमा संसद्को पहिलो सदन हाउस अफ कमन्सकी नेता एन्ड्रिया लिडसमले यसमा करिब ४० वर्षअगाडि नै चर्चा हुनुपर्ने बताएकी थिइन्। उक्त भवनको धेरैजसो हिस्साको निर्माण १८ सयको दशकमा भएको थियो भने वेस्टमिनिस्टर हलको निर्माण सन् १०९९ मा भएको थियो।

### अमेरिका

#### म्यान्मारलाई क्षेप्यास्त्र

वासिङ्टन, (एजेन्सी)

संयुक्त राष्ट्र संघले एक प्रतिवेदनमा उत्तर कोरिया प्राणघातक रासायनिक हतियार बनाउन सिरियालाई मद्दत गरेको आरोप लगाएको छ। विशेषज्ञको एक टोलीले तयार पारेको उक्त प्रतिवेदनमा उत्तर कोरियाले म्यान्मारलाई पनि ब्यालेस्टिक क्षेप्यास्त्र उपलब्ध गराएको उल्लेख गरिएको छ। उत्तर कोरियाले सिरिया र म्यान्मारलाई सहयोग गरेको प्रमाण भएको प्रतिवेदनले दाबी गरिएको छ। गत वर्ष उत्तर कोरियाले प्रतिबन्धित वस्तुको निर्यातबाट करिब २० करोड डलर कमाएको पनि प्रतिवेदनमा जनाएको छ। चीन, रुस र मलेसियासहित कयौं देश उत्तरकोरियालाई गैरकानुनी निर्यात रोक्न असफल रहेको उल्लेख गरिएको छ।

ट्रम्पको स्वीकृतिपछि विवादास्पद दस्तावेज सार्वजनिक

# एफबीआईमाथि शक्तिको दुरूपयोग गरेको आरोप









वासिङ्टन, (एजेन्सी)

अमेरिकी कांग्रेसले एक विवादस्पद दस्तावेज सार्वजनिक गरेको छ। उक्त दस्तावेजमा अमेरिकी गुप्तचर विभाग एफबीआईमाथि आफ्नो शक्तिको दुरुपयोग गरेको आरोप लगाइएको छ।

सन् २०१६ मा सम्पन्न अमेरिकी राष्ट्रपति चुनावमा रुसको कथित हस्तक्षेपलाई लिएर वर्तमान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको जाँचसँग ती दस्तावेज सम्बन्धित रहेको बताइएको छ।

उक्त दस्तावेज रिपब्लिकन पार्टीका सांसदले तयार गरेको हो। यसमा ट्रम्पको राष्ट्रपति चुनाव अभियानका क्रममा गुप्तचर निगरानीसँग सम्बन्धित जानकारी संलग्न गरिएको जनाइएको छ।

उक्त दस्तावेज सार्वजनिक गर्ने विषयमा डेमोक्रयाटिक पार्टीले विरोधमा कडा आपत्ति जनाएको थियो। पार्टीले गुप्तचरमा आधारिक ती जानकारीलाई सार्वजनिक गरेर ट्रम्पविरुद्ध भइरहेको छानबिनलाई भड्काउने प्रयास गरिएको जनाएको छ।

डेमोक्रयाट्सको विरोधका बाबजुद सभामुख रिपब्लिकन पार्टीका पल रायनले विशेष काउन्सलर रोबर्ट मुलरको नेतृत्वमा भइरहेको जाँचमा उक्त दस्तावेजके सार्वजनिक हुनुले कुनै प्रभाव नपर्ने आश्वस्त पारेका थिए। अमेरिकी नागरिकमाथि निगरानी गर्ने सम्बन्धमा शक्तिको दुरुपयोग हुन नहुने कुरालाई सुनिश्चित गर्नु कांग्रेसको कर्तव्य भएको उनले बताए।

एफबीआईले दस्तावेजमा यसको प्रमाणिकतालाई प्रभावित पार्ने तथ्यपरक जानकारी नभएको बताएको छ। रिपब्लिकन कांग्रेस कर्मचारीद्वारा लेखिएको विवादित उक्त ज्ञापनमा विगत केही दिनदेखि विवाद जारी रहेको छ। एफबीआईसहित न्याय विभाग, विपक्षी डेमोक्रयाट्स र केही रिपब्लिकन नेताहरूले समेत यसको सार्वजनिक गर्ने विषयलाई लिएर विरोध गरेका थिए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एफबीआई तथा न्याय विभागद्वारा गरिरहेको जाँचलाई राजनीतिकरण गरिरहेको वरिष्ठ अधिकारीहरूमाथि आरोप लगाएको छ। यसबाट रिपब्लिकन पार्टीको छवि बिगार्ने प्रयास भइरहेको उनले बताएका थिए। शुक्रबार डोनाल्ड ट्रम्पले उक्त विवादित ज्ञापन अर्थात् दस्तावेज सार्वजनिक गर्न अनुमति दिएको थियो र यसलाई उनले लज्जास्पद भएको बताएका थिए। दस्तावेजमा उल्लिखित जानकारीका बारेमा सोधिएको प्रश्नको जवाफमा ट्रम्पले भने- 'कयौंलाई आफैमाथि लज्जाबोध भएको हुनुपर्छ।'

रिपब्लिकन पार्टीले तयार गरिएको उक्त ज्ञापनमा न्याय विभाग र एफबीआईको तर्फबाट निकट सहयोगी कार्टर पेजविरुद्ध निगरानी गरेकोमा वारेन्ट मागको वैधतामाथि प्रश्न उठाइएको थियो। यसमा अमेरिकी नागरिकलाई बचाउनका लागि बनाइएका कानुनी प्रक्रियाको दुरुपयोग भएको जानकारी रहेको र त्यो चिन्ता गर्ने विष भएको उल्लेख गरिएको छ।

४६ वर्षीय कार्टर पेजले एफबीआईले इलेक्ट्रोनिक सर्भिलेन्समा राखिएको थियो। ट्रम्पको चुनाव प्रचारमा उनी विदेश नीति सल्लाहकारको भूमिकामा थिए र उनले सन् २०१६ मा कयौंपटक रुसको भ्रमण गरेका थिए। ट्रम्पसँग सम्बन्धित विवादास्पद दस्तावेजमा उनले रुसी अधिकारी र ट्रम्पको प्रचारका लागि मध्यस्थता गरेको आरोपलाई दृढतापूर्वक अस्वीकार गरेका थिए।

४४ वर्षीय डेविन हाउसको गुप्तचर कमिटीका अध्यक्ष हुन्। डेविनलाई उक्त ज्ञापनपत्र बनाउने जिम्मा थियो, जुन अहिले सार्वजनिक गरिएको छ। उनले राष्ट्रपति ट्रम्पको दाबीलाई लिएर जाँच गरिरहेका थिए, जसमा ट्रम्पले ओबामा प्रशासनमाथि उनको निगरानी गराइरहेको आरोप लगाएका थिए।

५३ वर्षीय रोड रोजन्स्टाइनलाई गत वर्ष अप्रिलमा उप न्यायाधिवक्तमा नियुक्त गरिएको थियो। उनलाई कुनै पनि नागरिकमाथि निगरानी गर्न आवेदनलाई अनुमति दिने विभिन्न चरणको जाँचको जिम्मेवारी दिइएको थियो। गत डिसेम्बरमा राष्ट्रपति ट्रम्पले उनको इमानदारितामा प्रश्न उठाएका थिए।

# वान बेल्ट वान रोड परियोजनाप्रति बेलायत सशंकित



लन्डन, (एजेन्सी)

बेलायतले चीनले अगाडी सारेको महत्त्वाकांक्षी परियोजना वान बेल्ट वान रोड परियोजनालाई लिएर चिन्ता व्यक्त गरेको छ।

चीन भ्रमणमा रहेकी बेलायतकी प्रधानमन्त्री टेरिजा मेले उक्त परियोजनामा चीनबाट अन्तर्राष्ट्रिय मापदण्ड पालना हुने र उसको राजनीतिक मनसायलाई लिएर आशंका व्यक्त गरेको द गार्जियन अखबारले जनाएको छ। प्रधानमन्त्री मेले चीनको न्यु सिल्क रोड परियोजनामा पनि आफ्नो सहमति दिन असमर्थता व्यक्त गरेकी छिन्।

मेले आफ्नो चिन्ता साइबर सुरक्षामा रहेको प्रस्ट पारेकी छिन्। बेलायती प्रधानमन्त्रीले यसै कारण ती परियोजनाको औपचारिक समर्थनसँग सम्बन्धित मेमोरेन्डम अफ असोसिएसनमा हस्ताक्षर गर्न अस्वीकार गरेको बेलायती सरकारको सूत्रलाई उद्धृत गरी द गार्जियनले दाबी गरेको छ।

मेले चीन भ्रमणका क्रममा बेइजिङलाई आफ्नो प्राकृतिक साझेदार बताएकी थिइन् तर उसको ओबीओआर प्रोजेक्टबाट भने दूरी बनाएकी छिन्। मेले दुवै देशले अरू देशसँग मिलेर काम गरिरहने बताइन्। उनले यस क्षेत्रमा वान बेल्ट वान रोड परियोजनालाई कसरी राम्रो तरिकाले कार्यान्वयनमा ल्याउन सक्छ पत्ता लगाउन दुवै देशले प्रयास गर्ने बताइन्। उनको यस बयानले ओबीओआर मुद्दामा चीनसँग उनको सहमति हुन नसकेको सन्देश दिएको छ। बेलायती सरकार यस परियोजनालाई उचित तरिकाबाट कार्यान्वयन ल्याउने पक्षधर रहेको सञ्चारमाध्यमले जनाएको छ।

ओबीओआरलाई लिएर अहिलेसम्म पश्चिमी देशले आफ्नो आवश्यक सहमति नदिएको द गार्जियनले जनाएको छ। अस्ट्रेलिया, फ्रान्स, जर्मनी, अमेरिका र युरोपेली कमिसनले चीनको उक्त परियोजनामा खुलेर उत्साह देखाएका छैनन्। बेलायतले परियोजनामा पारदर्शिता कायम हुनुपर्ने र अन्तर्राष्ट्रिय मापदण्डको पनि पालना होस् भन्ने चाहेको छ। भारतले पनि केही समयअगाडि चीनको उक्त परियोजनामा आपत्ति जनाएको थियो।

यस महत्त्वाकांक्षी परियोजनामा एसिया, युरो र अफ्रिकालाई राजमार्ग, रेल तथा जहाजको सञ्जालको माध्यमबाट जोड्ने योजना रहेको छ।

# मलाला भारतमा बालिकाका लागि काम गर्न इच्छुक



डाबोस, (एजेन्सी)

नोबेल शान्ति पुरस्कार विजेता पाकिस्तानी सामाजिक कार्यकर्ता मलाला युसुफजाइले भारत भ्रमण गर्ने इच्छा व्यक्त गरेकी छिन्।

भारतीयबाट पाएको प्रेम र समर्थनबाट प्रभावित मलालाले भारतमा महिला तथा बालिकाका लागि काम गर्न चाहेको बताएकी छिन्। मलालाले आफूले भारतको विषयमा धेरै पढेको र भारतीय फिल्म तथा नाटकका ठूलो प्रशसंक रहेको बताइन्। उनले भारतको संस्कृति र मूल्यका बारेमा थप जान्न चाहेको बताइन्।

हालै मात्र मलालाले डावोसमा आयोजित विश्व आर्थिक मञ्चको वार्षिक बैठकमा भाग लिएकी थिइन्। उनले सम्मेलनमा विश्वका कयौं नेता तथा प्रमुख कार्यकारी अधिकरी (सीईओ)सँग भेटघाट गरेको र बालिका शिक्षाका लागि समर्थन गर्न माग गरेकी थिइन्।

विश्वभरिका बालिका शिक्षाका लागि मलालाले मलाला कोषको स्थापना गरेकी छिन्। उनको अर्को अभियान गलमकई नेटवर्क पनि हो। उनले तालिवान कट्टपन्थविरुद्ध गलमकई नामबाट ब्लग लेख्ने गर्थिन्। मलालाले भनिन्- 'म गलमकई नेटवर्क भारतमा विस्तार गर्ने विषयलाई लिएर उत्साहित छु। त्यहाँ म स्थानीयसँग मिलेर काम गर्न चाहन्छु, किनभने उनीहरू स्थानीय मुद्दालाई राम्रोसँग बुझ्छन् र आवश्यक समाधानको मार्ग दिन सक्छन्।'

भारत र पाकिस्तान पहिला एक देश भएकाले उनीहरूको संस्कृति र समस्या पनि समान भएको उनले बताइन्। भारतबाट आफूलाई जुन समर्थन प्राप्त भयो, त्यो अपरिहार्य भएको र त्यहाँबाट प्राप्त समर्थन तथा प्रेमका लागि आभार व्यक्त गर्न चाहेको उनले बताइन्। बालिकाको शिक्षालाई लिएर तालिवानविरुद्ध कलम चलाउँदै आइरहेकी २० वर्षीया मलालामाथि तालिवानले आक्रमण गरेको थियो।



# मान्छेको आवाज निकाल्ने ह्वेल

पेरिस, (एजेन्सी)

पृथ्वीमा कयौं जनावर त्यस्ता छन्, जो मान्छेको आवाज निकाल्न अर्थात् नक्कल गर्न माहिर हुन्छन्। तर कुनै किलर ह्वेलले पनि मान्छेले निकाल्न सक्छ भन्दा पत्याउन गाह्रो होला।

पहिलो पटक फ्रान्समा एक किलर ह्वेलले मान्छेको आवाज निकालेको पाइएको छ। यसरी ह्वेलले मान्छेको भाषा बोलेको घटनालाई लिएर जीव वैज्ञानिकहरू उत्साहित र आश्चर्यचकित परेका छन्। उक्त पोथी ओर्का ह्वेललाई अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताहरूको एक टोलीले मानव भाषाका केही शब्द सिकाएका छन्। सञ्चारमाध्यमले ह्वेल १६ वर्षको भएको जनाएको छ। यो पोथी ह्वेलको नाम विकी हो, जसले अंग्रेजीका केही शब्द बोल्न सक्छ। उसले हेलो, बाइ बाइ, वन टु र एमीजस्ता शब्द बोल्न सक्छे। यसका लागि अनुसन्धानकर्ताले उसलाई तालिम दिएका थिए। यो ह्वेल फ्रान्सको आन्टिब शहरको मेरिनल्यान्डस्थित एक अक्वारियम पोखरीमा राखिएको छ।

ह्वेलले मान्छेको आवाज निकाल्नका लागि आफ्नो ब्लोहोलको सहारा लिने गरेको सञ्चारमाध्यमहरूले जनाएका छन्। आवाज निकाल्ने समय उसको शरीरको पूरै हिस्सा पानीमा हुने गर्छ र श्वास लिने हिस्सा भने पानीको बाहिरै हुन्छ। श्वास लिने हिस्सालाई नै ब्लोहोल भनिन्छ।

सुगा, डल्फिनजस्ता कयौं जनावर मान्छेको आवाज निकाल्नमा चर्चित जनावर हुन्। अनुसन्धानकर्ताले उक्त ह्वेलले मान्छेको नक्कल गरी निकालेको आवाजलाई रिकर्ड पनि गरेका छन्। मान्छेको आवाज निकाल्दै गरेको उक्त ह्वेलको अडियो रिकर्ड सामाजिक सञ्जालमा भाइरल भइरहेको छ।

‘शारीरिकरूपमा अशक्त जो ७० वर्ष नाघेका छन्, उनीहरूलाई हामीले घर निर्माण गरिदिने हो, त्यस्तै ६५ वर्ष पुगेका एक महिलालाई पनि हामीले नै बनाउने हो, १६ वर्षमुनिका टुहुराटुहुरीलाई पनि हामीले नै बनाउने हो, अहिले यसको हिसाब गर्ने हो भने ४ सयको संख्या आएको छ, यो संख्या अझै बढ्न सक्छ।’

# सदस्य-सचिव नियुक्तिमा व्यापक आर्थिक चलखेल

**नेपाल समाचारपत्र**
काठमाडौं

लुम्बिनी विकास कोषको सदस्य-सचिव नियुक्ति गर्न व्यापक आर्थिक चलखेल भएको खुलासा भएको छ। त्यसका लागि मौखिक परीक्षा दिएका नेता निकट उम्मेदवारहरू आर्थिक चलखेलमार्फत पद हत्याउन लागिपरेका छन्।

कोषको सदस्य-सचिव नियुक्त गर्न प्रधानमन्त्री पत्नी आरजु देउवाले कांग्रेसबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका भरत शाहका पत्नी अनिता ढुंगाना शाहलाई सदस्य-सचिव बनाउन चाहेकी छिन्। सदस्य-सचिव पदकी उम्मेदवार रहेकी शाह स्वास्थ्य क्षेत्रसँग आबद्ध व्यक्ति हुन्। उप-प्रधानमन्त्री विजयकुमार गच्छदार र विभागीय मन्त्री जितेन्द्रनारायण देवले आर्थिक लेनदेनमा इँट्टा व्यवसायी लक्ष्मीप्रसाद महर्जनलाई नियुक्तिका लागि दबाब दिएको खुल्न आएको छ।

यदि प्रधानमन्त्री पत्नी देउवाको निर्देशन मन्त्री देवले स्वीकार गरेमा शाह सदस्य-सचिवमा नियुक्ति हुने पक्काजस्तै भएको छ। आर्थिक लेनदेनमै सदस्य-सचिव पद नियुक्ति गरिएमा व्यवसायी लक्ष्मीनारायण महर्जन पनि दोस्रो दाबेदारका रूपमा रहेको स्रोतले बताएको छ। स्रोतले भन्यो- ‘अहिलेको अवस्था हेर्दा निर्णय गर्ने अधिकारीहरू जुन पक्षबाट मोटो रकम असुल्न सकिन्छ, त्यही व्यक्ति नै सदस्य-सचिवमा नियुक्ति गर्ने मन्त्री देवको मनसाय रहेको छ।’

स्रोतका अनुसार कोषका उपाध्यक्ष अवदेशकुमार त्रिपाठीमार्फत ढुंगानालाई सदस्य-सचिवमा नियुक्ति गर्न मोटो रकम मन्त्री देव र सरकारलाई दिने तयारी थालिएको छ। पशुपति विकास कोषको सदस्य-सचिव, लुम्बिनी विकास कोषका उपाध्यक्ष, कोषका योजना प्रमुख नियुक्ति गरिँदासमेत मन्त्रीले मोटो रकम असुलेको बुझिएको छ। पर्यटनमन्त्री जितेन्द्रनारायण देवलाई सम्पर्क गर्न खोज्दा देशबाहिर रहनुभएको मन्त्रीका स्वकीय सचिव भोगनारायण चौधरीले बताउनुभयो।

सचिव पदमा किन आर्थिक चलखेल गर्नुभयो भन्ने जिज्ञाशामा चौधरीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- ‘सचिव पद नियुक्ति प्रक्रियामा अहिलेसम्म कुनै आर्थिक लेनदेन भएको जस्तो मलाई लाग्दैन। मन्त्री देवले लिनुभएन भन्नेमा म विश्वस्त छु। दक्ष व्यक्ति सदस्य-सचिव नियुक्ति भएर आउँछ।’ कोषको गुरुयोजनालाई प्रभावकारी बनाउन सदस्य-सचिव पदको पूर्ति खुला प्रतिस्पर्धाबाट गर्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बताउँदै आएको छ। कोषको संरक्षकमा प्रधानमन्त्री, अध्यक्षमा संस्कृतमन्त्री रहने प्रावधान छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार सदस्य-सचिवमा तीन जनाको नाम छनोट भइसकेको छ। जसमध्ये एक जनाको नाम मन्त्रिपरिषद्को बैठकमा पेस हुनेछ। नाम भने मन्त्रालयले खुलाएको छैन। कोषको सदस्य-सचिव पदमा २२ जनाले आवेदन भरेका थिए। जसमा भेषनारायण दाहाल, ज्ञानीन राई, ध्रुवनारायण पाण्डे, रत्नविक्रम स्याङ्बो, भेषराज आचार्य, शिव अर्याल, अनिता ढुंगाना शाह, सब्बीर अहमद खान, कृष्णकुमार राई, नवलकिशोर यादव रहनुभएको थियो।

यस्तै, हरिध्वज राई, हिमालकुमार उप्रेती, रामेश्वर श्रेष्ठ, पुनमकुमारी अग्रवाल, वज्रमुनि वज्राचार्य, गीताकुमारी चौधरी, लक्ष्मीप्रसाद महर्जनले सदस्य-सचिव पदका लागि आवेदन फर्म भर्नुभएको छ। यसै गरी अजितमान तामाङ, शम्भुप्रसाद घिमिरे, रामदेव यादव र मनीष कर्ण आवेदकका रूपमा रहनुभएको छ। गत पुस ७ गते बसेको मन्त्रिस्तरीय निर्णयले कोषमा रिक्त सदस्य-सचिव पदपूर्ति खुला प्रतिस्पर्धाबाट गर्ने निर्णय गरेको थियो।

आवेदकहरूले व्यावसायिक कार्ययोजना, विषयवस्तुसम्बन्धी ज्ञानको प्रस्तुतीकरण प्रस्तुत गर्नुपर्ने सूचनामा उल्लेख छ। लुम्बिनी विकास कोषका उपाध्यक्ष अवदेश त्रिपाठीले लुम्बिनीलाई राष्ट्रिय गौरवको योजनाका रूपमा विकास गर्ने सक्षम व्यक्ति नियुक्त हुन आवश्यक रहेको बताउनुभएको छ। अबको पाँच वर्षभित्र गुरुयोजनालाई पूर्णता दिने विषयगत दक्षता हासिल गरेको व्यक्ति कोषको सदस्य-सचिवमा सरकारले खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने आशा राखेको भन्दै कोषका उपाध्यक्ष त्रिपाठीले नियुक्ति प्रक्रियामा राजनीतिक चलखेल भए आफूलाई मान्य नहुने विचार व्यक्त गर्नुभयो।

सन् १९७८ मा पहिलोपटक लुम्बिनी विकास गुरुयोजना बनेको थियो। सदस्य-सचिव पदमा कार्यरत रहन लुम्बिनी क्षेत्रको पहिचान, व्यवस्थापन, सम्पदा, पुरातत्त्व, बुद्धिजमलगायतका विषयमा जानकार हुनुपर्ने हुन्छ। लम्बिनी विकास कोषको गुरुयोजना बनेपछि केन्द्रीय नहर निर्माण कार्य सम्पन्न, पवित्र उद्यान क्षेत्रको काम, ८ वटा भवनमध्ये २ वटा भवन निर्माण, म्युजियम र अनुसन्धान केन्द्र निर्माण कार्य सम्पन्न भएको कोषले जानकारी दिएको छ।

## राष्ट्रियसभा निर्वाचनमा कांग्रेसको ह्वीप

काठमाडौं, (नेस)

आउँदो बुधबार हुने राष्ट्रियसभा सदस्यको निर्वाचनम भाग लिन नेपाली कांग्रेसले आफ्ना सबै मतदाताहरूलाई ह्वीप जारी गरेको छ। पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शनिबार विज्ञप्ति जारी गरी माघ २४ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनमा भाग लिन कांग्रेसबाट निर्वाचित प्रतिनिधिसभा, प्रदेशसभाका सदस्यहरू र स्थानीय तहका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष सबैलाई निर्देशन दिइएको छ।

स्वदेश विदेश जहाँ रहे पनि भोलि सोमबारसम्म आफ्ना सबै मतदातालाई मतदानस्थलमा उपस्थित हुने निर्देशन दिँदै कांग्रेसले पार्टी एवम् राष्ट्रियसभा सदस्यका उम्मेदवारसँग निरन्तर सम्पर्कमा रहनसमेत आग्रह गरेको छ। ‘माघ २४ गते राष्ट्रियसभाको निर्वाचनमा अनिवार्य उपस्थित भई पार्टीको आधिकारिक उम्मेदवारलाई मतदान गर्न नेपाली कांग्रेस निर्देशन गर्दछ।’ -जारी विज्ञप्तिमा भनिएको छ।

## इन्जिनियर्सको प्रस्तुतीकरण सम्पन्न

पोखरा, (नेस)

इलेक्ट्रिकल ईन्जिनियर्स एसोसियसन नेपालको आयोजनामा गत सोमबार प्रथम खुला कार्यपत्र प्रस्तुतीकरण प्रतियोगिता सन्पन्न भएको छ।

ऊर्जा क्षेत्रमा भएका नयाँ खोज र अनुसन्धानलाई उजागर गर्ने उद्देश्यका साथ पश्चिमाञ्चल क्याम्पस लामाचौर पोखरामा सम्पन्न एक दिने उक्त प्रतियोगितामा पश्चिमाञ्चल क्याम्पस र पोखरा विश्वविद्यालयबाट पन्ध्र प्रतियोगी टिमले सहभागिता जनाएका थिए।

एउटा टिममा एकदेखि तीन जनासम्म इन्जिनियरिङ विद्यार्थी समावेश रहेका थिए भने कार्यक्रममा करिब २ सय जना इन्जिनियर र इन्जिनियरिङ विद्यार्थीहरूको उपस्थिति रहेको थियो। डा. वसन्तकुमार गौतम संयोजक रहेको ३ सदस्यीय निर्णायक मण्डलमा ई. कैलाश पन्थ र ई. तोयानाथ रेग्मी सदस्य रहेका थिए।

## स्वतन्त्रलाई...

समानुपातिक सांसदसमेत छानिएपछि नेकपा एमालेका १ सय २१, नेपाली कांग्रेसका ६३, नेकपा माओवादी केन्द्रका ५३, राजपाका १७ र फोरमका १६ सांसद हुनेछन्। प्रमुख सचेतक र सचेतकलाई गत संविधानसभामा दिएकै सुविधा उपलब्ध गराइनेछ। प्रमुख सचेतकलाई राज्यमन्त्रीसरहको सुविधा हुन्छ। गत संविधानसभामा कम्तीमा १० जना सांसद भएका दलका प्रमुख सचेतक र सचेतकलाई सुविधा दिइएको थियो। तर साना दलहरूले यो निर्णयको विरोध गर्दै आफूहरूले पनि त्यो सुविधा पाउनुपर्ने माग गर्नुभएको थियो।

प्रतिनिधिसभामा तीन प्रतिशत मत प्राप्त नगरेका दलले राष्ट्रिय मान्यता पाएका छैनन्। नयाँ शक्ति पार्टीबाट गोरखा-२ मा डा. बाबुराम भट्टराईले, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का तर्फबाट झापा-३ मा राजेन्द्र लिङ्देनले, राष्ट्रिय जनमोर्चाका तर्फबाट प्युठान-१ मा दुर्गा पौडेलले, नेपाल मजदुर किसान पार्टीका तर्फबाट भक्तपुर-१ मा प्रेम सुवालले प्रतिनिधिसभा निर्वाचन जित्नुभएको हो तर ती पार्टीले राष्ट्रिय मान्यता पाउन सकेनन्। हुम्लाबाट स्वतन्त्र उम्मेदवार छक्कबहादुर लामाले निर्वाचन जिते पनि उनी माओवादी केन्द्रका नेता हुन्। पार्टीले आधिकारिक टिकट नदिएपछि लामा स्वतन्त्र उम्मेदवार बनेका हुन्।

**सचिवालयमा कर्मचारी थपिँदै**

संसद् सचिवालयले कर्मचारी थप्ने प्रक्रिया अघि बढाएको छ। संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)का लागि ४ सय ३५ कर्मचारी चाहिने सचिवालयले टुंगो लगाएको छ। सचिवालयमा ३ सय ३४ कर्मचारीको मात्र दरबन्दी रहेको थियो। बाँकी कर्मचारीलाई क्रमशः पदपूर्ति गर्दै जाने सचिवालयले जनाएको छ। ‘एकैपटक सबै कर्मचारी नियुक्त गरिँदैन, आवश्यकताअनुसार थप गरिन्छ’, प्रशासन महाशाखाका सह-सचिव दुराले भन्नुभयो- ‘२४ जना शाखा अधिकृत लोकसेवा परीक्षाबाट र बाँकी ५ जना आन्तरिक बढुवाबाट लिइएको छ।’ प्रतिनिधिसभाको कार्य व्यवस्थाको जिम्मेवारी संसद् सचिवालयका प्रवक्ता डा. भरतराज गौतमलाई र राष्ट्रियसभाको कार्यव्यवस्थाको जिम्मेवारी प्रविधि व्यवस्थापन महाशाखाका सह-सचिव मुरारी महतलाई दिइएको छ। संसद् भवनमा संघीय संसद् लेखिएको छ। सिंहदरबारभित्र बस्ने संसदीय समितिका बैठक भवन पनि संघीय संसद्का भवन भएका छन्। संसद् सचिवालयमा संघीय संसद्को लेटरप्याड पनि प्रयोग हुन थालेको छ।

### प्रदेश राजधानी विवाद

## यता बन्द उता अधिवेशन



कृष्णउदास खनाल, वीरगन्ज

प्रदेश नम्बर २ को प्रथम अधिवेशनको पहिलो बैठक आइतबार अस्थायी मुकाम जनकपुरमा बस्ने तयारी गरिरहेकै बेला आइतबारकै दिन वीरगन्ज बजार भने बन्द आह्वान गरिएको छ।

झन्डै एक महिनादेखि आन्दोलन गरिरहेको संघर्ष समितिको अगुवाइमा शनिबार साँझ वीरगन्जमा मसाल जुलुस प्रदर्शन गर्दै आइतबार वीरगन्ज बजार बन्दको आह्वान गरिएको हो। सरकारले आफूहरूको मागको उपेक्षा गरेका कारण र प्रदेश सांसदहरूलाई दबाब दिने उद्देश्यले वीरगन्ज बजार बन्द आह्वान गरिएको संघर्ष समितिका सहसंयोजक एवम् एमाले नेता राजकुमार गुप्ताले बताए। उनले वीरगन्ज कुनै पनि हालतमा प्रदेश नम्बर २ को राजधानी हुनुपर्नेमा जोड दिएका छन्।

भौगोलिकरूपबाट जनकपुरभन्दा सबल र सक्षम वीरगन्ज भएका कारण वीरगन्जलाई राजधानी बनाउन दबाब दिने उद्देश्यले आइतबार वीरगन्ज बजार बन्द आह्वान गरिएको संघर्ष समितिका सदस्य एवम् तरुण दल बाराका अध्यक्ष लुकेश सिंहले बताए।

वीरगन्जलाई प्रदेश नम्बर २ को राजधानीका माग गर्दै स्थानीय घण्टाघरमा करिब एक महिनादेखि रिले अनशनसमेत जारी रहेको छ। माघ ३ गतेभन्दा अगाडिबाटै आन्दोलन गरेका वीरगन्जबासीको भावनामाथि कुठाराघात हुने गरी माघ ३ गतेको मन्त्रिपरिषद्को बैठकले जनकपुरलाई २ नम्बर प्रदेशको अस्थायी मुकाम तोकेपछि आन्दोलनकारीहरू झनै आक्रोशित बनेका हुन्।

वीरगन्जबाट प्रदेशसभामा विजयी भएका एमाले र कांग्रेसका सांसदहरू भने वीरगन्जलाई राजधानी बनाइने प्रतिबद्धता जनाएपछि मधेसवादी दलका सांसदलाई भने मुख्यमन्त्रीको लोभ देखाइएका कारण उनीहरू चुप रहेको आन्दोलनकारीहरूको अरोप छ।

## ‘भूकम्पपीडितलाई थप एक लाख दिन सकिँदैन’

**नेपाल समाचारपत्र**
काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालले भूकम्पपीडितलाई थप १ लाख दिने सरकारको निर्णय नयाँ सरकार र नयाँ बजेट नआएसम्म दिन नसकिने बताउनुभएको छ। उहाँले यस आर्थिक वर्षभित्र थप १ लाख रुपियाँ दिन नसक्ने सम्भावना रहेको बताउनुभएको हो।

भुसालले आफू अर्थ मन्त्रालयमा बसेर काम गरिसकेको व्यक्ति भएकाले यो वर्ष थप रकम दिन नसकिने बताउँदै भन्नुभयो- ‘यो थप दिने भनिएको १ लाख रकम यो वर्ष दिनै सकिँदैन, नयाँ बजेट आएपछि मात्रै सम्भव छ, अहिले छैन, किनकि यो नन-बजेटरी रकम हो।’

शनिबार रिपोर्टर्स क्लबद्वारा आयोजित कार्यक्रममा सीईओ भुसालले भूकम्प पीडितका आँसु पुछ्ने गरी आफूहरूले वैशाख १२ गते भूकम्प दिवससम्म नतिजा दिने गरी केही योजनासहितका काम गरिरहेको बताउनुभयो। उहाँले यही माघ मसान्तभित्रै १ लाख घर निर्माण भइसक्ने र ३ लाख निर्माण जारी राख्ने दाबी गर्दै प्राधिकरणलाई अझै १३ अर्ब रुपियाँ आवश्यक पर्नसक्ने बताउनुभयो। ‘सबै प्राविधिकलाई स्थानीय तहसम्मै पुऱ्याउन त्यहीअनुसार बजेट विनियोजन गरेका छौं, अतिप्रभावित १४ जिल्ला र प्रभावित १८ जिल्लाका स्थानीय तहहरूमा कर्मचारी खटाएका छौं।’ -उहाँले भन्नुभयो। भुसालले विगतमा डकर्मीको काम गरेकालाई पनि आफूहरूले तालिम दिने व्यवस्था गरेको बताउँदै करिब २१ हजार बढीलाई तालिम दिने तयारीमा रहेको बताउनुभयो।

‘निजी आवास निर्माणका लागि ढुंगा, बालुवा, गिटीको कुनै अभाव भएको छ, यो बीचमा निर्माण सामग्रीको मूल्य वृद्धि भएको थियो, तर हामीले प्राधिकरणमा छलफल गरेर छुटको व्यवस्था गरेका छौं, अब उहाँहरूले भाउ घटाउनुभएको छ।’ -उहाँले भन्नुभयो।

भुसालले यही माघ १ गतेको कार्यविधिले अशक्त, एक महिला, टुहुराटुहुरीका लागि प्राधिकरणले आफै घर निर्माण गरिदिने भएकाले सोहीअनुसार प्राधिकरणले काम गरिरहेको बताउँदै भन्नुभयो- ‘शारीरिकरूपमा अशक्त जो ७० वर्ष नाघेका छन्, उनीहरूलाई हामीले घर निर्माण गरिदिने हो, त्यस्तै ६५ वर्ष पुगेका एक महिलालाई पनि हामीले नै बनाउने हो, १६ वर्षमुनिका टुहुराटुहुरीलाई पनि हामीले नै बनाउने हो, अहिले यसको हिसाब गर्ने हो भने ४ सयको संख्या आएको छ, यो संख्या अझै बढ्न सक्छ।’

उहाँले प्राधिकरणसँग अहिले ५३ अर्ब रकम रहेकाले अझै ४८ अर्ब अपुग रहेको बताउँदै यसका लागि अर्थमन्त्रालयमा धाइरहेको बताउनुभयो। उहाँले धरहरा निर्माणको विषयमा डिजाइन इस्टिमेट भइरहेकाले अब केही दिनभित्रै फाइनल गरिने जानकारी दिनुभयो।

दरबार हाइस्कुल पनि यही आर्थिक वर्षभित्रै निर्माण शुरू गर्ने र ललितकला पनि बनाउने बताउँदै काठमाडौंमा भूकम्पले भत्किएका १ लाख १ हजारमध्ये ८० हजार घर बन्न बाँकी रहेको बताउनुभयो।

पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठक यही माघ २६ गते बस्ने र सोही बैठकबाट दोस्रो किस्ता लिनेबारे पुस मसान्त सकिएको म्याद थप्ने वा नथप्नेबारे निर्णय लिइने बताउनुभयो। भुसालले यही आर्थिक वर्षभित्र करिब ६० प्रतिशत निजी आवास निर्माण भइसक्ने दाबी गर्नुभयो।

## लाङटाङ सद्भावनादूत सिलवाल सम्मानित




**नेपाल समाचारपत्र**
काठमाडौं

लाङटाङ सद्भावनादूत अशोक सिलवाल सम्मानित भएका छन्। नेपाल पर्यटन व्यवसायी संघ (निट)को आयोजनामा राजधानीमा सम्पन्न एक कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले सिलवाललाई २५ हजार रुपियाँ राशीसहित सम्मान प्रदान गरेका हुन्।

विनाशकारी भूकम्प र हिमपहिरोले मानवविहीन बनेको लाङटाङ क्षेत्रमा पहिलो पत्रकारका रूपमा पैदल मार्गबाट यात्रा गरी प्रकाशमा नआएको त्यहाँको मार्मिक अवस्थालाई ‘घर फर्किरहेका मान्छे’ र ‘वेकिङ एन्ड वाकिङ’ शीर्षकका दुई वृत्तचित्र निर्देशनका साथै आवश्यक सुझावसहितको मिहिन वस्तुस्थिति चित्रण गरिएको प्रतिवेदन र अनेकौं आलेखहरू सार्वजनिक गरी त्यस क्षेत्रप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय ध्यानाकर्षण गराउन विशेष योगदान पुऱ्याएको भन्दै लेखक तथा पत्रकार सिलवाललाई सो सम्मान गरिएको हो। यसअघि निटका प्रेस सल्लाहकारसमेत रहेका सिलवाललाई लाङटाङ म्यानेजमेन्ट एन्ड रिकन्स्ट्रक्सन कमिटीले लाङटाङ सद्भावना दूतको उपाधिसहित सम्मान गरेको थियो भने ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)ले पनि विशेष सम्मान गरेको थियो। पछिल्लो समय विश्वका अनेक देशका पर्यटकलाई लिएर नेपालका अनेक भूगोल यात्रा गर्दै गरेका सिलवालले तिनै अनुभवलाई आधार बनाएर कलम चलाइरहेका छन्।

## सासूविरुद्ध बुहारीको मुद्दा

**नेपाल समाचारपत्र**
काभ्रे

एक परिवारका सासू-बुहारीबीचको मुद्दाले बनेपामा चर्चा पाएको छ। सासूले अंश नदिने उद्देश्यले चलनचल्तीअनुसार ८ करोड पर्ने घरजग्गा ८० लाखमा बेचेको आरोप लगाउँदै बुहारीले लिखत बदर, मानाचामल र अंश मुद्दा हालेपछि बनेपामा यो घटनाले चर्चा पाएको हो।

बुहारी उर्मिला प्रधानले सासू हरिबधन प्रधानले बनेपाको चाँदनी चोकमा रहेको साढे पाँचतले घर र जग्गा जालसाजी गरी स्याङ्जा पुतलीबजार निवासि नपेन्द्र श्रेष्ठलाई ८० लाखमा विक्री गरेको भन्दै मुद्दा दायर गरेकी हुन्। हरिबधन प्रधानको १ छोरा र ५ छोरी छन्। जसमध्ये १ छोरीको विवाह गर्न बाँकी छ। छोरा बौद्धिक अपांगता भएको भन्दै बुहारी उर्मिलाले सासूले जालसाजी गरी घरजग्गा बेचेको भन्दै मुद्दा दायर गरेको बताइन्।

आफूलाई जेठ २० गते प्रहरी थुनामा राखी जेठ २८ गते उक्त घरजग्गा विक्री गरेको उर्मिलाले आरोप लगाएकी छन्। जिल्ला प्रहरी कार्यालय धुलिखेलबाट २६ दिनपछि आफू रिहा भएलगत्तै घरजग्गा विक्री गरेको आफूले थाहा पाएको उनले बताएकी छन्। उर्मिलाका १ छोरा र १ छोरी छन्। जसमध्ये पतिसहित छोरा सासूसँगै बसेको र ८ वर्षीया छोरी आफैसँग भएको उर्मिलाको भनाइ छ।

हरिबधन प्रधानका तर्फबाट अधिवक्ता सागर विष्टले मुद्दा हेरेका छन् भने उर्मिलाका तर्फबाट अधिवक्ता नवराज बडालले मुद्दा हेरेका छन्। मुद्दा जिल्ला अदालत धुलिखेलमा चलेको छ। घरजग्गा किन्नेले पनि चलाखी गर्दै आफू प्रहरी हिरासतबाट निस्केको थाहापाउँदा साथ उक्त घरजग्गा गरिमा बैंकमा २ लाख रुपियाँमा दृष्टि बन्धक गरेको उर्मिलाले बताइन्। आफू पीडित भएको भन्दै उर्मिलाले भनिन्- ‘म असारको १२ गते प्रहरी हिरासतबाट निस्किए त्यसको दुई-तीन दिनभित्रै घरजग्गा २ लाख रुपियाँमा बैंकमा दृष्टिबन्धक गरिसकेको रहेछ। आफूले असार १७/१८ गतेतिर मुद्दा हालेको उनको भनाइ थियो।

सासू हरिबधनको नाममा बनेपाको पुरानो बजारमा पनि १४ आना जग्गा र एउटा घर तथा बनेपामै १७ आना जग्गा रहेको बुहारी उर्मिलाले नेपाल समाचारपत्रलाई बताइन्। मुद्दा लम्बिँदै जाँदा दैनिक गुजारा गर्न आफूलाई गाह्रो भएको उनको भनाइ थियो। ‘चलनचल्तीअनुसार कम्तीमा ८ करोड रुपियाँ जाने घरजग्गा ८० लाखमा विक्री गरिएको छ र २ लाख रुपियाँमा बैंकमा राखेर रोक्का गरिएको छ’, उर्मिलाले भनिन्- ‘त्यसमाथि पनि मलाई विनागल्ती प्रहरी प्रशासन लगाएर जेलमा राखेर सबै कारोबार गरिएको छ।’



# अर्थ

{ कोटेश्वर-जडिबुटी भक्तपुर सडकमा अत्याधिक बढ्दो सडक जामलाई घटाउनका लागि कोटेश्वरको मुनिभैरव स्थानबाट जडिबुटी निस्कने गरि अर्को सुरुङमार्ग निर्माण हुने भएको छ।


**हिमाल स्टील आजको भाउ** — ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८२।५० | ७९।५० | ८२।५० | ८२।५० |
| सिमरा, बिरगंज, कलैया | ८०।९० | ७७।९० | ८०।९० | ८०।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।४५ | ८०।४५ | ८३।४५ | ८३।४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८१।६० | ७८।६० | ८१।६० | ८१।६० |
| पोखरा, स्याङ्जा | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com


# निगमले पुराना ट्वीनअटर विमान हटाउने



दीपेन्द्र थापा, काठमाडौं

नेपाल वायुसेवा निगमले चार नयाँ ट्वीनअटर विमान खरिद गर्ने भएको छ। निगमसँग हाल भएका ट्वीनअटर विमान चार दशकभन्दा पुरानो भइसकेकाले नयाँ ट्वीनअटर खरिद गर्न प्रक्रिया अगाडि बढाएको हो।

'हामीले ४०/४५ वर्षका ट्वीनअटर चलाइरहेका छौं, अब त्यसलाई विस्थापित गर्न चार वटा नयाँ ट्वीनअटर थप गर्ने योजना बनाएका छौं।' निगमका प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारले बताउनुभयो।

निगमले पुराना ट्वीनअटरलाई लिलाम गरेर नयाँ ट्वीनअटर ल्याउने तयारी गरेको हो। दुई/तीन वर्षमा सबै पुराना ट्वीनअटर विस्थापित गरी निगमले नयाँ ट्वीनअटर किन्नको लागि क्यानडाली कम्पनी भ्याकिङसँग प्रक्रिया अगाडि बढाएको प्रबन्ध निर्देशक कंसाकारले जानकारी दिनुभयो।

नेपाल समाचारपत्रसँग कुरा गर्दै कंसाकारले भन्नुभयो- 'तत्काल चार ट्वीनअटर विमान निर्माणको अडर गर्ने योजनामा छौं। अहिले कम्पनीसँग निगमले प्रारम्भिक छलफल गरिसकेको छ। विमान किन्नका लागि निगमलाई चाहिले करिब ३ अर्ब रुपियाँ सहुलियतमा ब्याजदरमा रकम खोज्ने काम भइरहेको छ।' विमान खरिद गरेर निगमले आन्तरिक उडानमा आफ्नो उपस्थिति बलियो बनाउने योजना रहेको उहाँले बताउनुभयो।

हाल निगमले आन्तरिक उडानमा कुलब जारको करिब ५ प्रतिशतमात्रै बजार समेट्न सकेको छ। नाफामुखीभन्दा सेवामुखी बन्नुपर्ने निगमको दायित्वको कारण निगमले आन्तरिक उडानबाट नाफा कमाउन नसकेको प्रबन्धक निर्देशक कंसाकारको भनाइ छ।

हाल निगमसँग चार दशक पुरानोसहित ३ ट्वीनअटर विमान रहेका छन्। दुई विमानले उडान भरिरहेका छन् भने एउटा ग्राउन्डेड अवस्थामा रहेको छ। निगमले १७ सिट क्षमतका दुई थान वाई-१२ ई विमानसमेत केही साताभित्रै थप गर्दैछ। चीनबाट ल्याइएको ६ वटा विमानमध्ये ४ वटा सञ्चालनमा रहेका छन्। सन् २०१४ मा चीनले एउटा एमए-६० र एउटा वाई-१२ ई विमान अनुदानमा दिएको थियो। जसमध्ये ५६ सिट क्षमताका एमए-६० दुई थान र वाई १२ ई दुई थान विमानले उडान भरिरहेका छन्। एमए -६० जहाजले तराई क्षेत्रमा र वाई १२ ई विमानले पहाडी क्षेत्रमा उडान भरिरहेको छ।

नेपाल एयरलाइसले हाल आन्तरिक उडान, अन्तर्राष्ट्रिय उडान र ग्राउन्ड हयान्डिलिङको काम गरिरहेको छ। नेपालमा विदेशी एयरलाइन्सको बजार ९० प्रतिशत रहँदा निगमको बजार १० प्रतिशतमा सीमित भएको छ।

अहिलेको बजारमा हामीले तीनवटा विमानमार्फत् अन्तर्राष्ट्रियतर्फका आठ गन्तव्यमा उडान भर्दै आएका छौं। तीनमा हङकङ, बैंकक, दिल्ली, दुबई, क्वालालम्पुर, दोहा, बैंग्लोर र मुम्बई रहेका छन्।

**निगमले ४०/४५ वर्षका ट्वीनअटर चलाइरहेको छ, त्यसलाई विस्थापित गर्न चार वटा नयाँ ट्वीनअटर थप गर्ने योजना बनाएको हो।**

निगमले २८ वर्षदेखि कुनै विमान खरिद गर्न नसक्दा विदेशी विमान कम्पनीले निरन्तर कमाई मात्र रहे तर निगम पछि परेको कंसाकारको भनाइ छ। निगमले पुँजी वृद्धिको लागि करिब २० अर्ब रुपियाँ सरकारसँग माग गरेको उहाँले जानकारी दिनुभयो।

आगामी जुलाईसम्ममा दुई वाइडवडी विमान आयात गर्ने निगमको योजना रहेको छ। यी विमान आएसँगै निगमले तीनवटा गन्तव्यमा उडान थप गर्नेछ। निगमले सिधा उडान साउदी अरेबियाको रियाद, जापानको ओसाका, दक्षिण कोरियाको सोलमा नयाँ गन्तव्य थप गर्ने छ। यसको लागि प्रवर्द्धनको काम तीनै ठाउँमा भइरहेको निगमले जनाएको छ।

## टेलिकमद्वारा सहयोग

काठमाडौं, (नेस)

नेपाल टेलिकमको १४औं वार्षिकोत्सवको उपलक्ष्यमा कम्पनीको सामाजिक उत्तरदायित्वअन्तर्गत शनबिार २४७औं हप्ताको बागमती सफाइ अभियानमा टेलिकम सहभागी भएको छ। सो अवसरमा कम्पनीले बागमती सफाइ महाअभियानमा प्रयोग हुने विभिन्न सामग्रीसमेत सम्बन्धित निकायलाई उपलब्ध गराएको छ।

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष नरेन्द्रराज बस्नेतलाई बागमती सफाइ कार्यमा प्रयोग हुने विभिन्न सामग्री हस्तान्तरण गर्नुभयो। सफाइ अभियानमा नियमित संलग्न हुने अभियन्ताका लागि १ सय जोर ट्र्याक सुट, ३ सय जोर गमबुट, ३ सय जोर ठूलो पञ्जा, ५० वटा फलामे सुइरो, ५० वटा थुन्से र ५ सय वटा भन्दा बढी मास्क हस्तान्तरण गरिएको थियो।

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले बागमतीका साथै नेपालका सम्पूर्ण नदी सफा गर्नुपर्ने आवश्यकतामा जोड दिँदै यस्ता कार्यमा कम्पनीले सधैं सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो। उहाँले फोहोरको स्रोत नै बन्द गर्नु राम्रो भएकाले यसतर्फ ध्यान दिन पनि सबैलाई आग्रह गर्नुभयो।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष नरेन्द्रराज बस्नेतले नेपाल टेलिकमले विगतदेखि नै बागमती सफाइमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै कम्पनीको प्रगतिको कामना गर्नुभयो। नेपाल टेलिकमले बागमती सफाइ अभियान शुरू भएको दोस्रो हप्तादेखि नै हरेक हप्ता समूहगत रूपमा आफ्ना ग्राहकलाई सफाइ अभियानमा संलग्न हुन कम्पनीको तर्फबाट एसएमएस प्रेषित गर्दै आएको छ। नेपाल टेलिकमको वार्षिकोत्सवकै सन्दर्भमा कर्मचारीहरूका बीच ५ किलोमिटर महिला तथा पुरुष दौड प्रतियोगिताको आयोजनासमेत गरिएको थियो। वार्षिकोत्सवको अवसरमा आयोजना गरिएका बुद्धिचाल, ब्याडमिन्टन, टेबुलटेनिस, हाजिरी जवाफलगायतका प्रतियोगिताहरू यस अघि नै सम्पन्न भइसकेका छन्। विजयी खेलाडीहरूलाई एक कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र अतिरिक्त क्रियाकलाप समितिका संयोजक तथा प्रमुख मानव संशाधन अधिकृत राजुबाबु अर्यालले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो।



## कोटेश्वर-जडिबुटी सुरुङमार्ग निर्माण हुने

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुर र काभ्रेको मुख्य नाकामा सुरुङ मार्ग निर्माण गरिने भएको छ। सम्बन्धित निकायका प्रतिनिधिसँग पटक-पटक भएको अनौपचारिक र नागरिक उड्डयान प्राधिकरणमा भएको छलफलपछि सुरुङमार्ग निर्माण गर्ने सहमति भएको हो।

कोटेश्वरबाट भक्तपुर, बनेपा, धुलिखेल हुँदै सिन्धुली जाने तथा काभ्रे, सिन्धुपाल्चोक हुँदै चीन जोड्ने तातोपानी नाकासम्म जाने एकमात्र सडक अरनिको राजमार्गमा दैनिक जाम बढेपछि यसलाई कम गर्न सुरुङमार्ग निर्माण गर्ने अवधारणा अगाडि सारेर शुरू गरेको छलफलले सार्थकता पाएको पूर्वमन्त्री महेश बस्नेतले बताउनुभयो। सडक विभागअन्तर्गत वैदेशिक विभागका उपनिर्देशक सञ्जय श्रेष्ठले बस्नेतले ल्याएको प्रस्तावमाथि पटक-पटक भएको छलफलपछि सुरुङमार्ग निर्माणको प्रक्रिया अगाडि बढाइएको बताउनुभयो।

उहाँका अनुसार जाइकाको ऋण सहयोगमा भक्तपुरको पलाँसेबाट साँगा निस्कने गरी करिब १ दशमलव ५ किलोमिटर सुरुङमार्ग निर्माण हुनेछ, सुरुङमा भेन्टिलेटर र प्रशस्तै बत्तिको व्यवस्था हुनेछ। २४सैं घण्टा उज्यालो देखिन्छ। यहाँ अक्सिजन सुरक्षित हुने र सीसी क्यामेरा जडान गरिएका हुनेछन्, आगलागी भएमा तत्कालै नियन्त्रण गर्न सकिने गरी व्यवस्थापन पनि हुनेछ।

सुरुङमार्ग निर्माणको लागि करिब ९५ प्रतिशित काम अगाडि बढिसकेको जानकारी दिँदै उपनिर्देशक श्रेष्ठले आगामी तीन वर्षभित्र निर्माण कार्य सम्पन्न गरेर यातायात संचालन गर्ने लक्ष्य रहेको बताउनुभयो। भक्तपुरको पलाँसेबाट प्रवेश गरेर काभ्रेको साँगा नासिकास्थानमा निस्कने गरी सुरुङ मार्ग निर्माण हुनेछ। यो सुरुङबाट एकैपटक चारवटा गाडी प्रवेश गर्नसक्नेछ।

यता कोटेश्वर-जडिबुटी भक्तपुर सडकमा अत्याधिक बढ्दो सडक जामलाई घटाउनका लागि कोटेश्वरको मुनिभैरव स्थानबाट जडिबुटी निस्कने गरि अर्को सुरुङमार्ग निर्माण हुने भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई कुनै बाधा नपर्ने गरी सुरुङ मार्ग निर्माण गर्न अध्ययन शुरू भएको उपनिर्देशक श्रेष्ठले बताउनुभयो। नागरिक उड्डयान प्राधिकरणका महानिर्देशक सञ्जिव गौतमले सुरुङमार्ग निर्माण गर्ने विषयमा प्राधिकरण सकारात्मक रहेको बताउँदै यसका लागि आवश्यक प्राविधिक सहयोग गर्न तयार रहेको बताउनुभयो।

उहाँले विमानस्थललाई कुनै पनि बाधा नपर्ने गरी सुरुङमार्ग निर्माण गर्न सकने बताउनुभयो। विमानस्थलको सर्वे लाइट, सुरक्षालाई कुनै बाधा नपर्ने गरी सुरुङमार्ग निर्माण गर्नु उपयुक्त रहेको उहाँको भनाइ थियो। कोटेश्वर धुलिखेल छ लेन सडक विस्तार आयोजनाका प्रमुख राकेश महर्जन र उपत्यका ट्राफिक प्रहरी महाशाखाका प्रमुख डीआईजी सर्वेन्द्रनाथ खनालले अहिलेकै सडक संरचनामा सवारी चापलाई व्यवस्थापन गर्न कठिन भइसकेको भन्दै सुरुङमार्ग अत्यावश्यक भएकाले यसलाई तत्काल अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

कोटेश्वर र साँगामा सुरुङमार्ग निर्माण गर्ने, जडिबुटीदेखि जगातीसम्म सातवटा मुख्य चोकमा व्यापारिक प्रयोजनसहितको आकाशे पुल राख्ने, आशापुरी महादेव जाने साँगाको बाटोबाट चित्तपोलको अग्लो कैलाशनाथ महादेवसम्म जान झोलुङे पुल निर्माण गर्ने, आशापुरीको पानीलाई अण्डरग्राउण्डको रूपमा ल्याएर चित्तपोलमा ड्याम बनाई डुंगा चलाउने, आशापुरीको पानीलाई शुद्धीकरण गरी वितरण गर्ने व्यवस्था मिलाउने गरी कार्ययोजना अगाडि बढाइएको छ।

## हवाई भाडामा वृद्धि

काठमाडौं, (नेस)

निजी क्षेत्रका आन्तरिक वायुसेवा कम्पनीले हवाई भाडा बढाएका छन्। सोमबारबाट लागू हुने गरी निजी वायुसेवा कम्पनीले हवाई भाडा बढाउने निर्णय गरेका हुन्।

बिहीबार मध्यरातबाट हवाई इन्धनको मूल्य प्रतिलिटर ५ रुपियाँ बढेसँगै वायुसेवा कम्पनीले सोही अनुपातमा हवाई भाडा बढाउने निर्णय गरेका हुन्।

हवाई इन्धनको मूल्य एक महिनामा प्रतिलिटर ८ रुपियाँले बढेको हो। वायुसेवा कम्पनीको छाता संगठन वायुसेवा सञ्चालक संघको बैठकले न्यूनतम् हवाई भाडा ७५ रुपियाँदेखि अधिकतम् ३ सय ५५ रुपियाँसम्म वृद्धि गर्ने निर्णय गरेको हो। कार्यान्वयनका लागि आइतबार नेपाल नागरिक उड्डयन प्राधिकरणमा सिफारिसपश्चात् अनुमोदन भएमा बढेको भाडादर कार्यान्वयन हुने भएको हो।

वायुसेवा कम्पनीले सिमराका लागि सबैभन्दा कम ७५ रुपियाँ र धनगढीका सबैभन्दा धेरै ३ सय ५५ रुपियाँ भाडा बढेको छ। काठमाडौंबाट माउन्टेन फ्लाइटमा २ सय ७५ रुपियाँ, काठमाडौंदेखि पोखरा यात्रामा १ सय २५ रुपियाँ र भैरहवा यात्रामा १ सय ६५ रुपियाँ बढेको छ।

त्यसैगरी नयाँ भाडाअनुसार यात्रुले काठमाडौंदेखि विराटनगरलाई १ सय ९० रुपियाँ, भक्तपुरलाई २ सय ४० रुपियाँ, भरतपुरलाई ८५ रुपियाँ, नेपालगन्जलाई २ सय ६० रुपियाँ जनकपुरलाई १ सय ५ रुपियाँ र तुम्लिङटारलाई १ सय ४५ रुपियाँ बढी तिर्नुपर्नेछ।

नयाँ भाडादरअनुसार काठमाडौंबाट सबैभन्दा नजिक हवाई दूरीमा रहेको सिमरा जान ३ हजार १ सय २५ रुपियाँ र टाढाको धनगढी जानका लागि १२ हजार ६ सय ७५ रुपियाँ तिर्नुपर्नेछ।

## के भन्छ नाडा?

काठमाडौं, (नेस)

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आफ्ना सदस्य प्रतिष्ठानको अनुसन्धानका क्रममा सजायका लागि प्रहरीलाई गरिएको आग्रहप्रति आपत्ति जनाएको छ।

एसोसिएसनले विज्ञप्ति जारी गर्दै आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागबाट नेपालका विभिन्न अटोमोबाइल कम्पनीको अनुगमनमा कालोबजारी ऐनबमोजिम बढी मुनाफा गरेको आरोपमा प्रहरीलाई लेखी पठाएको सम्बन्धमा ध्यानाकर्षण भएको जनाएको हो।

साथै नाडा एसोसिएसनले आफ्ना कुनै पनि सदस्यले मुनाफाकै कारणले कालोबजारी र ठगी नगरेको दावी गरेको छ।


श्रीराम सुगर मिल्स लिमिटेड
महम्मदपुर, गरुडा, रौतहटको

**तेइसौ वार्षिक साधारण सभाको सूचना**

श्रीराम सुगर मिल्स लिमिटेडको मिति २०७४।०९।२८ मा बसेको संचालक समितिको बैठकको निणंय अनुसार कम्पनीको तेइसौ वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान तथा समयमा देहायका विषयहरु उपर छलफल गनं बस्ने भएकोले सबै शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने स्थान, मिति र समय:**

मिति : २०७४/११/११ गते शुक्रबार
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।
समय : बिहान ११:०० बजे

**सभामा छलफल र निर्णयका लागि प्रस्तुत हुने विषयहरू:**

१. संचालक समितिले पेश गरेको आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आ.व.२०७३/०७४ को वासलात, सोही आ.व.को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
३. आ.व.२०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संचालकको निर्वाचन गर्ने ।
५. विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
**श्रीराम सुगर मिल्स लिमिटेड**


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ २१, फेब्रुअरी ४, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।२० | १०२।८० |
| युरो १ को रू. | १२७।७० | १२८।४५ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४५।३९ | १४६।२४ |
| स्विस फ्रन्क १ को रू. | १०९।९४ | ११०।५९ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।६४ | ८२।१२ |
| क्यानाडियन डलर १ को रू. | ८३।०९ | ८३।५७ |
| सिङ्गापुर डलर १ को रू. | ७७।७९ | ७८।२५ |
| जापानी यन १० को रू. | ९।३० | ९।३५ |
| चिनियाँ युआन १ को रू. | १६।२६ | १६।३५ |
| साउदी अरब रियाल १ को रू. | २७।२५ | २७।४१ |
| कतारी रियाल १ को रू. | २८।०६ | २८।२३ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२६ | ३।२८ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८२ | २७।९९ |
| मलसियन रिङ्गिट १ को रू. | २६।२९ | २६।४५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।४२ | ९।४८ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १३।०० |
| डेनिस क्रानर १ का रू. | १७।१६ |
| हङकङ डलर १ का रू. | १३।०७ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

२०७४, माघ
आइतबार
२१

नयाँ हावाइ भाडाअनुसार यात्रुले काठमाडौंदेखि विराटनगर लाई १ सय ९० रुपियाँ, भक्तपुरलाई २ सय ४० रुपियाँ, भरतपुरलाई ८५ रुपियाँ, नेपालगञ्जलाई २ सय ६० रुपियाँ जनकपुरलाई १ सय ५ रुपियाँ र तुम्लिङटारलाई १ सय ४५ रुपियाँ बढी तिर्नुपर्नेछ।

## अर्थ

# ‘चुनौतीलाई सम्बोधन गर्नसक्ने कानुन छैन’



**जयन्त चन्द**
आपूर्तिमन्त्री

मुलुकका अधिकांश सार्वजनिक संस्थान अहिले आर्थिक र प्रशासनिकरूपमा थला परेको अवस्थामा छन्। कर्मचारीतन्त्र, राजनीतिक नियुक्ति, आर्थिक अनियमिता जस्ता समस्याले गाँजिएका सार्वजनिक संस्थानको अवस्थालाई उकास्नु सरकारका लागि चुनौती बन्दै आएको छ। खुला बजार अर्थतन्त्र र आर्थिक उदारीकरणलाई अंगालेको मुलुकले निजी क्षैत्रको व्यावसायकि अभ्यासमाथि अंकुश लगाउनु हुन्न भन्ने विषय पनि बेलामौका सुनिँदै आएका छन्। सार्वजनिक संस्थानको वर्तमान स्थिति, आपूर्ति व्यवस्थापन र संघीय संरचनामा आपूर्ति नीतिका विषयमा आपूर्तिमन्त्री जयन्त चन्दसँग नेपाल समाचारपत्रका लागि हेमन्त जोशी र दीपेन्द्र थापाले गरेको कुराकानी :

**बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन, गुणस्तर कायम गर्न सार्वजनिक संस्थानले काम गरिरहेको भए पनि व्यापारिक र आर्थिक दृष्टिकोणले कुनै पनि संस्थानको अवस्था सन्तोषजनक देखिँदैन नि ?**

सार्वजनिक संस्थानलाई राजनीतिक दलका कार्यकर्ताको भर्तीकेन्द्र बनाइएको छ। सानोदेखि माथिल्लो पदसम्म योग्यता, क्षमता, विषयगत ज्ञान, पेशागत ज्ञानभन्दा पनि राजनीतिक रूपले आफ्ना नजिकका कार्यकर्तालाई भर्ना गरेर आर्थिक र व्यवस्थापकीय हिसाबले विगत लामो समयदेखि सार्वजनिक संस्थानलाई बर्बाद गर्ने काम भइरहेको छ। आर्थिक रूपमा स्वावलम्बी हुनपर्ने संस्थान धराशयी भएका छन्।

संस्थानमा व्यवस्थापनको पक्ष राम्रो हुन सकेको छैन। जसलाई संस्थानका जिम्मेवारी दिइयो तिनीहरू सक्षम र ‘प्रोफेसनल’ भएनन्। संस्थानको हित र राष्ट्रको हितलाई कहिल्यै पनि हेरिएन। व्यवस्थापकीय दक्षता भएका, सम्बन्धित क्षेत्रका विज्ञलाई जिम्मा दिने हो भने धेरै सार्वजनिक संस्थान ठिक ठाउँमा आउन सक्छन्। सम्भावना अझै पनि नभएको भने होइन।

**प्रशासनिक सुधारका लागि मन्त्रालयले के गरिरहेको छ भन्ने प्रश्न त तपाईंसँगै आउँछ नि ?**

सबै राजनीतिक दलका नेताले राज्य मातहतका निकायमा कार्यकर्ता नियुक्त गर्दा नै यस्तो दुर्गतिको अवस्था आएको हो भन्ने महशुस गर्नुपर्‍यो। ठूला राजनीतिक दलका नेताले यो कुरालाई मनन र आत्मसात गरेर दलको भन्दा राष्ट्रको हित ठूलो हो र जनताको हित ठूलो हो भन्ने बुझ्नु बुझाउनु जरुरी छ।

> मैले महशुस गरेको के हो भने अहिले बजार अनुगमनको जिम्मा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले पाएको छ। त्यसमा पनि ‘कम्पोजिट टिम’ले काम गरिरहेको छ। प्रहरी प्रशासन, स्वास्थ्य क्षेत्रका प्रतिनिधि, खाद्य संस्थानका प्रतिनिधि, उपभोक्ता हित संरक्षण मन्च, नागरिक अगुवा सबै हुन्छन्। बजार अनुगमनका लागि यस्तो समावेशी समूह बनाएर अनुगमन गर्नु आफैंमा चुनौतीपूर्ण छ, त्यसको परिणाम ल्याउन पनि गाह्रो छ।

देशलाई आर्थिक रूपले सक्षम र स्वावलम्वी र सम्पन्न बनाउनुपर्छ भन्ने कुरालाई भाषण गरेर मात्र त्यो प्राप्त हुँदैन। त्यसका लागि चाल्नुपर्ने कदम चालिनु पर्‍यो। खासगरी ठूला राजनीतिक दलका नेताहरूले आफ्नो पार्टी, आफ्नो हितमा र कार्यकर्ताका हितमा नभई मुलुकको हितका लागि त्यो कदम चालिनु जरुरी छ।

ठूला दलले सरकार बनाउँछन् र सरकारले नीति नियम, नियमावली बनाउँछ। सरकारमार्फत् कानुनमा आवश्यक सुधार ल्याउनु पर्‍यो। त्यो प्रक्रियागत रूपमा जाने त छँदैछ। तर, सबैभन्दा ठूलो कुरा नियत ठिक हुनुपर्‍यो।

**सबै संस्थान घाटामा चलिरहँदा राज्यलाई आर्थिक बोझ पनि थपिँदै जान्छ। केही समय अघि नेसनल ट्रेडिङ खारेजकै अवस्थामा पुग्यो। अरू संस्थानलाई यस्तो हविगतबाट बचाउन के-के सुधारको आवश्यकता देख्नुभएको छ र त्यसका लागि मन्त्रालयले के गरिरहेको छ ?**

हरेक क्षेत्रमा राजनीतिकरण गर्ने र त्यहाँ अराजकता मच्चाउने नेपाली संस्कारजस्तै बनिसकेको छ। आर्थिकदेखि लिएर हरेक किसिमको अराजकताको स्थिति पैदा गर्ने राजनीतिक दलमा लहर चलेको छ। सबैभन्दा पहिले त त्यो बन्द हुनुपर्‍यो। त्यसका लागि अब जनता पनि सचेत हुनु जरुरी छ। जनताले नै राजनीतिक दल र तिनका नेतालाई सजक, सचेत भएर नजिकबाट नियाल्नुपर्छ।

जनताबाट कसले के भनिरहेको छ र के गरिरहेको छ भन्ने कुराको लेखाजोखा राखिनु जरुरी छ। त्यही अनुसारको निर्णयको अधिकार पनि जनतालाई दिइनुपर्‍यो।

२०४६ साल अगाडि सरकार मातहतका उद्योग र सार्वजनिक संस्थान नाफामै चलिरहेका थिए। त्यो बेला प्रशासनिक अनुशासन थियो। राजनीतिक भर्ती हुँदैन थियो। समक्ष व्यक्तिले प्रशासनिक जिम्मेवारी पाउँथे। त्यो बेला यस्ता संस्थान नाफामा नभई त्यही अनुसार विस्तार पनि भइरहेका थिए। यसको उदाहरणका रूपमा हामी नेपाल वायुसेवा निगमलाई लिन सक्छौं। २०४६ साल अगाडि निगमसँग ४ वटा जेट प्लेन थिए।

बेलायत, फ्रान्सलगायत युरोप तथा अमेरिकी मुलुकमा हप्तामा २/३ पटक उडान हुन्थ्यो। जापान, मध्यपूर्वी मुलुक, दक्षिण एसियाका अधिकांश मुलुकमा सञ्जाल बिस्तार भइसकेको थियो। ५/६ वटा हवाइजहाज थिए। १४/१५ वटा हेलिकप्टर थिए। प्राय:जसो जिल्लामा तत्कालीन आरएनएसीले सहुलियत दरमा फ्लाइट चलाउँथ्यो। २४ सय बढी कर्मचारी थिए अहिले करिब आधामात्रै छन्। तर, पनि नाफामा चलिरहेको थियो। त्यसलाई हामीले एउटा कोशेढुंगा मान्ने हो भने आज हामी कहाँबाट कहाँ पुगी सक्नुपर्ने हो। तर, त्यसो भएन, हुनसकेन। यो उल्टो गतिमा चलिरहेको छ। किन भयो त यस्तो भनेर हामी सबैले सोच्नुपर्ने कुरा हो। यो त एउटा उदाहरणमात्र हो।

विभिन्न समयमा भएका परिवर्तन राम्रोको लागि भएको हुन्। सरकारी सम्पत्ति रित्याउन जनताले परिवर्तन ल्याएको होइन। पहिले औद्योगिक विकासमा पनि एक किसिमको सञ्जाल स्थापना भइसकेको थियो। नेपालभित्रै कपडा, सिमेन्ट, चिनी, खाद्यवस्तुको पर्याप्त मात्रामा उत्पादन सम्भव थियो। हेटौंडा कपडा उद्योग, चिनी उद्योग, काजग कारखाना, जुत्ता कारखाना यो वस्तुलाई नेसनल ट्रेडिङले सस्तो मूल्यमा जनतालाई बेच्ने गर्थ्यो। त्यतिमात्र होइन विदेशबाट गुणस्तरीय सामान सस्तो मूल्यमा आयात गरेर जनतालाई उपलब्ध गराउँथ्यो। ५/६ करोड रुपियाँ पुँजीबाट स्थापना भएको संस्थानको अहिले २५ अर्ब रुपियाँ बराबरको पुँजी पुगिसकेको थियो। तर, प्रशासनिक संयन्त्र चुस्त नहुँदा खारेजको अवस्थासम्म पुग्यो।

**नेपालले खुला अर्थतन्त्र र खुला बजार नीति अवलम्बन गरेका कारण सरकारले व्यापार व्यवसाय गर्न नहुने तथा निजी क्षेत्रलाई बढी दायित्व दिनुपर्ने भन्ने तर्क उठ्ने गरेको छ नि ?**

बाहिरी रूपमा एउटा बहाना के गरिन्छ भने खुला अर्थतन्त्र र बजार व्यवस्था आइसक्यो भनेर सार्वजनिक संस्थानलाई ‘एक्सक्युज’ गर्ने काम भयो। तर, यो झुटा बहाना हो। ठूलो-ठूलो अर्थतन्त्र भएका मुलुकमा सरकारले यस्ता व्यावसायिक फर्महरू स्थापना गरेका छन्। छिमेकी मुलुक भारतकै कुरा गर्ने हो भने पनि ठूला-ठूला व्यापारिक संस्थान, कम्पनी, सरकारको मातहतमा रहेका छन्।

नेपालको सन्दर्भमा पहिला संस्थानलाई डुबाउने काम भयो। र त्यसपछि सरकारले व्यापार गर्न हुन्न भन्ने खालको भ्रम फैलाएर निजी क्षेत्रले बोलबाला स्थापना गर्न लगाइयो।

**खाद्य सुरक्षा, स्वास्थ्यसम्बन्धी हक जस्ता मौलिक हकहरू संविधानले समेटेको छ। तर, निजी क्षेत्रको बोलबाला र मनोमानीप्रति सरकार मौनजस्तै छ। केही मात्रामा हुने अनुगमन पनि बजार केन्द्रित छ। बजार अनुगमनलाई प्रभावकारी बनाउन किन नसकिएको ?**

यसलाई मैले दुई किसिमले हेरिरहेको छु। पहिलो के भने समग्रमा अझै पनि कानुनी राज्यको अवधारणा स्थापित हुन सकेको छैन। हरेक क्षेत्रमा विकृति देखिइरहेको अवस्थामा हामीले एउटा मात्र सरकारी संस्थालाई ‘ट्र्याक’मा ल्याउन पनि सकिँदैन। एउटा दुई वटालाई मात्र चुस्त दुरुस्त बनाउँछु भनेर त्यो सम्भव छैन।

अर्को भनेको अनुगमनको विषयमा मैले महशुस गरेको के हो भने अहिले बजार अनुगमनको जिम्मा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले पाएको छ। त्यसमा पनि ‘कम्पोजिट टिम’ले काम गरिरहेको छ। प्रहरी प्रशासन, स्वास्थ्य क्षेत्रका प्रतिनिधि, खाद्य संस्थानका प्रतिनिधि, उपभोक्ता हित संरक्षण मन्च, नागरिक अगुवा सबै हुन्छन्। बजार अनुगमनका लागि यस्तो समावेशी समूह बनाएर अनुगमन गर्नु आफैंमा चुनौतीपूर्ण छ, त्यसको परिणाम ल्याउन पनि गाह्रो छ।

यस अर्थमा अनुगमन पनि एक द्वार प्रणालीबाट गरिनु आवश्यक छ। तर, हामी कहाँ एउटै कामका लागि धेरै ढोका र धेरै झ्यालमार्फत् भइरहेको छ। तेस्रो कुरा उपभोक्ता हित संरक्षण सम्बन्धी कानुन पनि प्रष्ट छैन, नियमहरू बनेका छन्। तर, बदलिँदो अवस्थामा नयाँ चुनौतीहरूलाई सम्बोधन गर्नसक्ने कानुन भएन। कानून स्पष्ट र प्रभावशाली हुनुपर्नेमा आजभन्दा एक दुई दशक अगाडिका कानुन अहिले प्रभावकारी नहुन सक्छन्। पैसामा उपभोक्तालाई ठग्नेसँगै मानव स्वास्थ्यलाई नकारात्मक प्रभाव पार्ने विषादीलगायतको मिसावटको अवस्था झन् विकराल छ। जुन सरासर अपराध हो। यही, कानुन पनि अहिलेको अवस्थाको चुनौतीलाई समाधान गर्न सक्ने खालको छैन। त्यसकारणले नयाँ ऐनका लागि मस्यौदा तयार भइरहेको छ। त्यसका लागि आफ्नै प्रक्रिया छ। ६ महिना एक वर्ष २ वर्ष जति पनि लाग्न सक्छ त्यो लागू हुनलाई।

जनशक्ति र आवश्यक स्रोत साधनको कमीले पनि अनुगमन प्रभावकारी हुन सकेको छैन। शहरमा मात्र होइन गाउँ-गाउँका पसलमा पनि उपभोक्ता पैसा र गुणस्तर दुवैमा ठगिएका छन्।

> अनुगमन ठूला घरानादेखि सामान्य किराना पसलसम्म पनि हुनुपर्छ। जहाँ गल्ती भेटिन्छ त्यहाँ कानुन अनुसार कारबाही हुन्छ। यसमा कुनै दुई मत छैन। विद्यमान कानुनको परिधिभित्र रहेर मुद्दाहरु अगाडि बढ्छन्।

एउटा संयन्त्रलाई तलदेखि माथिल्लो निकायसम्म लागू गर्न सकियो भने प्रत्येक जिल्लामा त्यसका लागि आवश्यक जनशक्ति परिचालन गर्न सक्ने हो भने प्रभावकारी हुनसक्छ। सोही अनुसारको आर्थिक स्रोत साधन पनि उपलब्ध हुनुपर्छ। संघीय व्यवस्थामा गइसकेपछि नयाँ मस्यौदा तयार भइरहेको नयाँ कानुनमा स्थानीय, प्रदेशगत र केन्द्र सरकार सबैलाई त्यसको अधिकारका लागि काम भइरहेको छ। अब अनुगमनको क्षेत्र विस्तारका लागि बाटो खुल्ने देखिएको छ।

**अनुगमनलाई रोक्न ठूला आर्थिक घराना र कर्पोरेट हाउसको दबाब आउने गरेको सुनिन्छ। केही समयअघि मात्र तपाईंलाई नै निजी क्षेत्रका प्रतिनिधिले भेटेर अनुगमन रोक्न दबाब दिएको भन्ने समाचार छ नि ?**

उहाँहरू मलाई पनि भेट्न आउनुभयो। त्यो दबाब नभई उहाँहरूले आफ्नो कुरा राख्न आउनुभएको हो। आफ्नो विचार राख्न पाउने सबैलाई अधिकार छ। तर, अनुगमन त ठूला घरानादेखि सामान्य किराना पसलसम्म पनि हुनुपर्छ। जहाँ गल्ती भेटिन्छ त्यहाँ कानुन अनुसार कारबाही हुन्छ। यसमा कुनै दुई मत छैन। विद्यमान कानुनको परिधिभित्र रहेर मुद्दाहरू अगाडि बढ्छन्।

**खाद्य संस्थानको हकमा पनि दुर्गम भेगमा समयमा खाद्यान्न पुर्‍याउन नसक्ने, डिपो र गोदाम विस्तारमा ढिलाइ गर्ने तथा विभिन्न प्रँकृतिक विपद्का बेला खाद्य सामग्री उपलब्ध गराउन नसक्ने जस्ता समस्या छन्। त्यसको सुधारका लागि केही काम भएको छ ?**

खाद्य संस्थानको स्थापना नै दुर्गम भेगका जनतालाई खाद्य सुरक्षा उपलब्ध गराउने उद्देश्य नै खाद्य संस्थानको स्थापना भएको हो। त्यही अनुसार उसले आफ्नो भूमिका निर्वाह पनि गरिरहेको छ। अर्को भनेको प्राकृतिक विपद्का बेला आपूर्तिका अरू ढोका बन्द हुँदा यसले काम गर्छ। विपत्तिका बेलमा विभिन्न अवरोधका कारणले कमी कमजोरी होलान। तर, समग्रमा संस्थानले त्यस्तो बेला पनि आफ्नो सेवा दिइरहेकै छ।

हामीलाई जिल्लाबाट खाद्यान्नको अभावका खवर आउँछन् र मन्त्रालयले तुरुन्तै त्यसमा के भएको हो बुझ्न निर्देशन दिने गरेका छौं। त्यसपछि निर्देशन कार्यान्वयन भए नभएको बारेमा पनि मन्त्रालयले अनुगमन गर्छ।

डिपो विस्तारका विषयमा मन्त्रालयमा आएपछि मैले थाहा पाएको एउटा समस्या भनेको यातायातको समस्याका सबैभन्दा विकराल छ। नेपालमा पर्यटक बढी आउने समयमा र मौसमको खराबीका कारण निजी क्षेत्रबाट सञ्चालित हवाई जहाजहरूको व्यस्तताका कारण ढुवानीमा बढी समस्या देखिन्छ। निजी क्षेत्रका हवाई जहाजका लागि टेन्टरमार्फत् जानुपर्छ जुन निकै लामो प्रक्रिया हो। धेरै ठाउँमा हामीले के पनि भेटेका छौं भने आवश्यकता नै नभएको ठाउँमा डिपोहरू सञ्चालन भइरहेका छन्। चाहिने ठाउँमा डिपो राख्ने र नचाहिने ठाउँका डिपो स्थानान्तरणको लागि मैले निर्देशन दिएको छु।

**अहिले पेट्रोलियम लाइन निर्माणको काम कसरी अगाडि बढिरहेको अवस्था छ, थप पाइपलाइन निर्माणको लागि पनि सरकारको केही योजना छ कि ?**

अहिले पाइपलाइन निर्माणले गति लिएको अवस्था छ। समग्रमा हेर्दा परियोजनाले औसत काम गरिरहेको अवस्था छ। यो परियोजना सफल भएपछि इन्धन ढुवानीमा नेपाल आयल निगमको दैनिक खर्च भइरहेको ठूलो रकम जोगिने छ। यसको लागि चाहिने पाइप हाल आयात भएर भण्डारणको काम भइरहेको छ। हालसम्म करिब १०/१२ किलोमिटर पाइपलाइन बिछ्याउनको लागि पुग्ने पाइप आयात भइसकेको छ। थप केही आउने क्रममा रहेको छ। आगामी दिनमा यसलाई विस्तार गर्दै लग्ने सरकारको योजना रहेको छ।

वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन अहिले वातावरण मन्त्रालय पुगेको छ। यसैसाता हामीले मूल्यांकनको काम चाँडो गर्नको लागि सम्बन्धित मन्त्रालयलाई अनुरोध गरिएको छ। प्रभाव मूल्यांकनको पत्र मन्त्रालयले पाएपछि परियोजनाले एक चरणको काम पूरा गर्छ। यो परियोजनालाई समयअनुसार विस्तार गर्दै लैजानुपर्ने देखिएको छ। जसले गर्दा निगमको ढुवानीमा खर्च हुँदै आएको करोडौं रुपियाँ बचत गर्न मद्दत पुग्ने छ।

**इन्धन भण्डारणको लागि के कस्तो काम भइरहेको छ ?**

बढ्दो मागलाई सम्बोधन गर्नको लागि निगमको भण्डारण क्षमता विस्तार गर्नैपर्नेछ। तीन महिनाको मागलाई धान्ने गरी सरकारले भण्डार विस्तार गर्दैछ। सुरक्षित इन्धनको मौज्दात बढाउनको लागि पनि सरकार समक्ष भण्डार क्षमता विस्तार गर्नुपर्ने दायित्व रहेको छ। इन्धनमा हामी आत्मनिर्भर नभए पनि सुरक्षित हौं भन्नको लागि सरकारले भण्डारण बढाउन लागेको हो। अहिले सातवटै प्रदेशमा भण्डारण क्षमता बढाउने तयारी छ। कुल साढे ५ लाख किलोलिटर कुल मौज्दात क्षमता विस्तार गर्न तयारी गरिरहेको हो।

भण्डारणलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको छ। यसका लागि सबै पक्षसँग सहकार्यमा काम गर्दै आएको छु। इन्धन मूल्यलाई अन्तर्राष्ट्रिय स्वचालित मूल्यसूचीअनुसार नै परिवर्तन गर्दै लगेर निगमको घाटा कम गर्दै लैजानुपर्छ भन्ने मेरो बुझाइ छ। निगमको अर्बौं पुगेको घाटा अब विस्तारै कम हुँदै आएको छ। भारत र नेपालबीचको इन्धनको मूल्यमा धेरै फरक भएकाले पनि नेपालबाट भारत इन्धन भारततिर गइरहेको छ। यसलाई नियन्त्रण गर्नुपर्ने ठूलो दायित्व सरकारमाथि रहेको छ। कसरी नियन्त्रण गर्न सकिन्छ भनेर सरकारले छलफल गरिरहेको अवस्था छ।

**तेस्रो मुलुकबाट इन्धन आयातको लागि सरकारले कही पहल गरेको छ ?**

चीनबाट नेपालले इन्धन ल्याउन सक्छ। यसको लागि केही चुनौतीहरू छन्। सन २०२२ सम्ममा सिगात्सेबाट केरुङसम्म रेल बिस्तार गर्ने चीनको योजना छ। चीनको रेलमार्गले नेपाललाई छुँदा हाम्रो लागि इन्धनलगायत अन्य वस्तुको आयात र द्विपक्षीय व्यापारमा सहज हुन्छ।

**अन्त्यमा यहाँले केही भन्न खोज्नुभएको थियो कि ?**

देश संघीय व्यवस्थामा गइसक्को छ। संघीय प्रणालीमा चुनौती र अवसर दुवै छन्। यसलाई हामी सबैले सही रूपमा सदुपयोग गरौं भन्ने मेरो आग्रह छ। केन्द्रिकृत अधिकारलाई स्थानीय तहसम्म प्रत्यायोजन गरेका छौं। कतिपय ठाउँबाट बजेट वितरणमा पार्टीगत तवरमा निर्णय गरियो भनेर गुनासो आएको छ। यसरी जनतालाई काखा र पाखा नगर्न अनुरोध गर्दछु। निर्वाचनमा पार्टीगत हुनु स्वभाविक हो। तर, अब यसलाई बिर्सेर नेपाली र नेपालको हितको लागि काम गरौं। स्रोत साधनको वितरणमा दलीय राजनीति भयो भने संघीयता नै हाम्रो लागि अभिश्राप हुन सक्छ। हामी सांगठनिक ढाँचामा प्रवेश गरिसकेका छौं। अब कार्यगत तवरमा मात्र प्रयोगमा बाँकी रहेको अवस्था छ। जनता नै सर्वोपरि भएकाले जनमुखी निर्णय गर्न आगामी सरकारलाई सचेत गराउनुपर्छ। जुन जनताको दायित्व हो। जनता सरकारका हरेक काममा विशेष रूपमा सजक र सचेत भएर बस्नुपर्छ।

# आठ वर्षपछि पुलिसलाई आहाको उपाधि




धन बस्नेत, पोखरा

बैकल्पिक खेलाडीको गोलमा आठ वर्षपछि नेपाल पुलिस क्लबले आहा रारा गोल्डकपको उपाधि उचाल्दा रुस्लान थ्री स्टार क्लबको दोस्रो उपाधि जित्ने धोको पुरा हुन पाएन।

शनिबार भएको फाइनल खेलमा ९० मिनेटको समय विना गोल मै टुंगिएको थियो। १ सय २ मिनेटमा राम वाजीले गोल गर्दै पुलिसले आहाको १६ औं संस्करणमा उपाधि हात पाऱ्यो। पाँचौ पटक आहा राराको उपाधि उचाल्न निर्णायक गोल गरेका वाजी अभिषेक रिजालको स्थानमा ८३ औं मिनेटमा मैदान आएका थिए।

अफ्रिकन खेलाडी अजाई मार्टिनले क्लियर गर्न नसकेको बललाई निरकुमार राईले दिएको व्याकपासमा म्यान अफ दि म्याच वाजीले डिबक्सभित्रबाट सेकेण्डबारमा हानेको भली गोल भएको थियो। यो गोल नै पुलिसले ७ लाख १ हजार रुपियाँ प्राप्त गर्न पनि सहयोग बन्यो। उता दुई अफ्रिकन खेलाडीलाई मैदानमा उतारेपनि थ्री स्टारलाई पुलिसका युवा खेलाडीले हरेक प्रयासलाई विफल बनाईरहे। त्यसमा पनि डिफेन्स लाईनलाई भने थ्री स्टारका खेलाडीले चिर्न सकेनन्।

१५ कर्नर किकको अवसर थ्री स्टारलाई जुऱ्यो। तर डिफेन्सले क्लियर गरिदिए। रेफ्रीले अन्तिम सिटी फुक्नु अघि अन्तिम कर्नर बललाई थ्री स्टारका गोलकिपर एलन न्यौपानेले गरेको हेडिङ फष्टबार नजिकैबाट आउट भएपछि पुलिसले राहतको श्वास फेऱ्यो। यसले थ्री स्टारलाई उपाधिको लागि अर्को वर्षको सस्करणमा सहभागि हुनुपर्ने बाध्यता थपियो।

इहटरी गोल्डकप उचालेर मनोबल बढेपनि पुलिसलाई पन्छाउन नसक्दा थ्रीस्टारले लगातार दोस्रो उपाधि जित्ने धोको पुरा हुन सकेन। टोलीले ३ लाख ५१ हजार रुपियाँमै चित्त बुझाउनु परेको छ। यो थ्रीस्टारको आहाको फाइनलमा पुलिससँग पहिलो भेट पनि थियो।




| हिरो ड्यास स्कुटर | |
|---|---|
| उत्कृष्ट खेलाडी | रवि पासवान (पुलिस ) |
| **२५ हजार** | |
| सर्वाधिक गोलकर्ता | सुमन लामा (पुलिस) र विश्वास श्रेष्ठ (थ्री स्टार) |
| **१५ हजार** | |
| डिफेन्स | अजित भण्डारी( पुलिस ) |
| गोलकिपर | शत्रुघन चौधरी( पुलिस ) |
| मिडफिल्डर | सुनिल बल(थ्री स्टार) |
| प्रशिक्षक | अनन्त थापा (पुलिस) |




## धरहरा

### के भन्ने होला ?



प्रदेश र केन्द्रको निर्वाचन तयारी भइरहेका बेला खुसुक्क चुनावी साँठगाँठको साइनो सार्वजनिक गरे एमाले र माओवादीले। चुनावी तालेमल सोही अनुसार भयो, उत्साह जनक चुनावी परिणाम उनैले प्राप्त गरे। नयाँ सरकार गठन गर्न मात्र होइन, आगामी दिनमा दुवै दल एक हुने भनिएपछि चुनावी परिणाम उतै ढल्किएको भन्ने चर्चा अझै सेलाएको छैन।

तर दुई दल अझै एक हुन सकेका छैनन्। प्रदेशका सभामुख, मन्त्री र अरु के-के पद भागबन्डामा यी दल जुटेको देख्दा दल मिलाउन गठन भएको कार्यदल देखाउने दाँत मात्रै हो कि भन्ने धरहरालाई लाग्न थाल्या छ। प्राय हरेक दिन ओली र प्रचण्डको भेटवार्ता हुन्छ, कार्यदल पनि बैठकमा जुटिरहन्छ तर खै के, खै के....।

अहिले दक्षिणका विशेष दूत आएर ओलीलाई भेटघाट गरेपछि अब यी दुई दल मिल्ने कुरामा धरहरालाई निकै शंका लाग्न थाल्या छ। भेटघाट त प्रचण्डसँग पनि नभएको होइन, तर दूतसँगको विशेष हिमचिम ओलीसँग रह्यो। दूत उनै ओलीको निमन्त्रणामा आएको भनिएको छ।

त्यसैले दुई बाम दल मिल्नु भन्दा अघि नै ओली र मोदी पो मिल्छन् कि भन्ने शंका धरहरालाई मात्रै होइन, धेरैलाई लाग्या छ। यदि त्यस्तो भयो भने कार्यगत एकतामा मात्रै बामदल सीमित हुने हुन् कि ? त्यस्तो भयो भने मतदातालाई चाहिँ के भनेर रिझाउने होला ?

# मल्पीलाई चौथो पटक एस कप

काठमाडौं, (नेस)



मल्पी इन्स्टिच्युटले सातौं एस अन्तर ए लेभल कलेजस्तरीय छात्र बास्केटबल प्रतियोगिताको उपाधिमाथि चौथो पटक लगातार आधिपत्य जमाएको छ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा शनिबार भएको फाइनल खेलमा मल्पीले द ब्रिटिस मोडेल कलेजलाई ७९-४४ ले पराजित गरेको हो। टोलीको जितमा मल्पीको जितमा शानदार प्रदर्शन गर्दै प्रसंगध्वज मास्केलले सर्वाधिक ३७ अंक योगदान गरे।

पहिलो क्वाटरमा २१-१० को अग्रता लिएको मल्पीले अन्तिमसम्म अग्रतालाई कायम राख्दै जित अन्तरलाई फराकिलो बनाउदै लगेको थियो। मल्पी दोश्रोमा १९-६, तेश्रोमा २०-१३ र चौथोमा १९-१५ ले अगाडि रहेको थियो। एसद्वारा आयोजित प्रतियोगितामा मल्पीकै प्रसंग 'मोस्ट भेलुएबल प्लेयर' चुनिए। ब्रिटिसका जोएल घले उदीयमान खेलाडी घोषित भए।

# संस्थापक तामाङ सम्मानित



काठमाडौं, (नेस)

मानसिंह डोजोको आयोजनामा वादोकाईको टेक्निकल सेमिनार शनिबार सम्पन्न भएको छ। एकदिने सेमिनारमा ७० ब्ल्याक वेल्ट खेलाडीको सहभागिता रहेको मानसिंह डोजोका प्रमुख प्रशिक्षक महेश महर्जनले जनाएका छन्। सेमिनारको समापन अवसरमा वादोकाइका संस्थापक मानबहादुर तामाङ र वादोकाइका प्राविधिक निर्देशक होमबहादुर लामालाई सम्मान गरिएको थियो।

# उमा कुङफुको रेफ्री सेमिनार

काठमाडौं, (नेस)

नेपाल उमा कुङफु संघको आयोजनामा राष्ट्रिय रेफ्री सेमिनार शनिबार बसुन्धारामा सम्पन्न भएको छ। सेमिनारमा उपत्यकासहित नुवाकोट, रसुवा, सोलखुम्बु, सिन्धुपाल्चोक, काभ्रे र धादिङका २१ खेलाडीको सहभागिता रहेको संयोजक रमेश महर्जनले जनाएका छन्।

एकदिने सेमिनार आईकेएफ डेपुटी चेयरम्यान, उमा कुङफु संघका सचिव एवं अन्तर्राष्ट्रिय निर्णायक सिद्धार्थ लामा, उमा कुङफु संघका सदस्य एवं अन्तर्राष्ट्रिय निर्णायक सन्जित राई तथा सिनियर खेलाडी एवं रेफ्री भूपेन्द्र गुरुङले सञ्चालन गरेका थिए। सेमिनार माघ ५ गतेदेखि नेपालटारमा हुने राष्ट्रिय खुला उमा कुङफु च्याम्पियनसिपलाई मध्यनजर गरी आयोजना गरिएको हो।

# ब्याडमिन्टन टोली मलेसियातर्फ

काठमाडौं, (नेस)

एसियाली ब्याडमिन्टन टिम च्याम्पियनसिपमा सहभागी हुन ४ पुरुष खेलाडीसहित ६ सदस्यीय नेपाली टोली शनिबार मलेसियाको केदाह प्रस्थान गरेको छ।

फेब्रुअरी ६ देखि १० तारिखसम्म हुने प्रतियोगितामा रत्नजित तामाङ, दीपेश धामी, साजनकृष्ण ताम्राकार र विकास श्रेष्ठले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। नेपाल ब्याडमिन्टन संघका सचिव नवीन शाहका अनुसार प्रतियोगितामा १६ राष्ट्रको सहभागिता रहेको छ। सहभागी राष्ट्रलाई ४ समूहमा विजभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ। नेपाल रहेको समूह 'बी' दक्षिण कोरिया, जापान र काजकिस्तान छन्। टिम इभेन्टमा ३ सिंगल्स र २ डबल्समा खेल हुनेछ।

टिम व्यवस्थापकमा ब्याडमिन्टन संघका सदस्य हिमाल शाह तथा प्रशिक्षकमा ब्याडमिन्टन मुख्य प्रशिक्षक सुदीप योञ्जन रहेका छन्।

# जितेन स्मृति बास्केटबल मंगलबारदेखि

काठमाडौं, (नेस)

नितेन मेमोरिय स्कुल (निम्स) को आयोजनामा सातौं जितेन ठकुरी स्मृति अन्तरविद्यालय बास्केटबल प्रतियोगिता मंगलबारदेखि हुने भएको छ।

प्रतियोगितामा ब्वाइज र गर्ल्समा समान ८-८ गरी १६ टिमको सहभागिता रहने आयोजक स्कुलका प्रिन्सिपल ज्ञानेन्द्र कार्कीले शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। ब्वाइज र गर्ल्स दुवैमा सहभागी टिमलाई २ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ।

साताव्यापी प्रतियोगिता सञ्चालन गर्न करिब १ लाख ५० हजार खर्च हुने आयोजकले जनाएको छ। ब्वाइज र गर्ल्स दुवैमा आयोजक निम्स डिफेन्डिङ च्याम्पियन हुन्। खेलहरू टोखास्थित आयोजककै कोर्टमा हुनेछ।

# एपीएफले जित्यो महिला भलिबलको उपाधि

काठमाडौं, (नेस)




विभागीय टोली नेपाल एपीएफ क्लबले १३औं रेडबुल ढोरपाटन युएम महिला डबल लिग भलिबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ।

एपीएफले नयाँ बसपार्कस्थित ढोरपाटन भलिबल क्लबको कोर्टमा चिर परिचित प्रतिद्वन्द्वी शिवम् न्यु डायमन्ड एकेडेमीलाई हराउन त्यति मेहनत गर्नु परेन। एपीएफले लिग चरणको अन्तिम खेलमा न्यु डायमन्डलाई २५-१६, २५-१७, २५-१२ ले हराएको हो। यो नतिजासँगैं विजेता टोलीले ३ लाख २५ हजार र उपविजेताले १ लाख ७० हजार नगद पुरस्कार प्राप्त गरे।

अन्तिम खेल हुन अगाडि एपीएफ र न्यु डायमन्डबीच एक अंकको भिन्नता थियो। एपीएफले लगातार दुई सेट जितेपछि नै न्यु डायमन्डको उपाधि जित्ने आशा तुहिएको थियो। एपीएफले १७ खेलबाट ५० अंक जोड्दा न्यु डायमन्ड ४६ अंकमै रोकियो।

प्रतियोगितामा न्यु डायमण्डका लिब्रो सलिना श्रेष्ठ लिब्रो र लिफ्टर कृपा अधिकारी, एपीएफका ब्लकर रेश्मा भण्डारी र प्रशिक्षक ज्ञानेन्द्र विष्ट, पुलिसकी क्वीकर कोपिला राना क्वीकर तथा टप्सकी सर्भर अरुणा शाही आ-आफना विधामा उत्कृष्ट भए। उनीहरू सबैले समान ५ हजार रुपियाँ पाएका छन्।

| युएम पावरम्याक्स स्कुटर प्राप्त गर्नेहरू | |
|---|---|
| उदियमान खेलाडी | शर्मिला नेपाली (श्रीगाँउ खेलकुद विकास समिति दाङ) |
| प्लेयर अफ दि सिरिज | निरुता ठगुन्ना (आर्मी ) |
| प्लेयर अफ दि इयर | सरस्वती चौधरी (एपीएफ) |
| उत्कृष्ट खेलाडी | प्रतिभा माली ( न्यु डायमण्ड) |
| उत्कृष्ट दर्शक | राजकुमार घताने (पोखरा) |

# अस्ट्रेलियालाई हराएर भारत च्याम्पियन




मनजोत काल्रा ब्याटिङ गर्दै

नयाँ दिल्ली, (एजेन्सी)

भारतले न्युजिल्यान्डको ओभल मैदानमा अस्ट्रेलियालाई ८ विकेटले हराएर आईसीसी यु १९ विश्वकप उपाधि सहजै हात पारेको छ।

शनिबार भएको फाइनल खेलमा अस्ट्रेलियाले दिएको २ सय १७ रनको लक्ष्य भारतले मात्र २ विकेट गुमाएर ३८.५ ओभरमै भेटाएको हो। भारतको तर्फबाट मनजोत काल्राले नटआउट हुँदै सतक बनाएका थिए। उनले १ सय २ बलमा १ सय १ रन जोडर भारतलाई उपाधि दिलाए। उनले तीन अर्धसतकीय साझेदारी गर्ने क्रममा पहिलो विकेटका लागि कप्तान पृथ्वी शा (२९ रन) सँग ७७ रनको साझेदारी गरे।

त्यस्तै शुभमान गिलसँग काल्राले ६१ रनको साझेदारी गरे। प्लेयर अफ द सिरिज बनेका शुभमान व्यक्तिगत ३१ रनमा आउट भएका थिए। यतिबेलासम्म भारतलाई जित्न ८६ रन मात्रै आवश्यक थियो। तेस्रो विकेटका लागि काल्रा र हार्भिक देसाईले ८९ रनको साझेदारी गरेपछि भारतले उपाधि जित्यो। हार्भिक ४७ रनमा नटआउट रहेका थिए। म्यान अफ द म्याच घोषित काल्राले ८ चौका र तीन छक्का प्रहार गरेका थिए।

यसअघि अस्ट्रेलियाले ४७.२ ओभरमा ७ विकेटको क्षतिमा २ सय १६ रन बनाएको थियो। जसमा जोनाथन मेर्लोले सर्वाधिक ७६ रन जोडे भने परम उपुलले ३४ रनको योगदान दिएका थिए। अन्य भने भारतीय बलर सामु निरिह साबित भएका थिए। भारतीय बलरमा शिब सिंह, कमलेस नगरकोटी, इसान पोरेल र अनुकुल रायले २-२ विकेट लिएका थिए।

भारत यु १९ विश्व कप ट्रफी चौथो पटक जित्ने पहिलो टोली बनेको छ। भारतले यसअघि मोहम्मद कैफको कप्तानीमा २००२ मा, विराट कोहलीको कप्तानीमा २००८ मा र उन्मुक्त चन्दको कप्तानीमा २०१२ मा उपाधि जितेको थियो। भारतपछि अस्ट्रेलियाले तीन पटक उपाधि जितेको छ। अस्ट्रेलियाले १९८८, २००२ र २०१० मा यो उपाधि जितेको थियो।

यो प्रतियोगिताको फाइनलमा अस्ट्रेलियालाई हराउनेमा भारत एक्लो टोली हो। भारत र अस्ट्रेलियाबीच दुई पटक यु १९ विश्व कप उपाधि भिडन्तमा भेट भएका छन्। दुई पटक नै भारतले कंगारुलाई हराएर उपाधि आफनो नाममा लेखाएको छ। यो वर्षमा जित्न अगाडि २०१२ यु १९ विश्वकपमा पनि भारतले नै जितेको थियो।

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले च्याम्पियन भारतीय टोलीलाई नगद पुरस्कारको घोषणा समेत गरेको छ। प्रशिक्षक राहुल द्रविडलाई ५० लाख भारु दिइनेछ भने खेलाडीलाई ३०-३० लाख पुरस्कार दिने घोषणा गरेको हो। सपोर्ट स्टाफको हरेक सदस्यलाई पनि पुरस्कार दिने बीसीसीआईले घोषणा गरेको छ। प्रत्येक सदस्यलाई २० लाख नगद दिइनेछ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ